# प्रतिवेदन




**प्रस्तुत कर्ता :**

**गैरआवासीय नेपाली संघ सचिवालय तथा नेपाल आर्थिक पत्रकार समाज (सेजन)**
**काठमाडौं, नेपाल**

**मितिः २०७०/०८/०५**

# विषयसूची

**बिषयः** **पेज नं.**


१. आवारण पृष्ठ ........................................................................................ i
२. विषयसूची ........................................................................................ १
३. सौजन्यकर्ताहरुको विवरण ........................................................................ २
४. छैटौं विश्व सम्मेलनको घोषण पत्र ............................................................. ३
५. पृष्ठभूमी ........................................................................ .................... ५
६. चक्रज्योती माध्यामिक विद्यालयमा निःशुल्क स्वास्थ शिविर............ .................... ५
७. एनआरएनद्वारा ह्वीलचेयर तथा नगद सहयोग................................................ ६
८. नेपालको आर्थिक कूटनीति प्रभावकारी परिचालनमा एनआरएनको भूमिका अन्तकृया... ७
९. अन्तर्राष्ट्रिय नेपाली साहित्य संगोष्ठी ........................................................ ९
१०. गैरआवासीय नेपाली दिवस........................................................................ १३
११. साईकल र्‍याली................................................................................ १४
१२. बागमति सफाई.................................................................................... १४
१३. चिकित्सक चित्र प्रसाद वाग्लेलाई सहयोग.................................................... १५
१४. एनआरएनए फुटसल............................................................................ १६
१५. नेपाली उत्पादनको प्रवर्द्धन विषयक अन्तर्कृया............................................... १७
१६. एनआरएनद्वारा ह्वीलचेयर प्रदान.................................................................. १९
१७. पत्रकार सम्मेलन.................................................................................. १९
१८. महिला अधिकार र चुनौती विषयक अन्तर्कुया......................... .................... २१
१९. प्रजेक्ट च्याम्पियन सम्वन्धि अन्तरक्रिया................................. ..................... २२
२०. नेपाली युवा, नयां नेपालको गर्व विषयक अन्तर्कृया......................................... २४
२१. वैदेशिक रोजगार सम्बन्धी छलफल............................................................ २६
२२. अन्तर्राष्ट्रिय महाधिवेशन.......................................................................... २८
२३. गैरआवासीय नेपाली विश्व सम्मेलन, उद्घाटन शत्र........................................ ३०
२४. Looking at Potential and Emerging Trends of Investment in Nepal……………………….. ३४
२५. NRNs and The Nepal Government: One Decade of Cooperation & Beyond…………….. ३६
२६. Public/Private Partnership for Safe & Dignified Foreign Employment …………………….. ३८
२७. Social and Philanthropics Inftiative …………………………………………………………. ३९
२८. Economic Agenda for Prosperous Nepal………………………………………………….. ४१
२९. Presentation By Sponsors………………………………………………………………….. ४३
३०. Workshop Briefing………………………………………………………………………….. ४४
३१. Honoring and Feliciataion…………………………………………………………………. ४५
३२. Oath Taking Ceremony…………………………………………………………………….. ४६
३३. समापन शत्र........................................................................................ ४७
३४. माननीय गृह तथा परराष्ट्र मन्त्रीद्वारा रात्रि भोजको आयोजना............................ ४८
३५. मैत्रिपूर्ण त्रिकेट प्रत्योगिता........................................................................ ४९
३६. अर्थमन्त्रीसंग अन्तर्कृया कार्यक्रम............................................................... ४९
३७. संघका पदाधिकारी र नेपाल सरकारका सचिवहरु बीच परिचयात्मक कार्यक्रम....... ५४


**अनुसूचीहरुः**


१. छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन उच्च स्तरीय आयोजक समिति ........................ ५६
२. गैरआवासीय नेपाली संघ आयोजक समिति....................................... ५७
३. विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यक्रम तालिका...................... ६२
४. विश्व सम्मेलनकाप्रतिनिधिहरु...................... ६९
५. नेपाल सरकारद्वारा संशोधन गरिएको संघको विधानको दफा...................... ७१
६. नयां कार्यसमितिको सूची.................................................... ७१
७. नेपाल सरकारका प्रमुखहरुका साथ साथै विशिष्टि व्यक्तिहरुको मन्तव्यहरु.................................. ७३
८. विश्वसम्मेलनको आय व्यय विवरण.................................................... ९८

सौजन्यकर्ताहरुः

# Event Partners

Sanima Bank
सबल अनि विश्वसनीय

KANTIPUR MEDIA GROUP

IMPERIAL DEVELOPERS

NPBCL
नेपाल पुर्वाधार विकास कम्पनी लिमिटेड

Best Remit
quick & easy

# Platinum Partners

MELBOURNE INSTITUTE OF TECHNOLOGY

TBi GROUP
partner in every step

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
Service with a personal touch...

# Silver Partners

Kumar Panta
R.C. - Europe
NRNA - ICC

Kul Acharya
IPP
NRNA NCC - UK

Prabhu Money Transfer
Prabhu Management

# Supporters

4 NATIONS INTERNATIONAL
Pioneer in Education & Migration Services

Sathi

mayur

NRN MYANMAR

NRN CHINA

NRN QATAR

NRN RUSSIA

NRN CANADA

NRN KOREA(SOUTH)

NRN AUSTRALIA

NRN MALAYASIA

NRN JAPAN

sayapatri

Sonam Lama
Member, USA
NRNA - ICC

NRN HONGKONG

NRN GERMANY

Nepal Global Services

Subinprara Infotech Inc.
New York, USA

RightWAY
Create success. Together

Narendra B. Bhat
R.C. - Middle East
NRNA-ICC

Investment Limited
Kathmandu, Nepal

CITY EXPRESS

commerz and Trust Bank Nepal Ltd.

# छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन
# काठमाडौं घोषणपत्र
# २०१३

नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ तथा गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा छैटौं अन्तर्राष्ट्रिय महाधिवेशन तथा गैरआवासीय नेपाली विश्व सम्मेलन कातिर्क २-५ (अक्टोवर १९-२२) मा काठमाडौंमा सम्पन्न भयो । ५० देशका १०५० भन्दा बढि प्रतिनिधिहरुको उपसर्थितिमा "गैरआवासीय नेपाली र नेपालः समृद्धिका साझेदार" भन्ने नाराका साथ सम्पन्न सम्मेलनमा सम्माननीय राष्ट्रपति, अन्तरिम मन्त्री परिषदका सम्माननीय अध्यक्ष, माननीय परराष्ट्र मन्त्री तथा मन्त्रीज्यूहरु, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्तित्वहरु तथा गैरआवासीय नेपाली अभियन्ताहरुद्वारा अभिव्यक्त विचार र धारणाहरुलाई समावेश गर्दै काठमाडौं घोषणा पत्र २०१३ जारी गरिन्छ ।

१. संविधानसभाको निर्वाचन निर्धारित मितिमा शान्तिपूर्ण रुपमा सम्पन्न गरी समृद्ध नेपालको निर्माण गर्न सक्ने तथा विश्वव्यापी रुपमा स्वीकार गरिएको लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसाथ गर्ने संविधान निर्माण गर्न सबै राजनैतिक दलहरुलाई आव्हान गर्दछौं । विदेशमा बस्ने नेपालीहरुलाई संविधानसभाको निर्वाचनमा सहभागी हुने अवसर पुरा हुन नसके पनि यस पछिका सबै राष्ट्रिय निर्वाचनहरुमा विदेशमा रहेका नेपालीहरुलाई पनि निर्वाचनमा सहभागी गराउन नेपाल सरकार र निर्वाचन आयोगलाई अनुरोध गर्दछौं ।

२. गैरआवासीय नेपाली अभियानको एक दशक पुरा भएको अवसरमा आयोजित छैटौं विश्व सम्मेलन कै बेलामा गैरआवासीय नेपाली संघलाई विधिवत दर्ता गरी सम्मेलनको समुद्घाटन समारोहमा दर्ता प्रमाणपत्र हस्तान्तरण समेत गरी दिएकोमा नेपाल सरकार समक्ष हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । साथै यो कार्यमा विधान संशोधन गरी सहयोग गर्ने महाधिवेशन प्रतिनिधिहरुलाई समेत धन्यवाद व्यक्त गर्दछौं ।

३. समृद्ध नेपालको निर्माण गर्न नेपालमा स्वदेशी, विदेशी तथा गैरआवासीय नेपालीहरुको लगानी प्रवर्धनलाई अझ बढी प्रोत्साहन गर्न नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघसंग सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं । साथै सबै गैरआवासीय नेपालीहरुलाई आफू बसिरहेको मुलुकका लगानीकर्ताहरुको आथिर्क तथा बौधिक लगानी नेपालमा प्रवाह गर्न सहजकर्ताको भूमिका निर्वाह गर्न आव्हान गर्दछौं । नेपाल सरकारसँग मुलुकका निम्ति अति आवश्यक पूर्वाधारका परियोजनाहरुको विवरण तथा सरकारले दिने सहयोगको विवरण समेत उल्लेख गरी सार्वजनिक गर्न आब्हान गर्दछौं । साथै नेपालमा लगानी आउन सक्ने मुलुकसँग दोहोरोकरको उन्मुक्ति संझौताको कार्य अघि बढाउन नेपाल सरकारलाई यो सम्मेलन अनुरोध गर्दछ ।

४. पाचौं गैरआवासीय विश्व सम्मेलनले गरेको प्रतिवद्दता अनुसार गैरआवासीय नेपालीहरुको संयुक्त लगानीमा लमजुङको दोर्दी खोलामा २७ मेघावाटको जलविधुत आयोजना शुरु भएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरुमा पनि संयुक्त लगानीमा नयाँ जलविधुत लगायतका परियोजनाहरु निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

५. नेपालको अर्थतन्त्रलाई जीवन्त राख्न वैदेशिक रोजगारीमा गएका नेपालीहरुले पठाउने बिप्रेषणको उच्च मूल्याङकन गर्दै यसलाई उत्पादनमुलक क्षेत्रमा प्रवाह गर्न र स-साना पूजीलाई एकत्रीत गर्दै संयुक्त लगानीका उपक्रमहरु शुरु गरी देशको विकास कार्यमा नेपाल सरकारसँग मिलेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६. एक पटकको नेपाली सधैंको नेपाली भन्ने पवित्र भावनालाई आत्म साथ गर्दै नयाँ बन्ने संविधानमा नेपाली नागरिकताको निरन्तरता सुनिश्चित हुनेछ भन्ने विश्वास गर्दछौं ।

७. वैदेशिक रोजगारीमा गएका नेपालीहरुले भोग्ने विविध समस्या न्यूनीकरण गर्न तथा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन नीतिगत सुधारमा नेपाल सरकारसँग मिलेर निरन्तररुपमा अगाडि बढ्ने प्रतिवद्‌दता जाहेर गर्दछौं । साथै नेपाल सरकारलाई नेपालीहरु जाने मुलुकका सरकारसँग दुई पक्षीय श्रमसंझौता गर्न तथा र श्रमिकहरुको मानवोचित अधिकारको रक्षा गर्न आव्हान गर्दछौं ।

८. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको सम्वन्धित देशका बारेको आवश्यक सूचनाको परिपूर्ती गर्न तयार गरिएको वैदेशिक रोजगार गाइडबुकलाई नेपालका सबै गाविस र नगरपालिकाका वडामा नि :शुल्क उपलव्ध गराईनेछ ।

९. वैदेशिक रोजगारीमा गएर दुर्घटना लगायतका ठूला समस्यामा पर्ने व्यक्ति र तिनका परिवारलाई सहयोग गर्न एक छुट्टै "राहत कोष" को स्थापना गरिनेछ । उक्त राहत कोषमा सक्दो सहयोग गर्न सबै राष्ट्रिय समन्वय परिषद र गैरआवासीय नेपालीहरुलाई अनुरोध गर्दछौं ।

१०. गत दुई वर्षको अवधीमा "एक एनसिसि एक परियोजना" अन्तर्गत ४१ राष्ट्रिय समन्वय परिषद र गैरआवासीय नेपाली संग आवद्ध महानुभावहरुले सामाजिक एवम् परोपकारी क्षेत्रमा गरेको १७० भन्दा बढी परियोजनाहरु सम्पन्न गरेको कामको यो सम्मेलन उच्च मुल्याङकन गर्दछ । यस्ता कार्यहरु आगामी दिनमा पनि जारी राख्न अनुरोध गर्दछौं ।

११. विभिन्न मुलुकका गैरआवासीय नेपाली संघका राष्ट्रिय समन्वय परिषदको सकृयतामा भई रहेका नेपाल हाउस, नेपाली मेला, जस्ता नेपालको कला, सँकृति, पर्यटन र नेपाली उत्पादनको प्रवर्दन कार्यको प्रशंशा गर्दै यस्ता अभियानहरुलाई अझ बढी बढावा दिने र अन्य मुलुकमा पनि यस्ता किसिमका कार्यक्रम थालनी गर्न राष्ट्रिय समन्वय परिषदहरुलाई आव्हान गर्दछौं ।

१२. गैरआवासीय नेपाली संघ नेपालमा विधिवत रुपमा दर्ता भएको र अभियानले एक दशक पार गरिसकेको अवस्थामा संघको सँस्थागत संरचना सुधारमा महसुस गर्दै यो सम्मेलन नयाँ रणनीति बनाई सुधारका कार्यक्रम अघि बढाउने प्रतिवद्धता जाहेर गर्दछ । गैरआवासीय नेपाली संघ र अभियान एक विशुद्ध गैरराजनैतिक चरित्रको भएकोले दलगत राजनितिबाट टाढा राख्न नेपालका राजनैतिक दल र विदेशमा रहेका तीनका भातृसंगठनहरुलाई यो सम्मेलन आव्हान गर्दछ ।

१३. गैरआवासीय नेपाली अभियानको आयाम फैलिएको महसुस गर्दै यस सम्मेलनसँगै सम्पन्न भएका अन्तर्राष्ट्रिय साहित्य संगोष्ठी, दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई नेपालसँगको सामिप्यता कायम गर्न युवा पुरस्कार, बाल चलचित्र प्रदर्शनी, महिला, खेलकुद, विज्ञान तथा प्रविधी सम्वन्धी कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने महसुस गर्दछौं ।

१४. छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनलाई भव्य रुपमा सफल पार्न सहयोग गर्नु हुने नेपाल सरकार, नेपा उद्योग वाणिज्य महासंघ तथा सम्पूर्ण सौजन्यकर्ता, सहयोगी संघ/संस्था र व्यक्तिहरु प्रति यो सम्मेलन कृतज्ञता व्यक्त गर्दछ ।

गैर आवासीय नेपाली संघ,
सन् २०१३ अक्टोवर २२, काठमाडौं ।

## छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ-अन्तर्राष्ट्रिय महाधिवेशन २०७०

## पृष्ठभुमी

एक दशकअघि सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) को भूमिका पछिल्लो वर्षहरुमा अझै गहन बन्दै गएको छ । मातृभुमीको समृद्धिमा सहयात्री बन्ने उदेश्यले सुरु भएको अभियान वृहत र व्यापक बनेको छ । गैरआवासीय नेपालीको सीप र पूँजीबाट मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

यसै सन्दर्भमा एनआरएनएको 'छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ-अन्तर्राष्ट्रिय महाधिवेशन २०७०'ले नयाँ आयाम थपेको छ ।

कार्तिक २ देखि ५ (अक्टोवर १९ देखि २२) सम्म चलेको छैटौं सम्मेलनको नेपाल सरकार परराष्ट्र मन्त्रालय, गैरआवासीय नेपाली संघ(एनआरएनए) र नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को संयुक्त आयोजनामा भएको हो । सम्मेलनमा नेपाल आर्थिक पत्रकार समाज(सेजन) लाई संचार सयोजनको जिम्मेवारी दिइएको थियो ।

'गैरआवासीय नेपाली र नेपालः समृद्धिका साझेदार' भन्ने नाराका साथ सुरु भएको सम्मेलनमा राष्ट्रपति, अन्तरिम मन्त्रिपरिषदका अध्यक्ष, मन्त्रीहरु, राजनीतिक दल, सरकारी उच्च अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्ति तथा गैरआवासीय नेपाली अभियन्ताद्वारा अभिव्यक्त विचार र धारणालाई समावेश गरी १४ बुँदे काठमाडौं घोषणापत्र जारी गरियो ।

### असोज १२

### काभ्रेपलान्चोक जिल्लाको नासिकास्थान गाविसको भैसेपाटीस्थित चक्रज्योती माध्यामिक विद्यालयमा निःशुल्क स्वास्थ शिविर :

गैरआवासीय नेपाली संघ(एनआरएनए)ले सामाजिक उत्तरदायित्व वहन गर्दै काभ्रेको नासिकास्थान गाविसमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । शिविरबाट तीन गाविसका करिब एक हजार लाभान्वित भएका थिए ।

नोवल अस्पतालको प्राविधिक सहयोगमा भएको शिविरमा निशुल्क औषधी समेत वितरण गरियो । शिविरमा जटिल समस्या देखिएमा नोवल अस्पतालले विशेष छुट सहित उपचार गराउने प्रतिवद्धता गरेको छ । एनआरएनए जापानका पूर्व अध्यक्ष कपिलदेव थापाको समन्वयमा काभ्रेको भैसेपाटीस्थित चक्र ज्योति माध्यामिक विद्यालयमा भएको सो शिविरमा सर्वसाधरणले नाक, कान, घाटी, दाँत, प्रसुती सेवा, बालरोग र सामान्य स्वास्थ्य परीक्षण गराएका थिए ।

कार्यक्रममा गैरआवासीय नेपाली संघ(एनआरएनए)का अध्यक्ष जीवा लामिछानेले गैरआवासीय नेपाली संघ सामाजिक संस्था भएकाले सामाजिक कामलाई निरन्तरता दिने बताउनुभयो । दान भनेको घरको आधार स्तम्भ भएको बताउदै लामिछानेले भन्नुभयो,"सामाजिक कामसंगै बौद्धिक सहयोगका लागि पनि तयार छ ।" उहाँले बनेपा लगानीका लागि धेरै सम्भावना भएको क्षेत्र भएकाले आगामी दिन त्यसलाई प्रभावकारी अध्ययन अनुसन्धान गरी सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

### निष्कर्ष

- नासिकास्थानसहित तीन गाविसबाट एक हजार सर्वसाधारणले नाक, कान, घाँटी, दात, प्रसुती सेवा, बालरोग र सामान्य स्वास्थ्य परीक्षण गरी लाभान्वित ।

- नोबेल अस्पतालको प्रविधिक सहयोग, स्वास्थ्य परिक्षणका साथै निःशुल्क औषधी वितरण ।
- परीक्षणमा सहभागी सर्वसाधारणमा जटिल समस्या देखिए नोबेल अस्पतालमा विषेश छुटसहित उपचार सुविधा दिने ।

**असोज २०**



**एनआरएनद्वारा ह्वीलचेयर तथा नगद सहयोग**

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले परोपकारी कार्यक्रम अन्तर्गत विभिन्न सामाजिक संस्थाहरुलाई आर्थिक सहयोग प्रदान गरेको छ । एनआरएनएले आइतवार एक कार्यक्रम आयोजना गरेर आर्थिक सहयोग रकम हस्तान्तरण गरेको हो ।

एनआरएनएले सामाजिक सेवामा क्रियाशिल संस्थाहरु हेल्प नेपाल, स्पाइनल इन्जरी केन्द्र, बिष्णु प्रतिष्ठान, नेपाल लाइब्रेरी फाउन्डेसन तथा गायिका लोचन भट्टराईलाई सहयोग गरेको छ । देवघाटमा रहेको एनआरएन बृद्धाश्रम, अर्लि चाइल्डहुड डेभलपमेन्ट सेन्टर, हेल्पलेस कोलोनी, पवित्र सेवा समाज तथा रिहाब्लिटेसन सेन्टर फर चिल्ड्रेन एण्ड अर्फान (आरसिसिओ) मा बस्ने बृद्धबृद्धा तथा बालबालिकालाई एक दिनको भोजन गरायो । सबै संस्थालाई आइतवार एक कार्यक्रमका वीच एनआरएनएका अध्यक्ष जीवा लामिछानेले सहयोग रकम हस्तान्तरण गर्नुभयो । एनआरएनएले स्थापनाकालदेखि सामाजिक सहयोग तथा परोपकारी कामलाई निरन्तरता दिएको हुँदा आगामी दिनमा यसलाई निरन्तरता दिइने अध्यक्ष लामिछानेले बताउनुभयो । अन्य संस्थालाई पनि आगामी दिनमा सहयोग गर्दै जाने लामिछानेले जानकारी दिनुभयो ।‘ भविष्यमा पनि यस्तै प्रकारको सहयोग कार्यक्रमपनि नयाँ आउने कार्यसमितिले निरन्तरता दिने छ ।’,उहाँले भन्नुभयो ।

हेल्प नेपालका अध्यक्ष रविन्द्र मिश्रले एनआरएनएको सहयोगले अन्य सबैलाई पनि सामाजिक क्षेत्रमा सहयोग गर्न प्रेरणा पुग्ने अपेक्षा व्यक्त गर्नुभयो । ‘रकमको आधारमा सहयोग रकम सानो ठूलो भन्ने हुँदैन,’ उहाँले भन्नुभयो । एनआरएनएले देशभित्र लगानी भित्र्याउनको लागि गरेको पहलजस्तै सामाजिक क्षेत्रमा गरेको कामपनि महत्वपूर्ण रहेको छ ।

एनआरएनएले हेल्प नेपाललाई पाँच लाख रुपैयां, स्पाइनल इन्जरी केन्द्रलाई एक लाख ५० हजार रुपैयां, बिष्णु प्रतिष्ठानलाई एक लाख रुपैयां, नेपाल लाइब्रेरी फाउन्डेसनलाई एक लाख रुपैयां, तथा गायिका लोचन भट्टराई एक लाख रुपैयां आर्थिक सहयोग गरेको थियो ।

सहयोग कार्यक्रममा एनआरएनका महासचिव तेन्जी शेर्पाले व्यक्तिगततर्फबाट घाइते भएका तेक्वान्दो खेलाडी अशोक खड्कालाई ५० हजार रुपैयां आर्थिक सहयोग गर्नुभएको थियो । घाइते भएका खेलाडी खड्काले अहिले तेक्वान्दो खेलाडीहरुलाई प्रशिक्षण दिदै आउनुभएको छ ।

कार्यक्रममा सहयोग रकम पाउने अन्य व्यक्तिहरुले पनि एनआरएनको सहयोगले आफुहरुले सुरुवात गरेको कार्यक्रमलाई निरन्तरता दिन सहयोग पुग्ने बताएका थिए । उनीहरुले एनआरएनएले गरेको समाजिक क्षेत्रको सहयोग प्रति धन्यवाद दिदै आगामी दिनमा पनि सामाजिक क्षेत्रको कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गरेका थिए ।

**निष्कर्ष**

- राजधानीमा आयोजित अन्तर्क्रियामा चितवन भरतपुरस्थित एक अपाङ्ग सहायता संस्थालाई १० वटा ह्वीचेयर प्रदान ।
- साँगास्थित स्पाइनल इन्जुरी सेन्टरलाई १ लाख ५० हजार प्रदान
- आइडल डेभलपमेन्ट सेन्टर, हेल्पलेस चाइल्ड सेन्टर र लाइब्रेरी फाउन्डेसनलाई पनि १/१ लाख रुपैयां प्रदान ।
- तेक्वान्दोका अन्तर्राष्ट्रिय खेलाडी अशोक खड्कालाई एनआरएनए महासचिव तेन्जी शेर्पाबाट उपचारका लागि ५० हजार सहयोग प्रदान ।

**असोज २२**

**नेपालको आर्थिक कूटनीति प्रभावकारी परिचालनमा एनआरएनको भूमिका (रोल अफ एनआरएन इन इफेक्टिभ मोबिलाईजेसन अफ इकोनोमिक डिप्लोमेसी अफ नेपाल) विषयक अन्तर्क्रिया:**



आर्थिक कूटनीतिमा गैरआवासीय नेपाली संघ (एनआरएनए)को महत्वपूर्ण भुमिका रहेको सरोकारवालाले बताएका छन् । परराष्ट्र मन्त्रालयमा आयोजना गरिएको नेपालको आर्थिक कूटनीति प्रभावकारी परिचालनमा एनआरएनको भूमिका विषयक अन्तर्क्रियामा सहभागी अर्थशास्त्री, उद्योगी तथा एनआरएनहरुले यस्तो धारणा राखेका हुन् ।

अर्थशास्त्री डा. डिल्लीराज खनालले देशको आर्थिक कुटनीतिमा एनआरएनको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । व्यापार, लगानी र बजार प्रवर्द्धन गर्न एनआरएनले निकै ठूलो सहयोग गर्नसक्ने बताउँदै उहाँले घट्दो कृषि तथा औद्योगिक उत्पादन र बढ्दो व्यापार घाटालाई सन्तुलित बनाई अर्थतन्त्र अघि बढाउन एनआरएनको भुमिका महत्वपूर्ण रहेको बताउनुभयो । 'एनआरएनएले आर्थिक कूटनीतिको प्रवर्द्धनमा महत्वपुर्ण भूमिका खेल्न सक्छ' उहाँले भन्नुभयो 'दुई देशबीच सीप तथा प्रविधि हस्तान्तरण तथा व्यक्तिगत सम्पर्क र सञ्जाल प्रवर्द्धन गर्नुपर्छ ।' लगानी बढ्छ भने एनआरएनलाई दोहोरो नागरिकता दिनुपर्ने उहाँको धारणा थियो ।

एनआरएनएका अध्यक्ष जीवा लामिछानेले एनआरएनको सञ्जाल ६५ मुलुकमा फैलिसकेको जानकारी दिदै यो सञ्जाललाई कुटनीतिक रुपमा परिचालन गर्न सकिने बताउनुभयो । 'नेपालको कूटनीतिक नियोग ३० मुलुकमा मात्र छ' उहाँले भन्नुभयो 'यति धेरै सञ्जाल विस्तार भइसकेको एनआरएनएलाई आर्थिक कुटनीतिमा किन परिचालन नगर्ने ?' एनआरएनको क्षमता भन्दा पनि ठुलो अपेक्षा गरिएकोले ठूलो उपलब्धि नदेखिएको भन्दै विदेशी लगानी भित्र्याउनमा नेपालको दोहोरो कर प्रणाली पनि मुख्य बाधक रहेको उहाँले बताउनुभयो । 'हाम्रो १० मुलुकसंग दोहोरो कर छुट सम्झौता छ,' उहाँले भन्नुभयो 'युरोप र अमेरिका लगायतले दोहोरो कर छुट सम्बन्धी द्विपक्षीय सम्झौता नभएसम्म लगानी गर्न मान्दैनन् ।'

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले सरकारी निजी साझेदारी (पीपीपी)मार्फत निजी क्षेत्रलाई भुमिका दिन कन्जुस्याई गरेको आरोप लगाउनु भयो । राजनीतिमा सीमा हुने भन्दै वैद्यले आर्थिक परिवर्तनमा कुनै पनि सिमा नहुने बताउनुभयो । बाणिज्य तथा आपूर्ति मन्त्रालयका पुर्वसचिव पुरुषोत्तम ओझाले एनआरएनले विदेशको व्यापार मेलामा नेपाली उद्योगीलाई सहभागी गर्न र नेपाली वस्तु प्रवर्द्धन गर्नमा महत्वपुर्ण भुमिका रहने बताउनुभयो । 'एनआरएन समुदायले अनुदान दिने मुलुकसँग व्यापार प्रवर्द्धन गर्न सरकारलाई सहयोग गर्नुपर्छ' उहाँले भन्नुभयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव अमृत राईले एनआरएनले आर्थिक कुटनीतिमा जोड दिनुपर्ने बताउनु भयो । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराज अधिकारीले नेपालको आर्थिक विकासमा एनआरएनको भुमिका महत्वपुर्ण रहेको बताउनुभयो । कार्यक्रममा वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ, युएन वुमनका कार्यक्रम व्यवस्थापक सरु जोशी लगायतले एनआरएनको भुमिका बारेमा चर्चा गर्नु भएको थियो ।

**<u>निष्कर्ष</u>**

- गैरआवासीय सञ्जाल ६५ देशमा विस्तार तर, आर्थिक कुटनीति ३० देशमा मात्र सिमित
- एनआरएन इन्भेस्टमेन्ट कम्पनीको अधिकृत पूँजी ५ अर्वमध्ये १ अर्व संकलित
- विदेशी लगानी भित्र्याउन नेपालको दोहोरो कर प्रणाली बाधक
- १० मुलुकसाग मात्र दोहोरो कर प्रणालीसम्बन्धी सम्झौता, युरोप तथा अमेरिका लगायतका मुलुक दोहोरो कर प्रणालीसम्बन्धी द्विपक्षीय सम्झौता नभएसम्म लगानी गर्न अनिच्छुक
- सरकार सार्वजनिक निजी साझेदारी (पीपीपी)मार्फत निजी क्षेत्रलाई भुमिका दिन कन्जुस्याई गर्ने गरेको भनाई
- एनआरएन तथा विदेशी लगानी भित्र्याउन बजार प्रवर्द्धनमा जोड

**असोज २३**

## एनआरएनए र प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय नेपाली साहित्य सङ्गोष्ठी-२०७० सम्पन्न




### अन्तर्राष्ट्रिय नेपाली साहित्य सङ्गोष्ठी २०७० उद्घाटन सत्र

गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सङ्गोष्ठी २०७०' आयोजना गरिएको छ ।

काठमाडौंको प्रज्ञा भवनमा आयोजित एक दिने सङ्गोष्ठीमा सहभागीलाई स्वागत गर्दै गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का महासचिव तेन्जी शेर्पाले नेपाली साहित्यको विधामा थप टेवा पुऱ्याउन सङ्गोष्ठीको आयोजना गरिएको जानकारी गराउनु भयो । उहाँले गैरआवासीय नेपालीहरुले भाषा, साहित्यलाई विश्व सामु चिनाउन प्रबर्द्धन गरिरहेको भन्दै संघले त्यसलाई संस्थागतरुपमा प्रबर्द्धन गरिरहेको बताउनु भयो । महासचिव शेर्पाले सङ्गोष्ठीमा विश्व नेपाली साहित्यमा संघको भूमिकाको बारेमा छलफल हुने र नयाँ आयाम थप्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

सङ्गोष्ठीको उदघाटन गर्दै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले व्यवसायिक तथा जीविकोपार्जनको सिलसिलामा मुलुक बाहिर रहनु भएका गैरआवासीय नेपालीहरुले गोष्ठी आयोजना गर्नु सकारात्मक भएको बताउनु भयो । उहाँले भाषा, साहित्य, संस्कृतीको विकास र प्रबर्द्धनले मानवीय भावनाको विकास गर्ने भन्दै राज्यले पनि भाषा साहित्यको संरक्षण गर्ने स्पष्ट पार्नुभयो । अध्यक्ष रेग्मीले साहित्यमा जीवन्त विचार सिर्जना हुने हुँदा जीवनको लागि र सामाजिक व्यवहारको लागि पनि साहित्यको उल्लेख्य महत्व रहेको उजागर गर्नुभयो । अध्यक्ष रेग्मीले नेपाली समाज साहित्यको क्षेत्रमा समृद्ध रहेको तथा पौराणिक ग्रन्थका कारण नेपाली साहित्य उत्कृष्ट तथा कालजयी हुनु सबैको लागि प्रेरणादायी भएको टिप्पणी गर्नुभयो । त्यसैगरि राज्यले साहित्यको क्षेत्रमा गरेको सकारात्मक प्रयास सन्तोषजनक भएपनि पर्याप्त नभएको बताउनुभयो । विश्वव्यापीकरणसँगै आप्रवासनमा भएको वृद्धिले मानिस एकै ठाउँमा बस्न नसक्ने

र यो स्वाभाविक भएको भन्दै अध्यक्ष रेग्मीले भाषा संस्कृतिको दायरा कुनै सीमामा नरहने उल्लेख गर्नुभयो । उहाँले भाषा साहित्यलाई सीमामा बाँध्न नसकिने हुँदा जीवन्त बनाउन समयानुकुलु कार्यक्रम आवश्यक रहेकोमा जोड दिनुभयो । बहुलताभित्र रहेको एकताको संरक्षण गर्नु आजको आवश्यकता भएको भन्दै यो सङ्गोष्ठी नेपाली साहित्यको विकासमा कर्मको रुपमा लिएको रेग्मीले बताउनुभयो ।

गोष्ठीमा हुने छलफलले नेपाली साहित्यलाई विश्वभर पहिचान गर्न महत्वपूर्ण हुने भन्दै उहाँले आगामी दिनमा साहित्यको विभिन्न क्षेत्रमा साझेदारी गर्न साझेदारी पत्रमा हस्तारक्षर हुनुले खुशी लागेको बताउनुभयो । अध्यक्ष रेग्मीले नेपाली भाषा साहित्य र संस्कृतीलाई विश्वभर प्रबर्द्धन गर्न गैरआवासीय नेपाली संघले गरेको कार्यको मुक्तकण्ठले प्रशंसा गर्नुभयो । त्यसैगरि गैरआवासीय नेपाली नेपालमा लगानी गर्न इच्छुक रहेको भन्दै आफ्नो संयुक्त राज्य अमेरिका तथा युनाईटेड अरब इमिरेट्सको भ्रमणको अवसरमा नेपालीलाई भेट्दा नेपालमा नै कार्य गर्न इच्छा जाहेर गर्नु उत्साहजनक भएको बताउनुभयो । उहाँले नेपालमा कुशल सामाजिक वातावरण बनाउन गैरआवासीय नेपाली संघले उच्च महत्व दिएको आफ्नो बुझाई रहेको जानकारी गराउनुभयो । उहाँले मंसिर ४ गतेको निर्वाचन सफल बनाउन संघलाई आग्रह गर्दै संघले निर्वाचनप्रति सकारात्मक भई र सकारात्मक संदेश दिने भुमिका निर्वाह गर्ने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रज्ञा प्रतिष्ठानका उपकुलपति वैरागी काईंलाले भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा गैरआवासीय नेपाली संघको सहकार्यमा पहिलो सङ्गोष्ठी भएको जानकारी दिनुभयो । उपकुलपति काईंलाले संघसँगको समझदारीपछि अबका दिनमा वर्षमा कम्तीमा एउटा नेपाली डायस्पोरा, संस्कृति, कलाकार, साहित्यकारसँग छलफल गर्ने अवस्थामा पुगेको बताउनुभयो । उहाँले आर्थिक वा व्यवसायिक कारणले नेपालीहरु विदेश गएको भन्दै  रोजगारी, अध्ययन वा राजनीतिक कारणले नेपालीहरु विदेश जाने गरेको अवस्था देखिएको बताउनुभयो । मुलुकमा हरेक क्षेत्रमा अत्यधिक राजनीतिक कारणले अर्थतन्त्र खस्किएकोले विदेशिनु वाध्यता बनेको बताउँदै उहाँले ३० लाख नेपालीले पठाएका रकमले अर्थतन्त्र धानिएको बताउनु भयो । उपकुलपति काईंलाले विदेशमा कमाएको रकम नेपालमा लगानी गरेर देशभक्तिपूर्ण काम गरेको भन्दै भाषा साहित्यको क्षेत्रमा पनि गैरआवासीय नेपालीको योगदान महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले नेपाली संस्कृति इन्द्रेणीझैं सप्तरंगी भएको र गैरआवासीय साहित्यकारहरुको योगदान प्रशंसनीय रहेको बताउँदै भाषा साहित्यको क्षेत्रमा थप लगानी हुने आशा व्यक्त गर्नुभयो । विदेशमा रहेका नेपाली साहित्यकार नेपाल आउँदा साहित्यिक भेला गर्न आर्थिक कठिनाई नै मुख्य बाधक रहेको भन्दै संघसँगको सहकार्यले अब बृहतरुपमा काम गर्न सकिने अवस्थामा पुगेको उपकुलपति काईंलाले बताउनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष जीवा लामिछानेले साहित्य, कला र संस्कृति हरेक समाजका सभ्यताका दर्पण भएको र यसैबाट हामीले ती समाजको विशेषत एवं विविधता पनि बोध गर्ने तथा सुखदुःख एवं करुणासँग साक्षात्कार गराउने बताउनु भयो । उहाँले गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकालदेखि नै नेपाली कला, साहित्य र संस्कृतिलाई विश्वभर परिचित गराउन विभिन्न क्रियाकलाप सञ्चालन गरेर यसको प्रबर्द्धन गर्दै आएको कुरा स्मरण गराउनु भयो ।

संघले विदेशमा नेपालको प्रबर्द्धन कार्यदल गठन गरि विभिन्न अभियान र कार्यक्रम सञ्चालन समेत गर्दै आएको जस मार्फत नेपाली मौलिक विशिष्टता संसारभर प्रबर्द्धन गर्ने प्रयास जारी नै रहेको उहाँले जानकारी गराउनु भयो । संसारको जुनसुकै कुनामा पुगेर पनि नेपालीहरुले आफ्नो भाषा, परिचय, मौलिकता नभुलेको भन्दै नेपाली कला, साहित्य, संस्कृति मूल्य र मान्यतालाई विश्वभर फैलाउन भुमिका खेलिरहेको स्पष्ट पार्नु भयो ।

भूमण्डलीकरणले उपलब्ध गराएको सुविधाकै कारण हामी आफ्नो परिचयसहित सगौरव उभिन सक्ने भएको साथै चुनौती पनि थपिएको उहाँको भनाई थियो । अध्यक्ष लामिछानेले रसियामा पुगेपछि त्यहाँका

विश्वप्रसिद्ध साहित्यकारहरु म्याक्सिम गोर्की, टोल्सटोय लगायतको विश्वप्रसिद्धी देखेर महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धीचरण श्रेष्ठ लगायतको कृतिलाई विश्व माझ पुर्‍याउने आकांक्षा पलाएको बताउनुभयो । ठूला र शक्तिशाली मुलुकका भाषा साहित्य र संस्कृतिले हाम्रो जस्तो सानो मुलुकको भाषा, साहित्य र संस्कृतिलाई स्वभाविक रुपमा ओझेलमा पर्नसक्ने संभावनालाई नजरअन्दाज गर्न नहुने उहाँको भनाई छ । सङ्गोष्ठीको मूल उदेश्य नै नेपाली साहित्यको विश्वव्यापीकरणमा सघाउनु रहेको उहाँको ठहर छ । भूमण्डलीकरणको तीव्रताले राष्ट्रका सीमाहरु कमजोर हुने संभावनालाई बढाएपनि आफ्नो भाषा, संस्कृति र साहित्यमार्फत आफ्नो छुट्टै पहिचानलाई जीवन्त राख्ने मानिसको चाहनालाई भने झन् उजागर गरिदिएको लामिछानेको तर्क छ । संसारभर छरिएर रहेका नेपालीहरुले व्यक्तिगत तबरबाटै किताव लेखिरहेका, छापिरहेका र आफ्नो भाषा साहित्यको प्रबर्द्धन गरिरहेको हुँदा त्यहि व्यक्तिगत प्रयासलाई संस्थागत रुप दिन प्रज्ञा प्रतिष्ठानसंगको सहकार्यमा सङ्गोष्ठी आयोजना गरेको उहाँले जानकारी गराउनु भयो ।

सङ्गोष्ठीले संख्यात्मक र गुणात्मक दुवैरुपले विश्वव्यापी हुँदै गएको नेपाली समुदायका छरिएका श्रृजनालाई कसरी नेपाली प्रकाशनको मूलधारमा ल्याउने, नेपाली साहित्यको समृद्धिलाई अनुवाद मार्फत् कसरी विश्व बजारमा पुर्‍याउने एवं पछिल्लो समयमा अभूतपूर्व रुपले बढेको नेपाली प्रकाशन संस्कृतिबाट नेपालमा र विदेश दुवैतिर रहेका नेपाली साहित्यकारहरुलाई कसरी लाभान्वित तुल्याउने आदि विषयमा गहन छलफल गर्नेछ भन्ने संघका अध्यक्ष लामिछानेले विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा धन्यवाद व्यक्त गर्दै प्रतिष्ठानका सदस्य सचिव सनत रेग्मीले मुलुक भाषा साहित्यको क्षेत्रमा धनी रहेको तर अनुसन्धानमुलक कार्य गर्नु चुनौती भएको बताउनु भयो । उहाँले प्रतिष्ठानले भाषा साहित्यको संरक्षणमा अनुसन्धान गरिरहेको जानकारी गराउँदै विश्वभरिका नेपालीमा नवचेतना जागृत भएको र संघको सहकार्यले उत्साह थपेको धारणा राख्नुभयो । सदस्य सचिव रेग्मीले विश्वभर जहाँ भएपनि भाषा साहित्यमा योगदान गर्ने अवस्था आएको भन्दै संघको सहकार्यले संगठित प्रयास शुरु भएको बताउनुभयो । सहकार्यले भविश्यमा नेपाली साहित्य क्षेत्रमा अनुसन्धान, अध्ययन, प्रकाशन गर्ने र विश्व साहित्यीक क्षेत्रसम्म पुर्‍याउने उहाँले विश्वास व्यक्त गर्नुभयो । प्रतिष्ठानले भारतसंग मिलेर आधुनिक पुस्तकालय निर्माण गर्ने कार्य भइरहेको भन्दै सदस्य सचिव अर्यालले संघले पनि उक्त पुस्तकालय स्थापनामा सहयोग पुर्‍याउने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रमा अध्यक्ष लामिछाने र उपकुलपति काईंलाबीच साहित्यको विकास गर्नेबारे ७ बुदे सम्झौतापत्रमा हस्ताक्षर समेत भएको थियो ।

**<u>दोस्रो सत्र</u>**

अन्तर्राष्ट्रिय नेपाली साहित्य सङ्गोष्ठी २०७० दोस्रो सत्रमा साहित्यकार डा. तारानाथ शर्माले ‘नेपाली साहित्यको विश्वव्यापीकरणमा गैरआवासीय नेपाली संघको भूमिका विषयक’ कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुत गर्दै शर्माले नेपाली साहित्यको विश्वव्यापीकरणमा गैरआवासीय नेपालीहरुले प्राथमिकताका साथ निकै पहिलेदेखि नै प्रयत्न गर्दै आएका भएपनि उक्त कार्य गैरआवासीय नेपालीको मात्रै उत्तरदायित्व नभई देशभिर वा बाहिर रहेका समस्त नेपालीभाषीको विषय रहेको बताउनुभयो ।

उहाँले आफूले नेपाली साहित्यकारको विभिन्न रचनाहरु अंग्रेजीमा अनुवाद गरेको स्मरण गराउँदै नेपालीवासी र आप्रवासी दुबै नेपालीभाषीले लेखेका नेपाली भाषाकै साहित्यिक रचनाहरु पनि विश्वभरी प्रचारप्रसार गर्ने एउटा पक्षले सक्रिय हुनैपर्नेमा जोड दिनुभयो । त्यसैगरी विश्वव्यापीकरणको अर्को पक्षमा सम्पर्क भाषाका रुपमा विश्वमा सबैभन्दा प्रचलित अंग्रेजी भाषामा हाम्रा रचनाहरु अनुवाद गरी फिजाउनुपर्ने स्पष्ट पार्नुभयो । उहाँले विदेशमा रहेका नेपालीहरुलाई डायस्पोरा शब्दको प्रयोग गर्नुभन्दा

पनि आफ्नै इच्छा र आवश्यकताले अर्थात स्वेच्छापूर्वक आप्रवासी भएका हुनाले स्वदेशी र आप्रवासी भनि दुई प्रकारमा बाँड्नुपर्ने सुझाव दिनु भयो ।

शर्माले ठाउँठाउँमा पुस्तकालय खोलेर सबै जनताले पढ्न पाउने व्यवस्थातर्फ आप्रवासी मित्रहरुको र सबैको ध्यान जानुपर्ने भन्दै नेपाली र अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरुमध्ये धेरैभन्दा धेरै संख्यामा सबैजनालाई उपलब्ध गराउने दिशातर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । त्यसैगरि नेपाली भाषामा नेपालभित्रै वा विदेशमा समेत लेखिएका र छापिएका पुस्तकहरुपनि नेपाली पाठकहरुलाई उपलब्ध गराउनतिर लाग्नु सबैको लक्ष्य राख्नुपर्ने उहाँको सुझाव थियो ।

कार्यक्रममा शर्माको कार्यपत्रमाथि साहित्यका डा.ज्ञानु पाण्डे, डा. खगेन्द्र लुईटेल, अखण्ड भण्डारी, डा. जंगम चौहान र ज्ञानु गदालले टिप्पणी गर्नुभएको थियो ।

त्यसैगरी कार्यक्रममा विक्रममणी त्रिपाठी, मञ्जु निरौला, राजेन्द्र थापा, प्रकाश ए राज, विप्लव ढकाल, मोहनबहादुर कायस्थ, विजयराज न्यौपाने, विक्रम सुब्बा, तुलसी दिवस, पुन्य गौतम, सोनु गुरुङ, श्यामदास वैष्णवले कार्यपत्रबारे टिप्पणी तथा आफ्ना सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

## समापन कार्यक्रम

सङ्गोष्ठीको समापन कार्यक्रममा बोल्दै संघका अध्यक्ष जीवा लामिछानेले आफूले विभिन्न देशमा पनि डायस्पोरा शब्द प्रयोग गरेको जानकारी पाएको भन्दै डायस्पोरा शब्दमा विवाद गर्नु अनावश्यक हुने भनाई राख्नुभयो । उहाँले २०४६ साल पछि धेरै नेपालीहरु विदेश गएको र ठूलो संघर्षपछि नेपालीहरु स्थापित हुने अवस्थामा रहेको जानकारी गराउनुभयो । अध्यक्ष लामिछानेले नेपाली डायस्पोरालाई विभिन्न देशहरुसंग तुलना गर्न नसकिने भन्दै नेपाली साहित्यको प्रबर्द्धन गर्न विश्वव्यापी सञ्जालबाट स्रोत जुटाएको बताउनुभयो । नेपालीहरु विदेशमा रहेपनि मन भने नेपालमा नै रहेको भन्दै भावनात्मक रुपमा नेपालीहरु नेपालमा नै रहने उहाँले जिकिर गर्नुभयो । गैरआवासीय नेपाली संघको उद्देश्य संस्कृति, मूल्य,मान्यतालाई विदेशमा प्रवर्द्धन गर्नुरहेको भन्दै नेपाली भाषा साहित्यलाई विदेशमा पनि विश्वव्यापीकरण गराउन प्रयासरत रहेको अध्यक्ष लामिछानेले बताउनुभयो । संस्थागत सम्बन्ध विकास भए निरन्तर नेपाली साहित्यको विकास गर्न सकिने भन्दै यो एउटा सुरुवात मात्र भएको उहाँको भनाई थियो । अध्यक्ष लामिछानेले नेपाली भाषा साहित्यको प्रबर्द्धन गर्न आजबाटै अक्षयकोष स्थापना गरिएको र त्यसमा ५ लाख रुपैंया बीउपूँजी राखिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री रामकुमार श्रेष्ठले डा. गोविन्द सिंह रावत तथा डा. देवी प्रसादद्वारा लिखित ‘हिमालयन वाड’ कविता संग्रह विमोचन गर्नुभयो । समापन समारोहमा बोल्दै संस्कृती मन्त्री श्रेष्ठले गैरआवासीय नेपालीले धेरै क्षेत्रमा लगानी गरिरहेको भन्दै साहित्यको क्षेत्रमा पनि लगानी गर्नु महत्वपूर्ण भएको बताउनुभयो । उहाँले सहकार्यले नेपाली साहित्यलाई धेरै अगाडि बढाउने मौका प्राप्त भएको स्पष्ट पार्नुभयो । मन्त्री श्रेष्ठले नेपाल साहित्यमा धनी भएपनि विश्वव्यापी रुपमा प्रचार प्रसार हुन नसकेको दुखेसो व्यक्त गर्नुभयो । उहाँले नेपाली भाषामा विश्व प्रसिद्ध रचनाहरु रहेपनि आवश्यक प्रचार प्रसार र अनुवादको अभावमा कतिपय विश्वस्तरीय पुरस्कारबाट बञ्चित हुनुपरेको बताउनुभयो । मन्त्री श्रेष्ठले नेपाली साहित्यको संबर्द्धन गर्न भाषा, शब्द र स्तरीयतामा ध्यानदिनुपर्ने भन्दै साहित्यकारको इज्जत बढाउन आग्रह गर्नुभयो ।

समापन समारोहमा बोल्दै प्रतिष्ठानका उपकुलपति वैरागी काईंलाले सम्झौतापत्रले कार्यक्षेत्रलाई वृहत बनाउने बाटो खोलेको टिप्पणी गर्नुभयो । उहाँले सम्झौतापत्र आधार पत्र मात्र भएको भन्दै भाषा साहित्यको प्रबर्द्धन गर्न सहयोगी हुने बताउनुभयो ।

समापन कार्यक्रममा संघका महासचिव तेन्जी शेर्पाले सहमतिपत्र पढेर सुनाउनुभएको थियो भने कवि विश्वविमोहन श्रेष्ठले सङ्गोष्ठीको घोषणापत्र सार्वजनिक गर्नुभएको थियो । सङ्गोष्ठीले आजै ७ बुँदे घोषणापत्र जारी गरेको छ ।

**निष्कर्ष**

- गैरआवासीय नेपाली संघको सहकार्यमा पहिलो सङ्गोष्ठी
- डायस्पोरा साहित्य प्रवर्द्धन गर्न एनआरएनए र प्रज्ञाप्रतिष्ठानबीच सम्झौता
- संगोष्ठीको उद्घाटनका क्रममा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीद्वारा भाषा, साहित्य, संस्कृतिको विकास र प्रबर्द्धनमा राज्य लागीपरेको उल्लेख
- संख्यात्मक र गुणात्मक दुवै रुपले विश्वव्यापी रुपमा छरिएका नेपाली श्रृजनालाई मूलधारमा ल्याउनुपर्नेमा संगोष्ठीको जोड
- ५ लाख रुपैंया बीउपूँजी भएके अक्षयकोष स्थापना

**असोज २५**

**गैरआवासीय नेपाली दिवसः**



विगतमा झैं गैरआवासीय नेपालीले गैरआवासीय नेपाली दिवसको अवसरमा राजधानीमा रहेको स्वयम्भुनाथ तथा पशुपतिनाथको पुजाआजा गरेका छन् । गैरआवासिय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदका अध्यक्ष जीवा लामिछाने, महासचिव तेन्जी शेर्पा, संघका संरक्षक भीम उदास, अष्ट्रेलियामा रहनु हुने गैरआवासीय नेपाली शेष घले लगायतका गैरआवासीय नेपालीहरुले फूलपातीका दिन विहान स्वयम्भुनाथ तथा पशुपति पुगेर निष्ठापुर्वक दर्शन तथा पुजाआजा गरेका थिए । स्वयम्भु पुगेको संघको टोलीलाई स्वयम्भु विकास मण्डलका उपाध्यक्ष वेखारत्न शाक्यको टोलिले स्वागत गरेको थियो । स्वागत गर्दै उपाध्यक्ष शाक्यले स्वयम्भुमा दर्शनका लागि आउने दर्शनार्थीको सुविधाका लागि केवलकार निर्माण गर्नेतर्फ सोच अघि बढाउन गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो - एकातिर

धार्मिक क्षेत्रमा आउने श्रद्धालुका लागि सजिलो हुने र अर्को तर्फ यसले श्रद्धालुलाई सजिलो पनि बनाएर व्यवसाय गर्ने भएकाले गैरआवासीय नेपालीको तर्फबाट केवलकार निर्माणमा लगानी गर्नु होस् । शाक्यले केवलकार निर्माणको प्रारम्भिक सोच अघि बढि रहेको बताउँदै लगानीका लागि गम्भिर बन्न गैरआवासीय नेपालीलाई आग्रह गर्नुभयो ।

स्वयम्भुमा गैरआवासिय नेपालीहरुले विश्व शान्तिको कामना गर्दै डेढलाख वत्ति समेत वालेका थिए । स्वयम्भुको दर्शन पछि गैरआवासीय नेपालीले आराध्यदेव पशुपतिनाथ पुगेर भगवान शिवको पुजाअर्चना गरे ।

**साईकल ऱ्याली :**

गैरआवासीय नेपालीद्धारा गैरआवासीय नेपाली दिवसको अवसर पारेर पर्यावरण जोगाउन सचेतना जगाउने उद्देश्य सहित साईकल ऱ्याली सम्पन्न गरेका थिए । वडा दशै फूलपातीको विहान स्वयम्भु दर्शनका लागि पुगेका गैरआवासीय नेपालीले स्वयम्भुबाट पशुपतिनाथसम्म साईकल ऱ्याली गरेको हो । ऱ्याली स्वयम्भुबाट सोह्रखुट्टे हुँदै पशुपतिसम्म पुगेको थियो ।



**निष्कर्ष**

- स्वयम्भुमा गैरआवासीय नेपालीहरुले विश्व शान्तिको कामना गर्दै डेढलाख वत्ति बाले
- पर्यावरण जोगाउन सचेतना जगाउने उद्देश्य सहित साईकल ऱ्याली सम्पन्न
- ऱ्याली स्वयम्भुबाट सोह्रखुट्टे हुँदै पशुपतिसम्म

असोज २६

**बागमती सफाई अभियानः**

"मन भित्रै देखि इच्छा भए जुनसुकै काम गर्न केहीले पनि रोक्दैन, म ९ महिनाको बच्चालाई छोडेर यहाँ आएको छु , तर अरुलाई देखाउन गरेको कामले कहिले पनि सफलता पाउदैन ।" अमेरिकामा रहनुभको लक्ष्मी सिंखडाले भन्नुभयो । छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनको पूर्वाधमा अष्टमीको दिन बागमती सरसफाई कार्यक्रममा गैरआवासीय नेपालीहरु सरीक भएका थिए । गैरआवासीय नेपाली

संघको विश्व सम्मेलनका लागी  विभिन्न राष्ट्रबाट आउनुभएका गैरआवासीय नेपालीहरु सरसफाई कार्यक्रममा सहभागी भएका थिए ।

गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेले सहभागीहरुलाई  "म तनमन वचन र कर्मले बागमती नदिको सफाई , स्वच्छता एवम् सम्वर्द्धनका लागी निरन्तर रुपमा समर्पित रहने छु" भनेर सपथ गराउनुभएपछि औपचारिक रुपमा कार्यक्रम सुरु भएको थियो । मीनभवन पुल देखि वानेश्वर क्याम्पससम्म बागमती  किनारा वरपर सरसफाई गरिएको थियो । अध्यक्ष लामिछानेले पवित्र नदी सफा राख्ने दायित्व गैरआवासीय नेपालीको समेत रहेको ठानेर सरसफाई गरेको बताउनुभयो । "वाग्मती सफाई अभियान एउटा राम्रो सुरुवात भएको छ, यसमा देशको हरेक व्यक्तिले कसैको मुख नताकी आफै जागरुक हुनपर्छ अनि मात्र अभियानले सार्थकता पाउने छ " अध्यक्ष लामिछानेले भन्नुभयो ।

संघका उपाध्यक्ष क्याप्टेन हितमान गुरुङले नदीको स्वच्छता कायम गर्न फोहोर व्यवस्थापन गर्नुपर्ने बताउनु भयो । संघका सचिव टीबी कार्कीले अभियान सुरु भए पछि नदी सफा हुन थालेको बताउनुभयो । "नदी हाम्रो सम्पदा हो, देशको गौरवको विषय हो, यो प्रदुषित हुँदा देशको पहिचान गुम्न सक्ने भावलाई गैरआवासीय नेपालीहरुले पनि बुझ्नु भएको छ" उहाँले भन्नुभयो । जेठदेखि सुरु भएको वागमती अभियानले सार्थकता पाउँदै गएको छ ।

कार्यक्रमको  समापनमा बोल्दै गैरआवासीय नेपाली संघका महासचिव तेन्जी शेर्पाले सबै एकजुट भएमा वागमती नदिमा सफा र कञ्चन पानी बग्ने सबैको सपना साकार हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नु भयो, "यो अभियानले हामीलाई  मन भित्रै देखि छोएको छ, तर यो एक दिनको प्रयास होईन,  यसलाई निरन्तरता दिन आवश्यक छ ।"

**निष्कर्ष**

- गत जेठ ५ गते बाट सुरु भएको वाग्मती सरसफाई अभियानमा गैरआवासीय नेपालीका सहभागीता
- तनमन वचन र कर्मले बाग्मती नदिको सफाई, स्वच्छता एवम् सम्वर्द्धन गर्ने प्रण
- मीनभवन पुल देखि वानेश्वर क्याम्पससम्मको वाग्मती  किनारा वरपर सरसफाई
- नदी मुलुकको सम्पदा भएकाले प्रदुषित भई पहिचान गुम्न सक्ने भएकाले सर्तक रहनुपर्नेमा जोड

**असोज ३१**

**क्यान्सर पीडित चिकित्सक डा. चित्रप्रसाद वाग्लेलाई ५ लाख सहयोग :**

विभिन्न देशमा बस्दै आएका गैरआवासीय नेपालीहरुले क्यान्सर पीडित चिकित्सक डा. चित्रप्रसाद वाग्लेको उपचारमा सहयोगका लागि ५ लाख रुपैयां सहयोग गरेका छन् । एनआरएनएका अध्यक्ष जीवा लामिछाने, संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, एनआरएनए रसियाका अध्यक्ष डा. मधुकृष्ण श्रेष्ठ लगायतले डा. वाग्लेलाई भेटेर सहयोग रकम हस्तान्तरण गर्नु भएको थियो । डा. वाग्लेलाई उहाँको साथीहरुको तर्फबाट २ लाख, एनआरएनका संस्थापक अध्यक्ष महतोको तर्फबाट १ लाख र एनआरएनका तर्फबाट १ लाख रुपैयां हस्तान्तरण गरिएको हो । सहयोग हस्तान्तरण कार्यक्रममा विभिन्न देशबाट आएका १५ भन्दा धेरै एनआरएनहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा एनआएनएका आइसिसी सदस्यहरु डा. बद्री केसी, सपिला राजभण्डारी, बेलायतबाट रामशरण सिंखडा, बेल्जियमबाट अर्जुनकुमार श्रेष्ठको उपस्थिती रहेको थियो । सहयोग रकम बुझ्दै क्यान्सर पीडित चिकित्सक डा. चित्रप्रसाद वाग्लेले सहयोगले हौसला प्रदान गरेको बताउनु भयो । यस्तै एनआरएनका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले बोलेर भन्दा पनि गरेर देखाउने बेला आएकोले सबैले मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

**<u>निष्कर्ष</u>**

- डा.वाग्लेका साथीहरुबाट २ लाख, एनआरएन संस्थापक अध्यक्ष उपेन्द्र महतोबाट १ लाख र बाँकी अन्य एनआरएनबाट प्राप्त
- सहयोग हस्तान्तरण कार्यक्रममा एनआरएनए अध्यक्ष जीवा लामिछाने, संस्थापक अध्यक्ष महतो, एनआरएनए रसियाका अध्यक्ष डा. मधुकृष्ण श्रेष्ठ, डा. बद्री केसी, सपिला राजभण्डारी, रामशरण सिंखडा, अर्जुनकुमार श्रेष्ठलगायत १५ भन्दा बढी एनआरएनहरुको उपस्थिति

**<u>असोज ३१</u>**

**एनआरएनए फुटसलको उपाधि जर्मनीलाई :**



एनआरएनए फुटसल टुर्नामेन्टको उपाधि जर्मनीले जितेको छ । विहीबार काठमाडौंमा भएको खेलमा जर्मनीले बहराइनलाई ५ गोलको फराकिलो अन्तरले हरायो । फाइनलमा जर्मनीले १५ र बहराइनले १० गोल गरेका थिए ।

यस अघि फुट्सलको उद्घाटन गर्दै गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष जीवा लामिछानेले एनआरएन सम्मेलन सफल पार्न सबैलाई आग्रह गर्नुभयो । यस्तै संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोले अहिले देशका लागि केही गर्ने बेला आएको भन्दै बोलेर भन्दा पनि केही गरेर देखाउन सबैलाई आग्रह गर्नुभयो । उहाँले मैत्रीपूर्ण भाव देखाएर सबैले काम गर्नुपर्नेमा जोडदिनुभयो ।

उद्घाटन सत्रमा एनआरएनए स्पोर्टस् टास्क फोर्सका संयोजक नारायण गुरुङले खेलको माध्यमबाट युवाहरुमा देश प्रेमको भावना जगाउन फुटसल आयोजना गरिएको बताउनुभयो । फुटसलमा विभिन्न देशबाट सम्मेलनका लागि नेपाल आएका गैरआवासीय नेपालीहरुको सहभागिता थियो । फुटसलमा जर्मनी, बहराइन, बेल्जियम, अमेरिकालगायत टोलीको सहभागिता थियो ।

## निष्कर्ष

- काठमाडौंमा सम्पन्न फाइनल फुटसलमा जर्मनीको १५ र बहराइनको १० गोल
- फुटसलको उद्घाटन एनआरएनए अध्यक्ष जीवा लामिछानेबाट
- फुटसलमा जर्मनी, बहराइन, बेल्जियम, अमेरिकालगायत टोलीको सहभागिता

**नेपाली उत्पादनको प्रवर्द्धन विषयक अन्तर्क्रिया :**



गैरआवासीय नेपाली संघ (एनआरएनए)ले नेपाली उत्पादनको विदेशी बजारमा प्रवर्द्धन गर्न 'पुल'को भूमिका निर्वाह गर्ने भएको छ । स्वदेशी उत्पादनको निर्यात व्यापार बढाउनका लागि एनआरएन समुदायले पुलको काम गर्ने एनआरएनका विभिन्न देशका एनसीसी (राष्ट्रिय समन्वय समिति) प्रतिनिधिहरुले बताएका हुन् ।

एनआरएनको छैटौं अन्तर्राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामा राजधानीमा नेपाल उद्योग वाणिज्य महासंघसंग 'नेपाली उत्पादनको प्रवर्द्धन' का सम्बन्धमा भएको अन्तरक्रिया कार्यक्रममा एनआरएनएबाट यस्तो प्रतिबद्धता आएको हो । उत्पादक कम्पनी वा व्यक्तिले आफ्नो उत्पादनको बजार व्यवस्थापन आफै गर्नुपर्ने तर यसमा ६५ देशमा रहेको एनआरएनको सञ्जालमार्फत् सहजीकरण गर्ने वक्ताहरुले बताउनुभयो । अन्तर्क्रिया कार्यक्रममा महासंघका अध्यक्ष सुरज वैद्यले नेपाली वस्तुको निर्यात व्यापार 'आजको भोलि नै नबढ्ने' भन्दै बजार व्यवस्थापनमा जोड दिनुपर्ने बताउनुभयो । अध्यक्ष बैद्यले भन्नुभयो- 'नेपाली उत्पादनको गुणस्तर र बजार व्यवस्थापनको पक्ष कमजोर छ, यसले पनि स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न सकिएको छैन ।' आफ्ना कमी कमजोरी सुधार्दै उत्पादित वस्तु निर्यातमा जोड दिनुपर्ने उहाँको भनाइ छ ।

नेपाली वस्तुको गुणस्तर कायम गर्न उत्पादन कम्पनी सतर्क रहनुपर्नेमा जोड दिंदै अध्यक्ष वैद्यले उत्पादित वस्तुको बजार व्यवस्थापनका लागि महासंघले २ लाख ५० हजार रुपियांको कोष खडा गर्ने

प्रतिवद्धता जनाउनुभयो । उहांले कम्तिमा ५ वटा उत्पादन पहिचान गरेर एक वर्षभित्र यसको निर्यातमा महासंघलगायत सबै निजी क्षेत्रले पहल गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा एनआरएनका अध्यक्ष जीवा लामिछानेले स्वदेशी वस्तु उत्पादनको बजार व्यवस्थापनका लागि महासंघले प्रतिवद्धता जनाएको २ लाख ५० हजार रुपैयां कोषमा एनआरएनले पनि सोही बराबरको रकम राख्ने बताउनुभयो । 'हाम्रो उत्पादनको बजार विस्तार निकै कमजोर छ, गुणस्तरमा पनि त्यति ध्यान जान सकेको छैन,' अध्यक्ष लामिछानेले भन्नुभयो- 'विदेशमा हुने हरेक वस्तु प्रदर्शनीमा उत्पादक कम्पनीले पहिचानका लागि भए पनि अनिवार्य सहभागिता जनाउनुपर्छ ।' एनआरएनएले हरेक वस्तुको बजारीकरण गर्न नसक्ने भन्दै अध्यक्ष लामिछानेले वस्तुको बिक्री तथा बजार विस्तारका लागि पुलको काम गर्न सम्बन्धित देशमा रहेर पुलको काम गर्न सक्ने बताउनुभयो । सम्बन्धित देशका उत्पादक व्यवसायी तथा निजी क्षेत्रसंग सम्पर्क स्थापित गराई स्वदेशी वस्तुको प्रचारप्रसारमा एनआरएनए प्रतिवद्ध भएर लाग्ने उहाँको भनाई छ ।

विदेशका विभिन्न प्रदर्शनीमा सोचेअनुरुप व्यापार नभए पनि हतोत्साही नहुन व्यवसायीलाई आग्रह गर्दै उहाँले यस्तो सहभागिताले दीर्घकालीन व्यवसाय विस्तारमा सघाउ पुऱ्यमउने स्पष्ट पार्नुभयो । पछिल्लो समय एनआरएनएको सञ्जाल विस्तार भइरहेकाले स्वदेशमा लगानी बढ्दै गएको उहाँको दाबी थियो । अध्यक्ष लामिछानेका अनुसार, पछिल्लो दुई वर्षमा एनआरएन समुदायले विभिन्न सामाजिक क्षेत्रमा ८ करोड रुपियां खर्च गरेको छ । यस्तै हालसम्म १ सय मेगावाट बराबरका जलविद्युत् आयोजनामा करोडौं रुपियां लगानी गरिसकेको समेत लामिछानेले जानकारी दिनुभयो ।

यसै गरी नेपाल हस्तकला महासंघका पूर्वअध्यक्ष पुष्कर शाक्यले स्वदेशी वस्तुको बजार विस्तारमा एनआरएनबाट अपेक्षित रुपमा सहयोग नभएको गुनासो गर्नुभयो । उहांले भन्नुभयो- 'विदेशका प्रदर्शनीमा जाँदा वस्तु बिक्री नभएर फर्काउनु पर्ने अवस्था छ, यसमा एनआरएनले सहयोग गरेमा यस्ता वस्तु फर्काउनु पर्दैनथ्यो । उत्पादित वस्तुको बजार विस्तार गर्नका लागि उत्पादक कम्पनी र एनआरएनएबीच सहकार्य, सञ्चार र प्रतिवद्धताको पनि अभाव रहेको शाक्यले स्पष्ट पार्नुभयो ।

एनआरएनए रसियाका प्रतिनिधि डा. बद्री केसीले एनआरएनए सामाजिक संस्था भएकोले व्यापारिक रुपमा काम गर्न नसक्ने बताउनुभयो । 'एनआरएनले स्वयंसेवक भएर नेपाली वस्तुको बजार व्यवस्थापन तथा सहजीकरण गर्दै आएकाले आगामी दिनमा यसलाई अझ प्राथमिकता दिइनेछ,' डा. केसीले भन्नुभयो । नेपालको जलविद्युत् विकासमा लगानी बढाउँदै नेपाली वस्तु विदेशमा निर्यात गर्नका लागि एनआरएनले पूर्णरुपमा सहयोग गर्ने विभिन्न एनसीसी प्रतिनिधिहरुले बताएका थिए ।

**निष्कर्ष**

- स्वदेशी उत्पादनको प्रवर्द्धनमा सघाउने एनआरएनका विभिन्न देशका एनसिसि (राष्ट्रिय समन्वय समिति) प्रतिनिधिको प्रतिवद्धता
- नेपाली वस्तुको बजार व्यवस्थापन गर्न नेपाल उद्योग वाणिज्य महासंघद्वारा २ लाख ५० हजार बीउ पुंजी राखेर एक कोष स्थापना गर्ने प्रतिवद्धता, सो कोषमा त्यति नै रकम एनआरएनले पनि राख्ने प्रतिवद्धता
- कम्तिमा ५ वटा उत्पादन पहिचान गरेर एक वर्षभित्र निर्यातमा जोड दिने महासंघको प्रतिवद्धता
- विदेशमा हुने हरेक वस्तु प्रदर्शनीमा उत्पादकले पहिचानका लागि पनि अनिवार्य सहभागिता जनाउनुपर्नेमा जोड

**एनआरएनद्वारा १० ह्वीलचेयर प्रदानः**

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले चितवन भरतपुरस्थित एक अपाङ्ग सहायता संस्थालाई १० वटा ह्वीलचेयर प्रदान गरेको छ । राजधानीमा बिहीबार आयोजित एक कार्यक्रमका वीच उक्त ह्वीलचेयर संस्थालाई हस्तान्तरण गरिएको हो ।

<u>**कार्तिक १**</u>

**एनआरएनए र नेपाल आर्थिक पत्रकार समाज (सेजन)को संयुक्त आयोजनामा आयोजित पत्रकार सम्मेलन :**




छैटौं गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन तथा गैरआवासीय नेपाली विश्व सम्मेलनमा ५० मुलुकका १ हजार ३ सय भन्दा बढी प्रतिनिधिले सहभागीता जनाउने भएका छन् । राजधानीमा आयोजित पत्रकार सम्मेलनमा सम्मेलनमा सहभागी हुनका लागि १ हजार ३ सयभन्दा बढीले नाम दर्ता गराइसकेको जानकारी दिइएको छ । एनआरएनए र नेपाल आर्थिक पत्रकार समाज(सेजन) को संयुक्त आयोजनामा आयोजित पत्रकार सम्मेलनमा महाधिवेशन र सम्मेलनको सम्पूर्ण तयारी पुरा भएको जानकारी दिइयो । संघको अन्तर्राष्ट्रिय महाधिवेशन शनिबार र आईतबार राजधानीमा सम्पन्न हुँदैछ । अधिवेशनले नयाँ नेतृत्व चयन गरेपछि सोमबार र मंगलबार राजधानीमै छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनको आयोजना हुनेछ । संघले 'गैरआवासीय नेपाली र नेपाल : समृद्धिका साझेदार' भन्ने नाराका साथ सम्मेलन आयोजना गर्न लागेको हो । विश्वका ६५ वटा मुलुकमा राष्ट्रिय परिषद् भएको संघको सम्मेलनको आगामी सोमबार बिहान साढे ८ बजे राजधानीको आर्मि अफिसर्स क्लबमा राष्ट्रपति डा. रामवरण यादवले उद्घाटन गर्नुहुने छ । सम्मेलनमा सामूहिक लगानी, वैदेशिक रोजगारी, परोपकार, गैरआवासीय नेपालीको नागरिकताको निरन्तरता, निजी क्षेत्रसँगको साझेदारीलगायतका विषयमा छलफल हुनेछ । सम्मेलनमा प्रमुख दलका शीर्ष नेताहरुलाई आमन्त्रण गरी उनीहरुसँग नेपालका लागि आर्थिक उन्नतीका विषयमा छलफल समेत गरिनेछ ।

पत्रकार सम्मेलनमा बोल्दै संघका अध्यक्ष जीवा लामिछानेले संघ सामाजिक संस्थाको रुपमा स्थापित भएकाले नेपालमा विभिन्न परोपकारी काम गरिरहेको जानकारी दिनुभयो । 'हामीले दुई वर्षको कार्यकालमा धेरै परोपकारी कार्य गरेका छौं,' उहाँले भन्नुभयो, 'यस अवधिमा हामीले संस्थागतरुपमा करिब ८ करोड र संघका सदस्यहरुले व्यक्तिगत रुपमा करिब ३० करोड रुपैयाँ बराबरको परोपकारी कार्य भएको छ ।' उहाँले संघ स्थापना भएको १० वर्ष पुरा भएकाले यस पटकको सम्मेलन विशेष महत्वको रहेको बताउनुभयो । सामूहिक लगानी गर्ने क्रममा आफ्नो कार्यकालमा २७ मेगावाटको दोर्दीखोला जलविद्युत परियोजना सुरु भएको उहाँले जानकारी दिनुभयो ।

नेपालको विकासका लागि अब आर्थिक मुद्दालाई अघि बढाउनुपर्ने भएकाले यसपटक प्रमुख दलका नेताहरुलाई समेत ल्याएर उनीहरुका आर्थिक एजेन्डाको विषयमा छलफल गर्न लागिएको जानकारी दिनुभयो । गैरआवासीय नेपाली ऐनमा २ वर्ष विदेशमा बसेको व्यक्ति एनआरएन हुने व्यवस्था गरिएको र संस्थाको विधानमा भने ६ महिना विदेशमा बसेको व्यक्ति एनआरएन हुने व्यवस्थाका कारण हालसम्म नेपालमा संस्था दर्ता हुन नसकेको उहाँले बताउनुभयो । यो समस्या हल गर्न यसपटकको महाधिवेशनमा छलफल गरेर निकास निकाल्ने लामिछानले बताउनुभयो ।

उहाँले सूचनाको अभावका कारण वैदेशिक रोजगारीका क्रममा समस्या हुने गरेको बताउंदै संघले विभिन्न मुलुकको जानकारी समेटेर हाते किताब प्रकाशन गरी सबै गाविसमा निःशुल्क वितरण गर्न लागेको बताउनुभयो ।

संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोले १० वर्षमा एनआरएन आन्दोलनले निक्कै गति लिएको बताउनु भयो । उहाँले १० वर्षको अवधिमा विश्वका जुनसुकै कुनामा बस्ने नेपालीले पनि नेपाली भएकोमा गर्व गरेर बस्न सक्ने र कुनै समस्या भएमा एनआरएन सञ्जालमार्फत हल गर्न सक्ने क्षमता राख्नु गर्वको विषय भएको बताउनुभयो । महतोले एनआरएनए सामाजिक संस्था भएकाले यसमा कुनैपनि खालको राजनीति नहुने बताउनु भयो । 'हामीले संस्था सुरु गरेदेखि नै कुनै पार्टीको टोपी ओडेका व्यक्तिलाई समेत टोपी फालेर संस्थामा पस्न र निस्केपछि मात्र पार्टीको टोपी लगाउन भनेका छौ,' उहाँले भन्नु भयो, 'यो सबै राजनीतिक विचार, जातजाती, क्षेत्र र समूदायको साझा संस्था भएकाले यसमा कुनै राजनीति हुनेछैन ।'

पत्रकार सम्मेलनमा संघका महासचिव तेन्जी शेर्पाले अन्तर्राष्ट्रिय महाधिवेशनको बारेमा जानकारी दिनु भएको थियो । संघका प्रवक्ता हेमराज शर्माले सम्मेलनको बारेमा जानकारी दिनुभयो । संघका प्रमुख संरक्षक देवमान हिराचनले संघ विभिन्न सकारात्मक र परोपकारी कार्यमा क्रियाशिल रहेको बताउनु भयो । उहाँले संस्थालाई अझै राम्रो बनाउन आलोचनात्मक सुझाव दिने व्यक्तिहरु पनि आवश्यक पर्ने बताउनु भयो ।

**<u>निष्कर्ष</u>**

- एनआरएन सम्मेलनमा ५० देशका १३ सय सहभागी हुने जानकारी
- सम्मेलन अवधि २ गतेदखि ५ गतेसम्म
- २ गते र ३ गते संघको अन्तर्राष्ट्रिय महाधिवेशन, नयाँ नेतृत्व चयन गर्ने
- ४ र ५ गते 'गैर आवासीय नेपाली र नेपालः समृद्धका साझेदार' भन्ने नाराका साथ छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन, उद्घाटन राष्ट्रपति डा.रामबरण यादवबाट गरिने जानकारी
- विश्वका ६५ मुलुकमा राष्ट्रिय परिषद् गठन भएको जानकारी
- सम्मेलनमा सामूहिक लगानी, वैदेशिक रोजगारी, परोपकार, गैरआवासीय नेपालीको नागरिकताको निरन्तरता, निजी क्षेत्रसँगको साझेदारीलगायतका विषयमा छलफलका साथै प्रमुख दलका शीर्ष नेताहरुसँग नेपालका लागि आर्थिक उन्नतीका विषयमा पनि छलफल हुने जानकारी

- पछिल्लो दुई वर्षमा संस्थागतरुपमा करिब ८ करोड र संघका सदस्यहरुले व्यक्तिगतरुपमा करिब ३० करोड गरी ३८ करोड रुपैया परोपकारी कार्यमा खर्च भएको जानकारी
- सामूहिक लगानीका क्रममा यस अवधिमा २७ मेगावाटको दोर्दीखोला जलविद्युत परियोजना सुरु भएको जानकारी
- सूचनाको अभावका कारण वैदेशिक रोजगारीका क्रममा समस्या हुने गरेकाले संघले विभिन्न मुलुकको जानकारी समेटेर हाते किताब प्रकाशन गरि सबै गाविसमा निःशुल्क वितरण गर्ने जानकारी

**कार्तिक १**

**महिलाका अधिकार र चुनौती विषयक अन्तर्क्रिया :**




नेपालमा चेतना र शिक्षाको पहुँचमा पुग्न नसक्दा महिलाको अधिकार स्थापना हुन नसकेको सरोकारवालाले बताएका छन् । एनआरएनए विश्व सम्मेलनको पूर्वसन्ध्यामा भएको महिलाका अधिकार र चुनौती विषयक अन्तक्रियामा वोल्ने अधिकांश सदस्यले पर्याप्त चेतनाको अभावमा महिला पछि परेको बताएका हुन् । एनआरएनए महिला सह-संयोजक राधा वस्नेतले नेपालमा महिला र पुरुषवीचको समानताको लडाँईको इतिहास लामो भएपनि समानताको पक्षमा प्रगति शुन्य रहेको बताउनुभयो । उहाँले अहिले पनि समाजमा महिलालाई पुरातन दृष्टिकोणले नै हेरिने गरिएको बताउनुभयो । पितृसतात्मक सोचका कारण शिक्षित महिलाहरु समेत पुरुषको छायाँमा बाच्न बाध्य भएको बस्नेतको भनाई छ । पुरुष प्रधान सोचकै कारण एनआरएनएको नेतृत्वमा महिला सहभागिता कम भएको बस्नेतले बताउनुभयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगकी सदस्य मोहना अन्सारीले महिलाहरु अहिले पनि राज्यको दोस्रो दर्जाको नागरिकको हैसियतमा बाँच्न वाध्य भएको बताउनुभयो । महिलाको पहिचान बाबु र पतिसंग जोडिएको, सम्पत्तिमाथी महिलाको अधिकार हनन हुने गरेको तथा राज्यका हरेक अंगमा महिलाको ३३ प्रतिशत सहभागिता समेत पुरुषको दयामायांमा भर परेको बताउनुभयो । उहाँले राज्यका हरेक निकायमा महिलाको तेत्तिस प्रतिशत सहभागिता अनिवार्य हुनुपर्ने नियमको प्रमुख दलहरुले नै

कार्यान्यन नगरेको बताउनुभयो । उहाँले संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ नेपाली कांग्रेसले आठ, एमालेले चौविस र माओवादीले सत्ताईस जनाको मात्रै नाम सिफारिस गर्नुले पनि महिलालाई हेपिएको पुष्टि भएको बताउनुभयो । उहाँले महिला अधिकारबारे पर्याप्त चेतना फैलाउन गैरआवासीय नेपाली महिलाले महत्वपुर्ण भुमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्राध्यपक अमोदा श्रेष्ठले उच्च तहमा महिलाको पहुँच पुग्न नसक्दा समस्या उत्पन्न भएको बताउनुभयो । उहाँले राज्यको श्रोतहरुमा नै महिलाको पुहुँच पुऱ्याउन आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा महिला पुर्नस्थापना केन्द्रकी अध्यक्ष रेणुराज भण्डारीले महिलाले आफ्नो शरिर माथी आफ्नै नियन्त्रण कायम गर्न नसके सम्म महिलाको अधिकारलाई स्थापित गराउन नसकिने बताउनुभयो । महिलाको समानताको मुद्धा कमजोर हुनुमा राज्यको विभेदकारी नीति समेत जिम्मेवार रहेको भण्डारीको भनाई छ । नेपाली महिलालाई अहिले लेवनान, खाडी, दक्षिण अफ्रिकी लगायतका मुलुकमा लगेर घरेलु कामदारका रुपमा यौन शोषण गर्ने गरिएको भण्डारीले बताउनुभयो । भोजपुरकी सिता राईलाई बलत्कार गर्ने कार्यमा राज्यका कर्मचारीनै संलग्न रहेको भन्दै उहाँले मुलुकभित्रै पनि महिला प्रत्येक मिनेटमा बलात्कारमा पर्ने गरेको बताउनुभयो । कार्यक्रममा महिला सुरक्षा दवाव समूहकी संयोजक इरादा पराजुलीले राज्यका हरेक निकायमा महिलाको समान सहभागिताका लागि विभिन्न अभियानहरु चलाईरहेपनि प्रभावकारी हुन नसकेको स्वीकार गर्नुभयो । उहाँले महिलामाथी विभिन्न समयमा भएका हिंसा जन्य घटनाको तथ्याङ्क समेत सार्वजनिक गर्नुभएको थियो । कार्यक्रममा एनआरएनए अमेरिकाकी प्रतिनिधि तथा नेपाल दलित महिला उत्थान संघकी अध्यक्ष विष्णुमाया परियारले नेपालमा महिलाको उत्थानका लागि करोडौं रुपैयाँ खर्च गर्ने गरिएपनि प्रभावकारी हुन नसकेको बताउनुभयो । उहाँले समानताका नाममा राजधानीका तारे होटलहरुमा खर्च गर्नुभन्दा ग्रामिण भेगका महिलाको शिक्षा तथा स्वास्थ्यमा खर्च गर्नु उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रमा एनआरएनए महिला हितका लागि विभिन्न ३२ मुलुकमा महिला संयोजक नियुक्त भईसकेको जानकारी दिईएको थियो । सो कार्यक्रममा पहिलो महिला राजदुत विन्देश्वरी शाहको पनि उपस्थिती थियो । विभिन्न क्षेत्रका वौद्धिक महिला सहभागी रहेको कार्यक्रममा प्राध्यपक राजेन्द्र कुमार बिसीले मातृस्वास्थ्य सम्वन्धमा कार्यपत्र पेश गर्नुभएको थियो ।

**निष्कर्ष**

- पितृसत्तात्मक सोचका कारण शिक्षित महिला समेत पुरुषको छायाँमा बाच्न बाध्य
- पुरुष प्रधान सोचकै कारण एनआरएनको नेतृत्वमा महिला सहभागिता कम
- शिक्षा र चेतनामा सुधार नल्याए महिला समानताका कुरा अर्थहीन
- राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता अझै अपूर्ण
- समानताको मुद्धा कमजोर हुनुमा राज्यको विभेदकारी नीतिनै प्रमुख कारक
- महिलाको उत्थानका लागि करोडौं खर्च भएपनि अप्रभावकारी
- समानताका नाममा तारे होटलमा खर्च गर्नुभन्दा ग्रामिण भेगमा शिक्षा र स्वास्थ्यमा खर्च गर्नु पर्नेमा जोड

**प्रोजेक्ट च्याम्पियन सम्बन्धि अन्तरक्रिया :**

गैरआवासीय नेपाली संघको छैटौं विश्व सम्मेलनका दौरान खुला विश्वविद्यालय स्थापना सम्बन्धि प्रगति र संभावनाबारेको अन्तरक्रिया राजधानी काठमाडौंमा सम्पन्न भयो । अन्तक्रियामा विज्ञहरूले ज्ञान, सीप लगानीको सहज माध्यमका लागि खुला विश्वविद्यालयलाई अगाडी बढाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले पैसालाई भन्दा ज्ञान, सीप र विवेक भएको व्यक्तिमा लगानी गर्न पछि पर्न नहुने बताउनुभयो । उहाँले,'पैसा ठूलो होईन । सीप र ज्ञान ठूलो हो । हाम्रो देशलाई समृद्ध बनाउन ज्ञानका मन्दीर बनाउनुपर्ने खााचो छ' उहाँले भन्नुभयो । महतोले थप्नुभयो, 'देशले सीप दिएरमात्र बैदेशिक रोजगारमा कामदार पठाएको भए अहिले प्राप्त भईरहेको रेमिट्यान्स रकममा ४० देखि ५० प्रतिशतको बृद्धि हुने थियो ।' विद्या आर्जनका लागि खुला विश्वविद्यालयको आवश्यकता रहेकोमा उहाँको जोड थियो ।




संघका प्रमुख संरक्षक देवमान हिराचनले ज्ञान र सीप  विकासमा लगानी गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो । 'नेपाली दाजुभाई तथा दिदी बहिनीहरू दिनरात काम गरिरहेका छन् तर खानै कठिन छ' संरक्षक हिराचनले भन्नुभयो, 'उता अमेरिकामा समान्य काम गरेर बस्नेहरू सुनको औंठी लगाएर मस्त जीवन बााचिरहेका छन्' उहाँले थप्नु भयो ।

कार्यक्रममा डा.प्रमोद ढकालले खुला विश्वविद्यालयका माध्यमबाट मानिसले ज्ञान आर्जन गर्न पछि पर्न नहुने भन्दै आवश्यक नीति निर्माणमा जोड दिनुभयो । २० वर्षदेखिको प्रयत्न सफल हुनेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो । उहाँले नेपालमा खुल्ला विश्वविद्यालयको सम्भावना र विकासको खुड्किलोबारे पनि प्रकास पार्नुभएको थियो ।

कार्यक्रममा शिक्षा मन्त्रालय योजना महाशाखाका महानिर्देशक महाश्रम शर्माले कानुनी संरचना नहुँदा विश्वविद्यालय संचालन गर्न अप्ठेरो परेको बताउनुभयो । शिक्षा मन्त्रालयले  खुल्ला विश्वविद्यालय सम्बन्धि विधेयक अगाडी बढाएको र विधेयक पास गराउन सहयोग गर्न सरोकारवालासंग आग्रह समेत गर्नुभयो ।

विज्ञान प्रबिधि मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीले विज्ञान प्रबिधि तथा खुल्ला विश्वविद्यालय सम्बन्धी कानुनलाई स्पष्ट पार्नुपर्ने खाँचो औंल्याउनुभयो । पछिल्लो समय नेपाल प्रबिधिको डम्पिङसाईड बन्ने खतरा बढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले प्रबिधिको सही सदुपयोगमा ध्यान दिन आग्रह गर्नुभयो । खुला विश्वविद्यालय तथा विज्ञान प्रबिधिको विकासका नयाँ योजना ल्याउन संघलाई आग्रह गर्दै उहाँले विकासमा सहकार्य गर्न सरकार तयार रहेको जानकारी गराउनुभयो ।

काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति सुरेशराज शर्माले खुला विश्वविद्यालय स्थापना गर्न आवश्यक भइसकेको बताउनुभयो ।  कार्यक्रममा  धारणा राख्दै प्राज्ञ डा. सुधा त्रिपाठीले ज्ञान र  सीपमा गरेको लगानी बराबर अरू क्षेत्रमा गरेको लगानी नहुने भन्दै त्यसमा सबैको समर्पणभाव हुनुपर्ने धारणा

राख्नुभयो । प्राज्ञ डा. विद्यानाथ कोईरालाले २४ घण्टा नै ज्ञान दिनेगरी रेडियो तथा टेलिभिजन कार्यक्रम संचालन गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा एनआरएनएका सल्लाहकार द्रोण रसायली, डा. राजु अधिकारी, प्राज्ञ डा. मन वाग्ले, त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति डा. कमलकृष्ण जोशी, नाष्टका उपकुलपति डा. सुरेन्द्रराज काफ्ले लगायतले ज्ञान, शीप तथा प्रबिधिमा लगानी बढाउनुपर्ने धारणा राख्नुभएको थियो ।

**निष्कर्ष :**

- ज्ञान, सीप र प्रविधि हस्तान्तरणका लागि खुला विश्वविद्यालय आवश्यक रहेकोमा जोड
- सीप सहित बैदेशिक रोजगारीमा कामदार पठाउदा हालको रेमिटेन्समा ४० देखि ५० प्रतिशतले बृद्धि हुने अनुमान
- खुला विश्वविद्यालय स्थापनाका लागि आवश्यक नीति निर्माणमा जोड
- शिक्षा मन्त्रालयद्धारा खुला विश्वविद्यालय सम्बन्धि विधेयक अगाडि बढाएको जानकारी

**नेपाली युवा, नयां नेपालको गर्व विषयक अन्तर्कृया कार्यक्रम :**




गैरआवासीय नेपालीहरुको संस्था (एनआरएन) को ग्लोबल सम्मेलन २०१३ को पुर्व सन्ध्यामा एनआरएन युवा समूहको आयोजनामा 'नेपाली युवा, नयाँ नेपालको गर्व' विषयक सम्मेलनको आयोजना गरियो । नेपालका लागि गैरआवासीय नेपाली युवाले गर्न सक्ने योगदान र भुमिकाको विषयमा केन्द्रित कार्यक्रममा अधिकांश वक्ताहरुले नयाँ नेपाल निर्माणका लागि स्वदेश वा विदेशमा जहाँ बसेर भएपनि आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नुपर्नेमा जोड दिए । नेपाली युवा समृद्ध नेपाल निर्माणका लागि सुपर पावर भएको उल्लेख गर्दै कला, संस्कृति, इतिहास र सुन्दरतामा विश्वकै धनी नेपालको सबै क्षेत्रको विकास र विस्तारका लागि युवा जागरुक हुनुपर्ने उल्लेख गरे । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले गैरआवासीय नेपालीमध्ये ७० प्रतिशत भन्दा बडी युवा रहेको उल्लेख गर्दै नेपाल विश्वमै उत्पादनका लागि क्षमतावान मुलक भएकोले विदेशमा रहेका युवाका लागि नेपाल फर्केर नयाँ अवसरहरु

सिर्जना गरी मुलुकमै रमाउनुको विकल्प नभएको बताउनुभयो । नेपालमा रहेका समस्या समाधान गरी युवाहरुले युवाभित्र रहेको निराशालाई अवसरको रुपमा रुपान्तरण गर्न आग्रह गर्दै अध्यक्ष वैद्यले राजनीतिक अस्थिरताले थलिएको नेपालमा युवाको प्रयासबाट मात्र रुपान्तरण हुन सक्ने बताउनुभयो । एनआरएनका पुर्व अध्यक्ष उपेन्द्र महतोले व्यक्तिगत रुपमा धनी भन्दा पनि युवावर्ग देशलाई धनी बनाउनका लागि अग्रसर हुनुपर्ने बताउादै नयाँ नेपाल होइन, समृद्ध नेपाल बनाउनका लागि युवा वर्गको सकृयता जरुरी रहेको बताउनुभयो । एनआरएन युवा समूहका संयोजक धुब्र सुवेदीले विदेशमा रहेका युवाले नेपालको विकासका लागि विभिन्न परियोजनामार्फत सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । एनआरएनका उपसंयोजक आशिष शेरचनले नयाँ नेपालका लागि युवा सुपर पावर भएको उल्लेख गर्दै नयाँ अवसर सिर्जनाका लागि नेपालमै संघर्ष गर्दा सफलता पाउन सकिने बताउनुभयो ।

नेपालमै बसेर ठूलो संघर्षका साथ सफलता प्राप्त गरेका समाजसेवी अनुराधा कोइराला, खेलाडी दीपक विष्ट, चलचित्र निर्देशक निश्चल बस्नेत, नेपाल समाचारपत्रका प्रमुख कार्यकारी अधिकृत एवं प्रबन्ध सम्पादक दिरेकलाल श्रेष्ठ, फोटो ग्राफर गौरवमान शेरचन लगायतका युवाले आफ्ना संघर्षका अनुभवहरु साट्दै युवावर्गलाई देशको हितका लागि अग्रसर हुन आग्रह गर्नुभएको थियो । समाजसेवी कोइरालाले नेपालमा युवामाझ मानव वेचविखनको समस्या ठूलो चुनौतीको रुपमा रहेको उल्लेख गर्दै लैंगिक विभेद, शिक्षामा भेदभाव, रोजगारको खोजी, खुल्ला सीमा, सम्पत्ति लगायतको कारणले बेचविखन बढेको बताइन् । उहाँले पशुपति मन्दिरको परिसरमा मागिरहेका महिलाहरुको पीडाबाट जन्मिएको माइती नेपालले ठूलो संघर्षका साथ अहिलेसम्म ६ सय ८६ जना बेचविखन गर्ने दलालहरुलाई जेलमा हालेर वेचविखनमा संलग्न हुनेहरुलाई निरुत्साहित गर्न सफल भएको बताउनु भयो ।

तेक्वान्दोका स्वर्ण पदक विजेता विष्टले डडेल्धुराको गाउँमा मोझाको भलिबलदेखि साफ गेममा स्वर्ण पदक विजेता बन्दासम्मको संघर्ष र पीडा सुनाउँदै नेपालमै प्रशस्त अवसर भएकोले नेपालमै बसेर आफ्नो क्षेत्रमा रहेको विकृति, विसंगति अन्त्य गरी सफलताका लागि संघर्ष गर्न उपयुक्त हुने बताउनुभयो ।

चलचित्र लुटका निर्देशक निश्चल बस्नेतले असफल भएपनि विदेश नगई स्वदेशमै कार्म गर्न सुझाव दिनुभयो । नेपाल समाचारपत्रका प्रमुख कार्यकारी अधिकृत एवं प्रबन्ध सम्पादक श्रेष्ठले विदेशमा पुगेर प्रतिवद्धता र शक्ति लिएर देशमा फर्की स्वदेशमै रहेको अवसरलाई उपयोग गरी राष्ट्र विकासमा योगदान दिन सक्नुपर्ने बताउनुभयो । उहाँले १० हजार एनआरएनएलाई एक/एक परियोजना सञ्चालन गरी राष्ट्रलाई योगदान दिन सुझाव दिनुभयो । फोटोग्राफर गौरवमान शेरचनले नेपालको संस्कृतिलाई सुन्दरतालाई विश्वमाझ चिनाएर पर्यटन विकासमा युवाले ठूलो योगदान दिन सक्ने बताउनुभयो । टिच फर नेपालकी कल्पना पौडेलले नेपालको सफलताका लागि सबै बालबालिकालाई शिक्षा प्रदान गर्नका लागि व्यक्तिगत र सामुहिक रुपमा सबै युवा सक्रिय हुनुपर्ने बताउनुभयो । युवा संस्थाका संस्थापक दीपेन्द्र केसीले युवाको क्षमता र दक्षता अभिवृद्धिसंगै उनीहरुलाई देश विकासमा लगाउनुपर्ने बताउनुभयो ।

**<u>निष्कर्ष :</u>**

- गैरआवासीय नेपालीमा ७० प्रतिशत भन्दा बढी युवा
- व्यक्तिगत रुपमा धनी भन्दा युवावर्गले देशलाई धनी बनाउनुपर्नेमा जोड
- युवाहरुद्वारा आफ्ना संघर्षका अनुभवहरु साट्दै युवावर्गलाई देशको हितका लागि अग्रसर हुन आग्रह
- मानव वेचविखनको समस्या ठूलो चुनौती

- लैंगिक विभेद, शिक्षामा भेदभाव, रोजगारको खोजी, खुल्ला सीमा, सम्पत्ति लगायतको कारणले बेचविखनमा बृद्धि
- माइती नेपालमार्फत हालसम्म ६ सय ८६ जना बेचविखन गर्ने दलालहरुलाई जेलमा पठाएर मानव वेचविखनको विपक्षमा दरिलो कामको सुरुवात
- विदेशी प्रतिवद्धता र शक्ति लिएर स्वदेशी अवसरलाई उपयोग गरी राष्ट्र विकासमा योगदान दिनुपर्नेमा जोड
- कम्तीमा १० हजार एनआरएनले एक/एक परियोजना सञ्चालन गरी राष्ट्रलाई योगदान दिन सुझाव

**वैदेशिक रोजगारी सम्बन्धी छलफल :**

वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङले वैदेशिक रोजगारी जाने कामदारलाई कम जोखिम र बढी आम्दानी हुने काममा लैजान केन्दित गर्नुपर्ने बताउनुभयो । एनआरएनद्धारा आयोजित सुरक्षित आप्रवासन सम्बन्धी बृहत छलफल तथा अन्तक्रिया कार्यक्रममा गुरुङले सम्बन्धित देशसंग सम्झौता गरेर मात्र कामदार पठाउने वातावरण बनाउन आग्रह गर्नुभयो । नेपालमा बढी रेमिट्यान्स भित्र्याउन खाडी मुलुकमा रोजगारीमा जाने कामदारलाई दक्ष बनाएर पठाउनु पर्ने उहाँको भनाइ छ । त्यस्तै अमेरिका तथा युरोपमा रहेका एनआरएनले नेपालमा रेमिट्यान्स नपठाउने र हाल भित्रिरहेको रेमिट्यान्स खाडीमुलुक र मलेशियाको रोजगारीमा गएका कामदारले मात्र पठाइरहेको उहाँको दावी छ ।




कार्यक्रममा एनआरएनका सचिव तथा अन्तर्राष्ट्रिय समन्वय परिषद वैदेशिक रोजगार कार्यदलका संयोजक टिबी कार्कीले कामदारका समस्यालाई जुनसुकै हालतमा पनि समाधान गरिने बताउनुभयो । नेपालमा पनि कामदारका समस्यालाई लिएर केही दिन भित्रै सरकारसमक्ष डेलिगेसन जाने उहाँले जानकारी दिनुभयो । हाल मलेसिया तथा साउदी अरबमा गैरकानुनी रुपमा बस्दै आएका कामदारहरुको

समस्या सिर्जना भएको र उनीहरुको समस्या समाधानका लागि एनआरएनले तत्काल पहल गर्ने कार्कीले बताउनुभयो ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष बलबहादुर तामाङले वैदेशिक रोजगारमा गएका कामदारले बन्द हड्ताल गर्न नहुने बताउनुभयो । कामदारले सम्बन्धित कम्पनीमा गएर बन्द हड्ताल गरेकै कारण मेनपावर कम्पनी तथा कामदारको रोजीरोटी गुम्ने खतरामा पुगेको उहाँले जानकारी दिनुभयो । त्यस्तै नेपालको वैदेशिक रोजगार सम्बन्धि ऐन कानुन समय सापेक्ष नभएकाले भिसा पाएका ३५ हजार भन्दा बढी कामदार रोजगारीमा जान नपाएको उहाँले बताउनुभयो ।

एनआरएनको वैदेशिक रोजगार सूचना केन्द्रका धर्म केसीले विदेशमा रहेका नेपाली दुतावासका सेल्टरमा सयौं महिला कामदारहरु शरणमा रहेका बताउनुभयो । ती सेल्टरहरुमा शरणमा आउने महिला कामदारमाथि नियोगका कर्मचारीले अभद्र व्यवहार गर्ने गरेको समेत उहाँले बताउनुभयो । आगामी दिनमा महिला कामदारको सेल्टरमा सरकारले महिला कर्मचारी नै खटाउनुपर्ने उहाँको माग रहेको थियो । त्यस्तै खाडी मुलुकमा राजदुतले व्यक्तिगत स्वार्थमा नीहित रहेर कामदारको तलव निर्धारण गरेको उहाँको आरोप छ ।

कार्यक्रममा नेपाल सेन्टर फर इन्क्लुसिभ ग्रोथका ह्यारी जोन्सले वैदेशिक रोजगारबाट भित्रिएको रेमिट्यान्सले नेपालको कुल गार्हस्थ उत्पादनमा ठुलो योगादन दिएको भन्दै भुक्तानी सन्तुलनमा समेत उल्लेख सहयोग गरेको बताउनुभयो । उहाँले नेपालको वित्तीय तरलता व्यवस्थापनमा समेत रेमिट्यान्सको उल्लेख्य योगदान रहेको बताउनुभयो । उहाँले १९९६ बाट अहिलेसम्ममा २० लाख नेपाली गरिबीको रेखाबाट माथि उठेको र यसमा सबैभन्दा ठुलो योगदान वैदेशिक रोजगारीकै रहेको बताउनुभयो । सरकारले वैदेशिक रोजगारीमा जाने कामदारको अधिकतम लागत खाडी मुलुक र मलेशियाको हकमा ७० देखि ८० हजार निर्धारण गरेपनि कामदारले १ लाख २० हजार भन्दा धेरै रकम तिर्न बाध्य भएको बताउनुभयो ।

वैदेशिक रोजगार प्रतिनिधि एजेन्ट एसोसिएसनका अध्यक्ष खड्गबहादुर श्रेष्ठले नेपालमा रहेका एजेन्टलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभयो । नेपालमा हजारौंको संख्यामा एजेन्ट रहेपनि सरकारी तथ्यांकमा थोरैमा मात्र रहेको उहाँको दावी छ । त्यस्तै नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष प्रवीण तिवारीले हाल वैदेशिक रोजगारीमा कामदारको स्वास्थ्य परीक्षणमा रहेको कार्टेलिङ तत्काल अन्त्य गर्नुपर्ने बताउनुभयो ।

एनआरएनका सचिव तथा अन्तर्राष्ट्रिय समन्वय परिषद वैदेशिक रोजगार कार्यदलका संयोजक टिबी कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रम वैदेशिक रोजगारसंग सम्बन्धित विभिन्न विषय वस्तु माथि छलफल भएको थियो । कार्यक्रममा पिएनसिसीका अध्यक्ष महेन्द्र पाण्डे, नेपाल वैदेशिक रोजगार मेडिकल एसोसिएसनका राजेश्वर डी श्रेष्ठ, सिडिएम स्मिथका राजीवकुमार थापालगायतले मन्तव्य राख्नुभएको थियो । साथै अन्तरक्रिया कार्यक्रममा विभिन्न देशबाट आएका एनआरएनहरुले कामदारका हकहित सम्बन्धि प्रश्न उठाउनुका साथै अर्न्तक्रियामा सक्रिय सहभागिता जनाउनुभएको थियो ।

**निष्कर्ष**

- वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा तथा उनीहरुमाथि हुने शोषणको अन्त्यका लागि स्वदेशमा तालिमलाई उच्च प्राथमिकतामा राख्न जोड
- विदेशमा जाने कामदारहरु विदेशमा मात्र नभई स्वदेशमा पनि ठगिनु दुखःद
- सीप तथा क्षमता भएका कामदार मुलुक बाहिर जाँदा कम शोषणमा पर्ने

- वैदेशिक रोजगार विभागका अनुसार नेपालबाट ७३.८२ प्रतिशत अदक्ष कामदार विदेशिने, ०.२ प्रतिशत मात्रै उच्च सिपयुक्त जाने गरेका
- रोजगारीमा जानुपूर्व, गएपछि र फर्केर आउँदा जान्नुपर्ने विभिन्न विधिका बारेमा जानकारी दिने पुस्तक मुख्यसचिव लिलामणि पौडेल लगायतबाट सार्वजनिक
- बैदेशिक रोजगारीका क्षेत्रमा अनुसन्धानमा क्रियाशिल डा. गणेशमान गुरुंलाई कदरपत्रसहित सम्मान
- एनआरएन र नेपाल सरकारः सहकार्यको एक दशक र अतिररिक्त विषयक अन्तरक्रिया
- नेपालको विकास प्रक्रियामा एनआरएनको महत्वपुर्ण भूमिका रहेको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.रविन्द्र कुमार शाक्यको भनाई
- नेपालको विकास प्रयासमा एनआरएन योजना लिएर आए सरकार छलफल गर्न तयार
- तेह्रौ योजनाको आधारपत्रमा एनआरएनले नेपालमा गर्ने विकास योजनालाई समावेश गरिने
- आर्थिक कुटनीति र एनआरएन संगसंगै लैजानु पर्नेमा जोड
- पर्यटनका क्षेत्रमा पूर्वाधारको विकास भैसकेकाले ढुक्क संग लगानी गरौं भन्ने भनाई

कार्तिक २

**अन्तर्राष्ट्रिय महाधिवेशन :**

छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवसीय नेपाली संघ-अन्तराष्ट्रिय महाधिवेशन राजधानीको सोल्टी होटलमा शुरु भएको छ । सम्मेलन कात्तिक २ देखि ५ गते सम्म संचालन हुनेछ । पहिलो र दोस्रो दिन बन्द सत्र, नयाा कार्यसमिति छनोट हुनेछ । छैटौं महाधिवेशनको बन्द सत्रले गैरआवासीय ऐन अनुसार दुई वर्ष विदेशमा बस्ने नेपालीलाई गैरआवासीय नेपाली मान्ने प्रावधानलाई सर्वसम्मतबाट पारित गरेको थियो ।

संसोधित विधान अनुसार नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढी दक्षिण एसियाली सहयोग संगठन अर्न्तगतका मुलुकहरु बाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी वसोबास गर्ने नेपाली नागरिकलाई गैरआवसीय नेपाली भनिने छ ।

विधानको दफा १७.२ संसोधन अनुसार अन्तराष्ट्रिय समन्वय परिष्दमा अध्यक्ष, एक महिला सहित ३ जना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र एसिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा आशियानको प्रत्येक क्षेबाट एक जना क्षेत्रिय संयोजक र ६ जना प्रत्येक क्षेत्रबाट बढीमा दुई जना उपसंयोजकहरु (१० भन्दा कम राष्ट्रिय समन्वय समिति भएको क्षेत्रमा १ जना र १० वा सो भन्दा बढी राष्ट्रिय समन्वय समिति भएको क्षेत्रमा २ जना ), एक जना महिला संयोजक, एक जना महिला उपसंयोजक, एक जना युवा संयोजक, एक जना उपसंयोजक, प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निश्चित सदस्यहरु, विधानको दफा २२.१३ बमोजिम मनोनित १५ जना सदस्यहरु तथा दफा १७.१० बमोजिम मनोनित एक प्रवक्ता रहनेछ ।

त्यसैगरी संसोधित विधान अनुसार अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि अन्तराष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ । अन्य पदाधिकारीका लागि भने परिषद्को सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिष्दको अध्यक्ष पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । परिषद्को सदस्य बन्नका लागि राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारीमा रहेको हुनुपर्नेछ ।

महाधिवेशनले संघका महासचिव तेन्जी शेर्पाको बार्षिक प्रतिवेदन र कोषाध्यक्ष भवन भट्टको आर्थिक प्रतिवेदन पास गरेको छ । कार्यक्रममा संघका संरक्षक भीम उदासले नेपाललाई शान्त र समृद्ध बनाउनका लागि गैरआवासीय नेपालीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

**कार्तिक ३**

गैरआवासीय नेपाली संघको परराष्ट्र मन्त्रालयमा विधिवत संस्था दर्ता (०१/२०७०/७१)

**कार्तिक ४**

**एनआरएनएको अध्यक्षमा शेष घले निर्वाचित**

गैरआवासीय नेपाली संघ(एनआरएन)को अध्यक्षमा शेष घले निर्वाचित हुनुभएको छ । संघको छैटौं महाधिवेशनबाट घले अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो । संघको दशकको इतिहासमा अध्यक्ष पदमा पहिलो पटक निर्वाचन भएको थियो । उहाँका प्रतिस्पर्धी तेन्जी शेर्पा हुनुहन्थ्यो । लम्जुङमा जन्मिनुभएको घले अष्ट्रेलियाको धनी सूचीमा १ सय ७६औं स्थानमा हुनुहुन्छ । उहाँ अष्ट्रेलियाको मेलवर्नमा इन्ष्टिच्यूट अफ टेक्नोलोजी(एमआईटी)का सञ्चालक हुनुहुन्छ ।



'मेरो घोषणापत्रमा एकता र समावेशितालाई मूल मर्म मानेको छु । यही मूल मर्मको आधारमा संस्थालाई अघि बढाउनेछु,' उहाँले भन्नुभयो, 'मेरो विजय सबै एनआरएनको हो ।' संघको उपाध्यक्षमा भवन भट्ट र टिवी कार्की निर्वाचित हुनुभएको छ । भट्ट जापानमा र कार्की कतारमा व्यवसाय गर्दै आउनु भएको छ । महासचिवमा कुमारप्रसाद पन्त निर्वाचित हुनुभएको छ । पन्त जर्मनीमा व्यवसायी गर्नुहुन्छ । सचिवमा रञ्जु थापा र कोषाध्यक्षमा बद्रीप्रसाद केसी निर्वाचित हुनुभएको छ ।

**गैरआवासीय नेपाली विश्वसम्मेलन :**



## उद्घाटन सत्र

गैरआवासीय नेपाली(एनआरएन)को छैटौ विश्वसम्मेलन सोमबारबाट सुरु भएको छ । काठमाडौमा सुरु भएको सम्मेलको राष्ट्रपति डा. रामवरण यादवले उद्घाटन गर्नुभयो । सम्मेलन मंगलबारसम्म चल्नेछ । विश्वसम्मेलनमा भाग लिन विश्वभरका ५० देशबाट १ हजार भन्दा बढी प्रतिनिधि आएका छन् । सम्मेलनमा एनआरएनको नेपालमा लगानी संम्भावना, सुरक्षित र सम्मानित वैदेशिक रोजगारी, नेपालका राजनैतिक दलहरुको आर्थिक एजेण्डाको विषयमा एनआरएनसंग छलफल गर्ने कार्यक्रम रहेको छ ।



सम्मेलनकै क्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए)ले संस्था दर्ताको आधिकारिक प्रमाणपत्र पाएको छ । गत आइतबार संघको विधिवत दर्ता गरी विश्वसम्मेलनको क्रममा परराष्ट्रमन्त्री माधव घिमिरले एनआरएनएका अध्यक्ष जीवा लामिछानेलाई संघ दर्ताको प्रमाणपत्र प्रदान गर्नुभएको हो ।

विश्व सम्मेलनलाई सम्वोधन गर्दै राष्ट्रपति डा. रामवरण यादवले विदेशमा रहेर पनि मातृभूमिको विकासको लागि गैरआवासीय नेपालीहरुले देखाएको सद्भावको आफूले उच्च मूल्याङ्कन गरेको बताउनुभयो । संसारभरी छरिएर रहेका नेपालीहरुले आर्जन गरेको सीप, क्षमता, अनुभव र पूँजी आफू जन्मिएको देशको हितमा लगाउने चिन्तनबाट प्रेरित भएर सुरु गरिएको एनआरएन अभियानलाई आफूले सामाजिक सद्भाव वृद्धी गर्ने संस्थाको रुपमा लिएको राष्ट्रपतिको भनाई छ । 'विदेशमा जति नै सफलता हासिल गरेको भए पनि आफू जन्मिएको देश सम्पन्न नभएसम्म त्यसले सार्थकता लिदैन भन्ने तपाईहरुको भावनाको मैले उच्च कदर गरेको छु' यादवले भन्नुभयो । लगानीको माध्यमबाट होस् वा परोपकारी कामबाट गैरआवासीय नेपालीहरुले नेपालको विभिन्न क्षेत्रमा आर्थिक लगानी गर्ने क्रम बढेको देख्न पाउँदा खुशी लागेको बताउँदै यादवले भन्नुभयो 'कामको खोजिमा विदेशीएका नेपालीले पठाएको रकमले नै नेपालको अर्थतन्त्रको झण्डै एक चौथाई अंश धानेको तथ्यबाट नेपालको लागि वैदेशिक रोजगारीको महत्व स्पष्ट भएको छ । अवसरको खोजीमा विदेशिएका नेपालीहरुले नेपालको विकासको लागि देखाएको तत्परतालाई मैले हृदयदेखि नै उच्च कदर गरेको छु' उहाँले भन्नु भयो ।




विश्वसम्मेलनलाई सम्वोधन गर्दै, परराष्ट्र एवं गृहमन्त्री माधव घिमिरले एनआरएनको छैटौं विश्व सम्मेलन सुरु भएको दिनलाई आफूले संघले ऐतिहासिक फड्को मारेको दिनको रुपमा लिएको बताउनुभयो । एनआरएनएको विधान संशोधन गररै भए पनि संघको विधिवत दर्ता भएकाले आफूले आजको दिनलाई संस्थागत वैधानिक यात्रा थालेको दिनको रुपमा लिएको उहाँको भनाई थियो । 'आगामी दिनमा यस संघले नविन उत्साह, उमंग, आपसी सद्भाव र थप उर्जाका साथ गैरआवासीय नेपालीलाई एक ढिक्का बनाउदै नेपालको सर्वाङ्गीण विकासमा सार्थक र सशक्त योगदान गर्नेछ भन्ने विश्वास लिएको छु' घिमिरेले भन्नुभयो । नेपाल सरकारले गैरआवासीय नेपाली सम्वन्धी ऐन, नियमावली ल्याएर गैरआवासीय नेपाली अभियानलाई व्यवस्थित गरी उनीहरुको लागि विभिन्न सेवा सुविधा र सहुलियत



समेत उपलब्ध गराएको उहाँको भनाई छ । यस्तै, एनआरएनलाई सहज रुपमा नेपालमा आवात जावत गर्न, नेपालमा बसोवास गर्न र एनआरएनको पहिचान र सम्मान अभिवृद्धी गर्न एनआरएन परिचय पत्र दिने गरेको उहाँको भनाई छ । यस्तो परिचय पत्र लिएका नेपाली मूलको विदेशी नागरिक तथा निजको परिवारलाई १० वर्षसम्म गैरआवासीय नेपाली भिषा दिने व्यवस्था गरिएको घिमिरेले जानकारी दिनुभयो । आवश्यकता परेको खण्डमा यस्तो भिषाको समयअवधि बढाउन समेत सकिने उहाँले बताउनुभयो । 'विदेश स्थित नेपाली नियोगवाट प्रभावकारी र नतिजामुलक रुपमा आर्थिक कुटनीतिको सञ्चालनका लागि नियोग प्रमुखको संयोजकत्वमा एनआरएनको समेत प्रतिनिधित्व रहने गरी एक स्थायी संयन्त्र बनाउने निर्णय समेत परराष्ट्र मन्त्रालयले भर्खरै गरेको छ' उहाँले भन्नुभयो 'यसबाट गैरआवासीय नेपाली संघ लविङ गर्ने मात्र होइन आर्थिक कुटनीति कार्यान्वयन गर्ने सरकारको सहयात्री समेत हुनेछ ।' नेपाल सरकारले गैरआवासीय नेपालीलाई नेपालको आर्थिक कुटनीतिको एउटा दरिलो खेलाडीको रुपमा स्थापित गर्न चाहेको घिमिरेले बताउनुभयो । एनआरएनहरुको सामूहिक तथा व्यक्तिगत लगानी भित्राउनको लागि लगानीको उपयुक्त वातावरण आवश्यकता पर्ने कुरा सरकारले महशुस गरेको र अबको एक महिना भित्रमै हुन लागेको निर्वाचन पछि मुलुकले राजनीतिक स्थायित्व प्राप्त गर्ने भएकाले छिट्टै लगानीको वातावरण बन्नेमा आफूहरु विश्वस्त रहेको घिमिरेको भनाई छ ।

एनआरएनएका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले गैरआवासीय नेपालीहरुले हातमा हात मिलाएर आफ्नो जन्मभूमिको विकासमा लाग्नुपर्ने बताउनुभयो । आफूहरुले १० वर्ष अघि विश्वमा छरिएर रहेका नेपालीहरु एकजुट भई नेपालको विकासमा योगदान गर्ने सपनादेखेको र यो अहिले विस्तारै साकार हुँदै गएको महतोको भनाई छ । 'मातृभूमिको ऋण चुक्ता गर्नको लागि विदेशमा गएर उच्च सफलता प्राप्त गरेर मात्र हुँदैन । परोपकारी कार्यबाट मात्र त्यो सम्भव हुन्छ र त्यसैले मात्र सबैभन्दा ठूलो सम्मान दिन्छ' उहाँले भन्नुभयो 'सपना त्यो होइन जो हामी सुतेपछि देख्छौं, सपना त त्यो हो जुन हामी प्राप्त गर्न चाहन्छौं ।'

संघका प्रमुख संरक्षक देवमान हिराचनले एनआरएनहरुले नेपालमा लगानी गर्ने उपयुक्त समय अहिले नै भएको बताउनुभयो । 'अहिले नेपाल संक्रमणको अवस्थामा गुज्रिएको छ । देशको अवस्था राम्रो भएको समयमा त विदेशी पनि लगानी गर्न आउँछन् । अहिले हामीले सुरु गर्न सके अरुले हामीलाई पछ्याउनेछन्' उहाँले भन्नुभयो । एनआरएनएले के गऱ्यो भन्नु भन्दा पनि मैले के गरे भन्ने सोच्नुपर्ने समयमा आएको उहाँको भनाई छ ।

गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेले एनआरएनहरुले नेपालको विकासको लागि व्यक्तिगत र सामूहिक रुपमा लगान गरिरहेको र आगामी दिनमा यस्तो लगानी अझ बढ्ने बताउनु भयो । अहिले पनि एनआरएनले विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूँजीका आधारमा नेपालमा जलविद्युत, पर्यटन, वैकिङ र आमसञ्चारका माध्यममा लगानी गरिरहेको उहाँको भनाई छ ।

एनआरएनएका संरक्षक भीम उदासले नेपाललाई समृद्ध मुलक बनाउनको लागि एनआरएनहरुले पाँचवटा एजेण्डा लिएर अघि बढीरहेको बताउनुभयो । एनआरएनहरुले विदेशमा प्राप्त गरेको उपलब्धि र नेपालका लागि सहयोगी हातलाई एकै सिक्काको दुई पाटा मान्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको भन्दै ती क्षेत्रमा लगानी गर्नका लागि एनआरएनहरुलाई आग्रह गर्नु भएको छ । नेपालका ४५ कम्पनीमा एनआरएनहरुको करीब ३० अर्बभन्दा बढी लगानी गरेको उहाँको भनाई छ । यस्तै, नेपालमा पूर्वाधार, कृषि, पर्यटन, खानी उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रमा अझै धेरै लगानी हुन बाँकी रहेको उहाँको भनाई छ ।

**निष्कर्ष**

- छैटौं विश्व सम्मेलन राष्ट्रपति डा. रामवरण यादवद्वारा उद्घाटन
- विश्वभरका ५५ देशबाट १ हजार भन्दा बढी प्रतिनिधि सहभागी
- एनआरएनए संस्था दर्ताको आधिकारिक प्रमाणपत्र परराष्ट्रमन्त्री माधव घिमिरले अध्यक्ष जीवा लामिछानेलाई प्रदान
- एनआरएनए परिचय पत्र लिएका नेपाली मूलको विदेशी नागरिक तथा निजको परिवारलाई १० वर्षसम्म भिषा दिने व्यवस्था गर्ने सरकारी घोषणा
- संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोद्धारा हातमा हात मिलाएर जन्मभूमिको विकासमा लाग्न जोड
- नेपालका ४५ कम्पनीमा एनआरएनहरुको ३० अर्बभन्दा बढी लगानी भएको महासंघका अध्यक्ष सुरज वैद्यद्वारा जानकारी
- Rt Honouraable President Yadav commends NRN's enthusiasm for Nepal's prosperity
- Right Honourable President Ram Baran Yadav applauded Non Resident Nepali (NRN)'s spirit while inaugurating Sixth Global Conference of Non Resident Nepali Association (NRNA) in Kathmandu.
- More than 1000 NRNs from 55 countries are participating in the conference. The conference will see discussions on issues regarding investment prospects in Nepal, safe foreign employment and political parties' economic agendas among others during the two days.
- "NRN campaign that started with a goal of transferring their skills, experience and capital for the prosperity of origin country is admirable," commended Right Honourable President during inauguration of the conference.
- Right Honourable President Yadav also appreciated the role of migrant workers' economic contribution in Nepal. "The eagerness of Nepalis that have migrated abroad looking for opportunities on the homeland's progress is praiseworthy," expressed President Yadav.
- During the conference, Minister of Foreign and Home Affairs, Madhav Prasad Ghimire announced that Nepali government will provide NRN Visa with 10-year validity to NRN identity card holders and their family members to facilitate easy mobility of NRNs to Nepal and the countries they are based.
- Urging NRN community to be a strong player in Nepal's economic diplomacy, Foreign Minister Ghimire notified that foreign ministry has decided to form a permanent body at Nepali embassies abroad with the representation of NRN under the coordination of the ambassador, to implement effective economic diplomacy.

- NRNA founding President Dr Upendra Mahato also urged NRNs world over to come together for their motherland's development. "Achieving success in the foreign country is not enough; we also have to give back to Nepal. The campaign that was started 10 years ago with a dream of contributing in Nepal's development seems to be coming true," pointed out Dr Mahato.
- Chief patron of NRNA, Dev Man Hirachan, also advised NRNs to invest in Nepal in the current time. "If we start investment during present times then others will follow us, during more favourable times," he added.
- NRNA president Jiba Lamichhane pointed out that NRNs have been investing their skills and experience gained in foreign nations in Nepal's sectors such as hydropower, tourism, banking, media and communication.
- During the conference, president of Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), Suraj Vaidya requested NRNs to invest in the sectors with potential such as infrastructure, agriculture, tourism, mining, health and education among others. "Currently there are 45 NRN promoted companies in existence with investment of Rs 30 billion in Nepal," he informed.
- Meanwhile, Minister of Foreign and Home Affairs Madhav Prasad Ghimire handed the formal certificate of registration of NRN Association to NRNA president Jiba Lamichhane.

पहिलो सत्र

**Looking at Potential and Emerging Trends of Investment in Nepal :**

लगानीमैत्री वातावरण बनाउन सरकार पूर्ण सक्षम छ : अर्थमन्त्री

यस सत्रका सभापति अर्थमन्त्री शंकरप्रसाद कोइरालाले स्वदेशी तथा वैदेशिक लगानी नेपालमा भित्र्याउन सरकारले लगानीमैत्री वातावरण तयार गर्न पूर्ण सक्षम रहेको बताउनुभएको छ । गैरआवासीय नेपाली संघको छैंटौं विश्व सम्मेलन तथा १० औं वार्षिकोत्सवका अवसरमा उहाँले सो कुरा बताउनुभएको हो । उद्योगमन्त्री समेत रहनुभएको कोइरालाले नेपालमा लगानीकालागि प्रशस्त संभावना रहेकाले गैरआवासीय नेपालीलाई लगानीका लागि आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, हाल राजनीतिक अस्थिरताका कारण निजीक्षेत्रबाट माग भएअनुसार लगानीको वातावरण बनाउन नसकेको हो, अब संविधानसभाको चुनावपछि देशमा लगानीमैत्री वातावरण सरकारले तयार गर्छ तपाईहरुले लगानीकालागि ढुक्क हुनु होला ।'



मन्त्री कोइरालाले देश संक्रमणकालमा रहेको अबस्था भएकाले लगानीमैत्री वातावरण बनाउन सरकार पूर्ण सफल नभएको बताउँदै अब चुनाव पछि सतप्रतिशत लगानीमैत्री वातावरण बनाउने दावी गर्नु भयो । उहाँले देशमा संसद नभएका कारण औद्योगीक ऐन ल्याउन नसकेको बताउँदै अध्यादेशमार्फत ल्याउने तयारी भएको बताउनुभयो । उहाँले सरकारले लगानीमैत्री वातावरण र लगानीको सुरक्षाको ग्यारेन्टीका लागि विद्यमान कानूनी ऐनलाई समेत परिमार्जन गरेको बताउनुभयो । कार्यक्रममा मन्त्री कोइरालाले सरकारले कोही कसैलाई पनि यस क्षेत्रमा लगानी गर्नुहोस भनेर नभन्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'नाफामुलक व्यवसाय भएकाले लगानीकर्ताले कुन क्षेत्रमा लगानी गर्दा आफुलाई फाइदा हुन्छ त्यसको पहिचान गरेर सानो, ठूलो लगानी गर्नुहोला ।' उहाँले संघ विधिबत रुपमा नेपालमा दर्ता भएको बताउँदै एनआरएनको लगानीलाई वैदेशिक लगानीको मान्यता हुने  बताउनुभयो । उहाँले ठूलो संख्यामा नेपाल भित्रने रेमिटेन्स गैरकानूनी बाटोबाट आउने गरेको बताउँदै वैधानिक बाटोबाट ल्याउने वातावरण एनआरएनले बनाउनसक्ने धारणा राख्नुभयो ।

लगानी बोर्डका कार्यकारी प्रमुख  राधेश पन्तले राजनीतिक अस्थिरताले वैदेशिक लगानी भित्र्याउन नसकिएको बताउनुभयो । आइएमइ ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले एनआरएन समुहबाट परम्परागत क्षेत्रमा मात्र लगानी आइरहेको बताउँदै नयाँ क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो ।

नेपाल पुर्वाधार विकास कम्पनीका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पुर्वअध्यक्ष कुशकुमार जोशीले अहिलेको समय बोल्ने भन्दा काम गर्ने बेला भएको बताउनुभयो । अध्यक्ष जोशीले सरकारले नीजि क्षेत्रलाई विश्वास गरेर हेटौडा -कुलेखानी सडक निर्माण गर्न दिएको जिम्मेवारी पुरा गर्नुपर्ने चुनौती रहेको बताउँदै सडक निर्माणमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर गोपालप्रसाल काफ्लेले विदेशबाट नेपाल भित्रने रेमिटेन्स वैधानिक बाटोबाट ल्याउने चुनौति रहेको बताउनुभयो । यस सत्रका उपसभापति संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले एनआरएनमा ठुलो लगानीगर्नेहरु सिमित रहेको बताउँदै देशमा ठुलो आयोजना भन्दा पनि मझौला उद्योगमा लगानी बढाउनु पर्ने बताउनुभयो । यसै गरी HIDCL का कार्यकारी अधिकृत दिपक रौनियार, IME का चेयरम्यान चन्द्र ढकाल र रंजीत महतोले आ-आफ्ना विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

**निष्कर्ष**

- सरकारले स्वदेशी तथा वैदेशिक लगानी भित्र्याउने लगानीमैत्री वातावरण तयार गरेको अर्थमन्त्री शंकरप्रसाद कोइरालाद्धारा दाबी
- राजनीतिक अस्थिरताका कारण निजीक्षेत्रबाट माग भएअनुसार लगानीको वातावरण बन्न नसकेकाले संविधानसभाको चुनावपछि वातावरण बन्ने हुँदा ढुक्क भएर लगानी गर्न आग्रह
- सरकारले औद्योगिक ऐन अध्यादेशमार्फत ल्याउने तयारी गर्दै
- सरकारी प्राथमिकता पाएको उर्जामा लगानी गर्न आग्रह
- राजनीतिक अस्थिरताका कारण औद्योगिक ऐन २०१० कार्यान्वयनमा नआउँदा लगानीमैत्री वातावरण नबनेको विज्ञहरुको भनाई
- हेटौडा -कुलेखानी- काठमाडौं सुरुङमार्ग कात्तिक २५ गते सुरु गरेर २०१६ भित्र सम्पन्न गर्ने नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष एवं नेपाल पूर्वाधार विकास कम्पनीका अध्यक्ष कुशकुमार जोशीद्वारा जानकारी
- Investment Climate to be better: FM
- Finance Minister Shankar Prasad Koirala has assured the Non Resident Nepali (NRN) community that Nepal will become an attractive investment friendly destination after the conclusion of the upcoming Constituent Assembly election in November

- "Government cannot dictate which sector to invest in, NRNs should decide which sector will yield maximum profit and then invest," informed the finance minister during Sixth Global Conference of Non Resident Nepali Association (NRNA), in Kathmandu.
- Finance Minister Koirala who also heads Ministry of Industry also informed that Industrial Act that is not being promulgated due to absence of Cabinet will be brought as Industrial Ordinance soon.
- During the interactive session, chairman of IME Group, Chandra Dhakal and chairman of Nepal Infrastructure Development Company, Kush Kumar Joshi both pointed out that political instability is hindering investment in Nepal.
- Founding chairman of NRNA Dr Upendra Mahato also advised the NRN community to invest more in medium scale projects because there are limited large investors among NRNs or through NRN investment fund.
- Likewise, deputy governor of Nepal Rastra Bank (NRB) called attention towards large amount of money being remitted to Nepal informally through *Hundi* instead of formal banking channels which is not helping economy.

यस सत्र पछि नेपाल सरकारको प्रायोजनमा दिवा भोज आयोजना गरिएको थियो ।

दोस्रो सत्र

**NRNs & The Nepal Governmet : One Decade of Cooperation and Beyond :**

यस सत्रका सभापति राष्ट्रिय योजना आयोगका उपाध्यक्ष रवीन्द्रकुमार शाक्यले गैरआवासीय नेपाली( एनआरएन)का समस्या समाधान गरिने बताउनुभएको छ । गैरआवासीय नेपाली संघको छैटौ विश्वसम्मेलनको क्रममा आयोजित 'एनआरएनए र नेपाल सरकारः सहकार्यको एक दशक ' अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष शाक्यले नेपालको विकासको प्रक्रियामा एनआरएनले महत्वपुर्ण भूमिका खेलेको बताउनुभयो । 'नेपालको विकास प्रयासमा एनआरएनको भूमिका महत्वपुर्ण छ,' नेपाल सरकारका तर्फबाट गठन भएको एनआरएन सल्लाहकार समितिको अध्यक्ष समेत रहनु भएका शाक्यले भन्नुभयो, 'नेपालको विकास प्रयासमा एनआरएनका केकस्ता योजना छन, लिएर आउनुहोस, नेपाल सरकार छलफल गर्न तयार छ ।'



उहाँले नेपालको अर्थतन्त्र दिनप्रतिदिन कमजोर बन्दै गएको भन्दै नेपालको समग्र अर्थतन्त्रको विकासका लागि एनआरएनले नेपाल सरकारसंग सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । अन्तरक्रियाका क्रममा विगतमा एनआरएनले नेपालमा गरेको योगदानलाई नेपाल सरकारले नजिकबाट हेरेको शाक्यले बताउनुभयो । राष्ट्रिय योजना आयोगले आगामी योजनाका लागि तयार पारेको आधारपत्रमा पनि एनआरएनले नेपालमा गर्ने विकास योजनालाई समावेश गर्न लागेको जानकारी शाक्यले दिनुभयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव कृष्ण ढकालले एनआरएनको ज्ञान, सीप, पुंजी र अनुभवलाई विश्वव्यापी र प्रभावकारी बनाउन भुमिका खेल्न आग्रह गर्नुभयो । आर्थिक कुटनीतिलाई विश्वव्यापी र प्रभावकारी बनाउन समेत एनआरएनको भुमिका महत्वपुर्ण रहेको उहाँले बताउनुभयो । 'आर्थिक कुटनीति र एनआरएन संगसंगै लैजान जरुरी छ,' उहाँले भन्नुभयो, 'आर्थिक कुटनीतिका लागि विदेशी नियोगसंग सहकार्य गरेर सांस्कृतिक राजदुतका रुपमा कार्य गर्न म एनआरएनसंग आग्रह गर्छु ।' नेपाल र विदेशको मित्रताको सुत्रधारका रुपमा भुमिका एनआरएनलाई खेल्न ढकालले आग्रह गर्नु भएको छ ।



नेपाल पर्यटन वोर्डका निमित्त कार्यकारी निर्देशक सुवाष निरौलाले नेपालको पर्यटन विकासमा एनआरएनको भुमिका महत्वपूर्ण रहेको बताउनुभयो ।  नेपालमा पर्यटनका क्षेत्रमा पूर्वाधारको विकास भएको भन्दै  पर्यटनका क्षेत्रमा ढुक्कसंग लगानी गर्न निरौलाले एनआरएन समुदायलाई आग्रह गर्नुभयो । 'पर्यटन वोर्ड, नेपाल सरकार र एनआरएनको सहकार्यमा हामीले पर्यटनका क्षेत्रमा निकै ठूलो विकास गर्न सक्छौं,' उहांको भनाई थियो । 'कुन देशका पर्यटकलाई नेपालप्रति आर्कषित गर्न सकिन्छ र त्यसका लागि कस्तो भुमिका खेल्नुपर्छ, तपाँईहरु त्यो खालको प्रर्वद्धन गर्नुहोस हाम्रो तर्फबाट सहयोग गर्न तयार छौं ।'

अर्थ मन्त्रालयका उपसचिव नारायण ढकालले वैदेशिक नीति र नयाँ प्रस्तावित नीतिका बारेमा आफ्ना भनाई राख्नु भएको थियो । करिब ५५ वर्ष अघि अमेरिका पुगेका एनआरएनका डा. राम पन्त, एनआरएनएका संरक्षक रामप्रताप थापा, उपाध्यक्ष हितमान गुरुङ, एनआरएन अमेरिका द्रोण रसाइली लगायतले  एनआरएनको नेपाली नागरिकताको निरन्तरता विषयमा आफ्ना भनाई राख्नु भएको थियो । 'हाम्रो देश नेपाल हो भन्ने भावना जागृत गर्न मात्र हामीले नेपाली नागरिकताको निरन्तरताको कुरा

गरेको हो,' संरक्षक थापाले भन्नुभयो, 'नेपालको आर्थिक विकासमा सहयोग पुऱ्याउन हामीले नेपाली नागरिकताको निरन्तरताको कुरा गरेको हो ।'

नयाँ पुस्तालाई उत्प्रेरणा दिन मात्र एनआरएनले नेपाली नागरिकताको निरन्तरताको कुरा गरेको एनआरएनएका उपाध्यक्ष हितमान गुरुङले बताउनुभयो । 'नेपालका सबै राजनीतिक दलले घोषणपत्रमै यो कुराको उल्लेख गर्नुपर्छ,' 'गुरुङले भन्नुभयो, 'त्यति मात्र होइन आगामी संविधानमा गैरआवासीय नागरिकता भनेर उल्लेख गर्नपर्छ भन्ने हाम्रो माग हो ।'

## <u>तेस्रो सत्र</u>

**Public/Private Patnership for Safe and Dignified Foreign Employment :**

वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा तथा उनीहरुमाथि हुने शोषणको अन्त्यका लागि स्वदेशमा तालिमलाई उच्च प्राथमिकतामा राख्नुपर्ने सरोकारवालहरुले बताएका छन् । छैटौं एनआरएनए विश्व सम्मेलनका अवसरमा आयोजित वैदेशिक रोजगारी सम्बन्धी छलफल कार्यक्रमका वक्ताहरुले आप्रवासी कामदारका समस्या न्यूनीकरणमा एनआरएनको भूमिका महत्वपूर्ण हुने बताए । कार्यक्रममा बोल्दै यस सत्रका उपसभापति नेपाल सरकारमा मुख्य सचिव लीलामणि पोखरेलले आप्रवासी कामदारका समस्या समाधानका लागि सरकार निरन्तर रुपमा लागिरहेको उल्लेख गर्दै विदेशमा जाने कामदारहरु विदेशमा मात्र नभई स्वदेशमा पनि ठगिनु दुखःद पक्ष भएको बताउनुभयो ।

बैदेशिक रोजगार विभागका महानिर्देशक विनोद केसीले सीप तथा क्षमता भएका कामदार मुलुक बाहिर जाँदा उनीहरु कम शोषणमा पर्ने गरेको बताउनुभयो । विदेश गएर कुनै क्षमता नभएका व्यक्तिले पनि कमाउन सक्छन् । सामाजिक मान्यताका कारण तालिम बिना नै विदेश जाने र दु:ख पाउने गरेको बताए । विभागको तथ्यांक अनुसार हाल नेपालबाट ७३ दशमलव ८२ प्रतिशत अदक्ष कामदार विदेश जाने गरेका छन् भने शून्य दशमलव शून्य २ प्रतिशत मात्रै उच्च सीप सिकेका व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । दक्षलाई वैदेशिक रोजगारीमा पठाउन नसक्दा कम तलब सुविधा पाएको बताउँदै यसबाट समग्र मुलुकको छविमा समेत आँच आउने गरेको निर्देशक केसीले बताउनुभयो ।



सो अवसरमा महिला कामदारका लागि संरक्षित मुलुक तथा उनीहरुले भोग्नुपर्ने समस्याका बारेमा एनआरएनए, निड्स तथा युएन वुमन नामक संस्थाले तयार पारेको पुस्तक तथा  धर्म केसीले तयार पार्नु भएको रोजगारीमा जानुपूर्व, गएपछि र फर्केर आउँदा जान्नुपर्ने विभिन्न विधिका बारेमा जानकारी दिने पुस्तक मुख्यसचिव लीलामणि पौडेल, एनआरएनए अध्यक्ष जीवा लामिछाने, वैदेशिक रोजगार विज्ञ डा. गणेशमान गुरुङ र ध्रुब केसीले सार्वजनिक गर्नुभयो । हाल विश्वमै आप्रवासी कामदारका समस्या बढ्दै गएको पाइएको छ । विश्वका आप्रवासीमध्ये एशियाका ५५ प्रतिशत रहेका छन् । ती मध्ये नेपालको कुल जनसंख्याको ९ प्रतिशत जनता आप्रवासी कामदारका रुपमा रहेका छन् । यीमध्ये खाडी मुलुक र भारतमा जाने नेपाली कामदारको संख्या समावेश छैन् ।

सो अवसरमा सहभागि डा. गणेशमान गुरुङ, युएन वुमनका सरु जोशी, वैदेशिक रोजगार प्रवर्द्धन वोर्डकी निमित्त कार्यकारी निर्देशक गिरिजा शर्मालयायतले आप्रवासीका समस्यालाई विदेशमा रहने एनआरएनहरुले राम्रोसंग अवलोकन गरेको हुँदा राजदूतावाससंग समन्वय गरेर उनीहरुका समस्या समाधानको पहल गर्नुपर्ने बताउनु भयो ।

एनआरएनका प्रतिनिधिहरुले विदेशमा गएर नेपाली मर्दा वा अलपत्र पर्दा एक नेपाली दाजुभाई हुनुका नाताले एनआरएनले सकेसम्म सहयोग गर्ने गरेको बताए । अहिले पनि मलेसियामा अबैध रुपमा रहेका ५ सय बढी कामदार अलपत्र रुपमा रहेकाले सरकाले उनीहरुलाई पहल गरेर छिटो भन्दा छिटो स्वेदेश ल्याउनु पर्ने बताए ।

सो कार्यक्रममा लामो समयसम्म बैदेशिक रोजगारीका क्षेत्रमा अनुसन्धान गर्दै आप्रवासी नेपालीले भोग्नु परेका समस्या समाधान गर्नमा पुऱ्याएको योगदान स्वरुप डा. गणेशमान गुरुलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।

## कार्तिक ५

चौथो सत्र

**Social and Philanthropic Inftiatives:**

महिला बालबालिका तथा समाज कल्याणमन्त्री रिद्धिवावा प्रधानले गैरआवासिय नेपाली संघ (एनआरएन) र सरकारको सहयोगले नेपालमा भएको गरीबीलाई कम गर्न सकिने बताउनुभयो । सामाजिक र परोपकारी पहल समुन्नत नेपालका लागि आर्थिक कार्यसूची विषयक कार्यक्रममा बोल्दै प्रधानले यस्तो बताउनु भएको हो । "समाजमा भइरहेको गरीबी तथा अशिक्षालाई कम गर्न एनआरएनको आर्थिक एवं प्राविधिक सहयोगमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ," मन्त्री प्रधानले भन्नुभयो ।

विश्वमा विभिन्न देशमा वसोबास गर्दै आएका नेपालीले त्यहाँको ज्ञान, सीप तथा अनुभवलाई नेपालको विकासमा लगाउनुपर्ने मन्त्रीको भनाइ थियो । "नेपालका धेरैजसो जिल्लामा अशिक्षाका कारणले गरीब भएका छन्," उहाँले भन्नुभयो, "एनआरएनको पर्याप्त मात्रामा सहयोग भएका त्यस्ता गरीबीलाई न्यूनीकारण गर्न सकिन्छ, ।" कार्यक्रममा बोल्दै मन्त्री प्रधानले नेपालबाट रोजगारीका लागि विदेशीने जनशक्तिले स्वदेशलाई ठूलो क्षति भएको बताउनुभयो ।

त्यसैगरी, परोपकारको क्षेत्रमा काम गर्दै आएका विभिन्न एनजीओ तथा आइएनजीओलाई दूर्गम जिल्लामा थप सेवा विस्तार गर्न प्रधानको अनुरोध छ । "सुदूरपश्चिमाञ्चलका धेरैजसो जिल्लामा बसोबास गर्ने मानिस अशिक्षा तथा जनचेतनाको अभावले गरीबी भएका छन्," मन्त्री प्रधानले भन्नुभयो, "ती जिल्ला तथा अञ्चललाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्नुपर्ने बेला आएको छ, ।" कार्यक्रममा हेल्प नेपाल

नेटवर्क अध्यक्ष रवीन्द्र मिश्रले परोपरकारका नाममा धेरै विदेशीले ठगेको बताउनुभयो । उहाँले धेरैजसो आइएनजीओले परोपकारको् क्षेत्रमा कामै नगरी स्वदेश तथा विदेशको पैसा लैजाने गरेको जानकारी दिनुभयो । हेल्प नेपालकातर्फबाट कार्यपत्र प्रस्तुत गर्दै मिश्रले भन्नुभयो, 'बोल्ने मानिसले केही गर्दैनन्, गर्ने मानिसले धेरै बोल्दैनन ।' हेल्प नेपाल हालसम्म ५० ओटाभन्दा बढी स्कुल तथा कक्षाकोठा निर्माण गरेको छ । त्यसैगरी, ४० ओटा भन्दा बढी पुस्तकालय निर्माण गरेको मिश्रले जानकारी दिनुभयो ।

नेपाल लाइब्रेरी फाउण्डेशनका अध्यक्ष नरेश कोइरालाले आजसम्म पनि नेपालमा विश्वस्तरको पुस्तकालय नभएको बताउनुभयो । 'अहिले पनि हामीले सुविद्यासम्पन्न पुस्तकालयमा बसेर अध्ययन गर्न पाएका छैनौ,'उहाँले भन्नुभयो । अहिले सरकारले ७ हजार ओटा इ-पुस्तकालय बनाउने निर्णय गरेको छ । ब्रिटेन नेपाल मेडिकल ट्रष्टकी अध्यक्ष डा. अरुण उप्रेतीले पूर्वका विभिन्न जिल्लाहरुमा क्षयरोग (टीबी)को बारेमा जनचेतना तथा उपचार गर्दै आएको वताउनु भयो । "जुन बेला पूर्वका धेरै जिल्लामा टीबी रोगको बारेमा स्थानीय जनतालाई थाहा नै थिएन," डा. उप्रेतीले भन्नुभयो, "त्यो समयदेखि निरन्तर काम गर्दै आएका छौं ।"

बिपी आई फाउण्डेशनका अध्यक्ष प्रा.डा मदन उपाध्यायले शिक्षा र स्वास्थ्यमा सुधार गर्न सकिए गरीबी घटाउन मद्धत पुग्ने बताउनुभयो । 'अहिले पनि सरकारले सबैभन्दा ठूलो रकम शिक्षा तथा स्वास्थ्यमा खर्च गर्दै आएको छ,' कोइरालाले भन्नुभयो, 'तर, अपेक्षित रुपमा नतिजा आउन सकेको छैन, ।' दुर्गम जिल्लामा बसोबास गर्ने धेरैजसो बालबालिक स्कुल जानबाट बञ्चित भएकाले यस्तो समस्या आएको उहाँको भनाइ छ । कार्यक्रममा च्यारिटी प्रोजेक्टका सोनाम लामाले मुक्तिनाथमा ३२ फिट अग्लो वुद्धको मुर्ति बनाउन लागेको बताउँदै यसले विदेशी पर्यटक भित्र्याएर देशलाई आर्थिक रुपमा सवल बनाउने दावी गर्नुभयो । 'देशलाई आर्थिक रुपमा सक्षम बनाउन कृषि, पर्यटन र जलस्रोत मुख्य स्रोत हुन,' लामाले भन्नुभयो, 'यसको उचित प्रयोगबाट देश समृद्ध बन्न सक्छ, ।" मुक्तिनाथमा वुद्धको मुर्ति बनाउन १ करोड ८० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।' मूर्ति बनाउन लामाले एक करोड रुपैयां लगानी गर्ने घोषणा गर्नुभयो ।

सेभेन समिट फाउण्डेशनका अध्यक्ष एसी शेर्पाले सडकको विस्तार नभएसम्म देश आर्थिक रुपमा सफल नहुने बताउनुभयो । अहिलेपनि पर्यटकीय क्षेत्रमा सडकको सहज पहुँच नपुगेको उहाँको भनाइ छ । यस सत्रको उपसभापति गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक देवामान हिराचनले गर्नु भएको थियो ।

**निष्कर्ष**

- सरकार र गैरआवासीय नेपालीको सहकार्यबाट अशिक्षा र गरीबी हटाउन सकिनेमा जोड
- गरीबी तथा अशिक्षालाई कम गर्न एनआरएनको आर्थिक एवं प्राविधिक सहयोगमा विभिन्न कार्यक्रम सञ्चालित भएको जानकारी
- गैरआवासीय नेपालीले विदेशमा प्राप्त ज्ञान, शिप तथा अनुभवलाई नेपालको विकासमा लगाउनुपर्नेमा जोड
- रोजगारीका लागि विदेशीने जनशक्तिबाट स्वदेशलाई ठूलो क्षति
- बाहिरीने दक्ष जनशक्तिलाई रोक्न एनआरएन र सरकारले आवश्यक कदम चाल्नुपर्नेमा जोड
- परोकारको नाममा धेरै विदेशीले ठग्ने गरेकाले सर्तक हुन आग्रह
- हेल्प नेपालले हालसम्म ५० भन्दा बढी स्कुल तथा कक्षाकोठा र ४० भन्दा बढी पुस्तकालय निर्माण गरेको जानकारी
- नेपालमा विश्वस्तरको पुस्तकालय नभएकाले सुविधासम्पन्न पुस्तकालयमा बसेर अध्ययन गर्न नपाएको गुनासो

- सरकारद्वारा ७ हजार इ-पुस्तकालय बनाउने निर्णय गरेको जानकारी
- मुक्तिनाथमा ३२ फिट अग्लो बुद्धको मुर्ति बनाएर विदेशी पर्यटक भित्र्याएर देशलाई आर्थिक रुपमा सवल बनाउन सहयोग गर्ने जानकारी

यस सत्र पछि सानिमा विकास बैंक लि. को प्रायोजनमा दिवा भोजको आयोजना गरिएको थियो ।

## पाँचौ सत्र

**Economic Agenda for Prosperous Nepal :**




गैरआवासिय नेपालीहरुलाई दोहोरो नागरिकता र आगामी निर्वाचनमा मतदान अधिकार दिने प्रतिबद्धता दलहरुले जनाएका छन् । काठमाडौंमा भएको गैरआवासीय नेपाली संघ एनआरएनएको छैटौं विश्व सम्मेलनको अन्तिम दिनमा भएको सम्मृद्ध नेपालका लागि आर्थिक एजेण्डा विषयक कार्यक्रमा एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शुशील कोइराला, संघीय समाजवाद पार्टी नेपालका अध्यक्ष अशोक राई र मधेशी जनअधिकार फोरमका नेता भरत बिमल यादवले गैरआवासिय नेपालीलाई दोहोरो नागरिकता दिन दलहरुबीच औपचारिक सहमति भईसकेको बताउनुभएको हो ।

एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले एनआरएनहरुको नागरिकता निरन्तरताका लागि उच्चस्तरीय राजनीतिक समितिमा सहमति भईसकेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, नेपाली नागरिकताको निरन्तरता विषयमा दलहरुबीच राष्टिय सहमति भइसकेको छ । कांग्रेस सभापति कोइरालाले एक पटकको नेपाली सधैंको नेपालीलाई कांग्रेसले आत्मसाथ गरेको बताउनुभयो । यस्तै दलहरुले आगामी सम्पन्न हुने निर्वाचनमा गैरआवासीय नेपालीहरुलाई मतदानको अधिकार दिने पनि प्रतिबद्धता जनाएका छन् ।

कांग्रेसका सभापति कोइरालाले आगामी संविधान सभाको निर्वाचनमा नै गैरआवासीय नेपालीहरुलाई पनि मतदानको अधिकार दिने भनिएपनि प्राविधिक कारणले यस पटक सफल हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, मतदान अधिकार दिने विषयमा दलहरुबीच सहमति भईसकेका थियो तर, निर्वाचन आयोगले प्राविधिक कारणले यस पटक मतदान अधिकार दिन नसकिने भनेपछि त्यो बातावरण नबनेको हो । यस्तै दलका नेताहरुले अबको मुद्धा आर्थिक हुने र संविधान सभाको निर्वाचन पछि आर्थिक विकासमा केन्द्रित हुनुको विकल्प नभएको पनि बताए । कांग्रेस सभापति कोइरालाले लोकतन्त्रबाट नै आर्थिक विकास हुने भन्दै प्राकृतिक स्रोत र साधनको सहि उपयोग हुनुपर्नेमा जोड दिनुभयो । 'प्रकृतिले धेरै दिएको छ,' उहाँले भन्नुभयो, यसको सदुपयोग गर्न सकिए विदेशमा गएर दुःख, कष्ट भोल्नुपर्ने थिएन । मुलुकमा शान्ति र स्थायित्व भएको भए रोजगारीका लागि बाहिर जानुपर्ने थिएन् । कांग्रेसले मौका पाउँदा आर्थिक विकास गरेको भन्दै सभापति कोइरालाले शान्ति र स्थायीत्वसंगै मुलुकको विकासका लागि प्रतिबद्ध रहेको बताउनुभयो । वि.पी. ले आफ्नो परिवारको स्तरमा सबै नेपालीको परिवारलाई पनि पुर्याउने बताउनुभएको स्मरण गर्दै उहाँले आर्थिक विकास नै अबको बाटो हुने बताउनुभयो । भारतमा विहारले गरेको प्रगतीको उदाहारण दिंदै सभापति कोइरालाले प्राकृतिक देनलाई आत्मसाथ गरिनुपर्नेमा जोड दिनुभयो । प्रकृतिले धेरै दिएपनि हामीले सदुपयोग गर्न सकेका छौनौं, उहाँले भन्नुभयो, त्यसैले विदेशमा गएर दुःख गरिरहनु परेको छ । मुलुकमा शान्ति र स्थायीत्व नभएकै कारण मुलुकको यो अवस्था आएको भन्दै उहाँले सबै मिलेर मुलुकलाई सम्मृद्ध बनाउनुपर्ने बताउनुभयो । कांग्रेस राजनीतिक स्थायीत्व र शान्तिका लागि नै सधै प्रतिबद्ध रहेको र आर्थिक विकासका लागि पनि कांग्रेसले नै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

यस्तै एकीकृत माओवादीका अध्यक्ष प्रचण्डले पनि आफ्नो दलले आर्थिक मुद्धालाई प्राथमिकता दिएर नै घोषणा पत्र तयार पारेको बताउनुभयो । न्यूनतम राजनीतिक आधार नबनेसम्म आर्थिक विकास सम्भव नरहेको भन्दै उहाँले लगानी भित्र्याउन र लगानमैत्री वातारण बनाउन पनि न्यूनतम राजनीति वातावरण बन्नुपर्ने बताउनुभयो । उहाँले आफ्नो ज्ञान, सीप र पूंजीको सहि सदुपयोग गर्न विदेशमा रहेका नेपाली र स्वदेशमा रहेका नेपालीबीच सम्वाद आवश्यक रहेको बताउनुभयो । तपाँईहरुको ज्ञान, सीप र लगानी भित्र्याउन कानूनी सहजता दिन दलहरु लागि पर्छौ उहाँले भन्नुभयो, त्यसका लागि सरकार पनि प्रतिबद्ध हुन्छ, तपाँईहरु लगानी गर्नुहोस् । बहुदलिय प्रतिस्पर्धाबाट नै राजनीतिक स्थायीत्व र आर्थिक विकास हुने भन्दै उहाँले दलको एजेण्डा आर्थिक विकास भएको प्रष्ट पार्नुभयो । निर्वाचन पछिको सरकार संविधान निर्माण र आर्थिक विकासमा केन्द्रित हुने भन्दै निजी क्षेत्र र सार्वजनिक साभ्रेदारीको आधारमा आर्थिक विकास सम्भव भएको बताउनुभयो । उहाँले संघियतामा जाँदा केन्द्रलाई बलियो बनाउनुपर्ने पनि बताउनुभयो । संघियता मात्रै भनेर हुँदैन केन्द्र बलियो नभएसम्म आर्थिक विकास गर्न गाह्रो हुन्छ, उहाँको भनाई थियो । स्थीरताबाट नै सम्मृद्धि हासिल गर्न सकिने भन्दै उहाँले संघिय लोकतान्त्रिक गणतन्त्रबाट नै राजनीतिक स्थीरता खोजिनुपर्ने पनि बताउनुभयो ।

संघीय समाजवाद पार्टी नेपालका अध्यक्ष अशोक राईलाई राजनीतिक असहमति भईरहदा लगानीका लागि कोही नआउने भन्दै राजनीतिक प्रणालीमा सहमति आवश्यक रहेको बताउनुभयो । आगामी संविधानले आर्थिक विकासका लागि सुदृढ आधार तयार पार्ने भन्दै उहाँले त्यसपछि मात्रै आर्थिक विकास हुने बताउनुभयो । उहाँले गैरआवासीय नेपालीहरुलाई ज्ञान उद्योग संचालन गर्न पनि आग्रह गर्नुभयो । रेमिट्यान्स मात्रै होइन पूँजी, व्यवस्थापकीय ज्ञान पनि भित्र्याउन पर्‍यो उहाँले भन्नुभयो, यो काम गर्न तपाँईहरु सक्षम हुनुहुन्छ भने ज्ञान उद्योग पनि संचालन गर्नुहोस् ।

यस्तै मधेशी जनअधिकार फोरमका नेता भरत बिमल यादवले नेपालले के दिन्छ भनेर नसोच्न आग्रह गर्दै तपाँईहरुले के दिन सक्नुहुन्छ त्यसतर्फ मात्र सोच्नुपर्ने बताउनुभयो । आर्थिक सम्मृद्धिका लागि शान्ति आवश्यक रहेकाले शान्तिकै लागि क्रान्ति गरिरहेको उहाँको भनाइ थियो । दलका नेताहरुले

गैरआवासीय नेपालीहरुको समस्या समाधानका लागि राष्टिय मुद्धा बनाएर समाधानको प्रयास गरिने प्रतिबद्धता पनि जनाएका छन् ।

कार्यक्रममा गैरआवासीय नेपाली प्रतिनिधिहरुले नेपाल बन्द जस्ता गतिविधिहरुलाई सदाका लागि बन्द गर्न दलहरु प्रतिबद्ध हुनुपर्ने, शैक्षिक क्षेत्रमा भईरहेको युनियनबाजी बन्द गरिनुपर्नेमा शीषृ नेतृत्वको ध्यानाकर्षण गराएका थिए । यस सत्रको संचालन गैरआवासीय नेपाली संघका सल्लाहकार कुलचन्द्र गौतमले गर्नु भएको थियो ।

## निष्कर्ष

- नेपाली नागरिकताको निरन्तरता दिन दलहरु सहमत
- मुलुक आर्थिक मुद्धामा केन्द्रित हुने राजनीतिक दलका शीर्ष नेतृत्वको प्रतिवद्धता
- प्राविधिक कारणले आगामी संविधानसभा निर्वाचनमा गैरआवासीय नेपालीलाई मतदानको अधिकार दिन नसकिएको राजनीतिक दलको जनाउ
- लोकतन्त्रबाट आर्थिक विकास हुने भन्दै प्राकृतिक स्रोत र साधनको सहि उपयोग हुनुपर्नेमा जोड
- लगानी भित्र्याउन र लगानमैत्री वातारण बनाउन पनि न्यूनतम राजनीति वातावरण बन्नुपर्नेमा जोड
- बहुदलीय प्रतिस्पर्धाबाट नै राजनीतिक स्थायीत्व र आर्थिक विकास हुने दलहरुको निचोड
- संघिय लोकतान्त्रिक गणतन्त्रबाट नै राजनीतिक स्थिरता खोजिनुपर्नेमा जोड
- रेमिट्यान्स मात्र नभएर पूँजी र व्यवस्थापकीय ज्ञान भित्र्याउन आग्रह
- बन्द जस्ता गतिविधिहरुलाई सदाका लागि बन्द गर्न दलहरु प्रतिबद्ध हुनुपर्नेमा जोड

छैठौं सत्र

**Presentation By Sponsors :**



छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासी नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन सफल बनाउन झण्डै साढे दुई दर्जन संघसंस्था एवं व्यक्तिहरुले प्रायोजन तथा सहयोग पुऱ्याएका छन् । *प्रायोजकहरुको विवरण अनुसुचि - २* मा राखिएको छ ।

सम्मेलनको अन्तिम दिन मंगलबार विभिन्न छ वटा प्रायोजकहरुले आफ्नो प्रस्तुती गरेका थिए । एमआईटी ग्रुप होल्डिङसको तर्फबाट नवनिर्वाचित एनआरएन संघका अध्यक्ष शेष घलेकी श्रीमती जमुना घलेले आफूहरुले नेपालमा सात देखि आठ अर्ब रुपियां लागतमा नेपालमा सेराटन होटल निर्माण सुरु गरेको जानकारी दिनुभयो । उहाँले एमआईटी समूहले शिक्षा तथा व्यवसायिक घरजग्गामा राम्रो सफलता पाएको भन्दै आफूहरुले नेपालमा अन्य क्षेत्रमा पनि लगानी गर्ने सोच बनाएको बताउनुभयो ।

टीवीआई समूहका शिशिर भट्टले आफूहरुले उड्डयनदेखि सञ्चार क्षेत्रमा लगानी गरेको र यस लगानीलाई विविधकरण गर्दै लैजाने योजनामा रहेको बताउनुभयो । कार्यक्रममा वेष्ट रेमिट ग्लोबल आइएमई बैंक, इक्पेरियल डेभलपर्स, माछापुच्छ्रे बैंकका प्रतिनिधिहरुले आ-आफ्ना कम्पनीका बारेमा जानकारी दिएका थिए । यस सत्रको संचालन गैरआवासीय नेपाली संघका कोषाध्यक्ष भवन भट्टले गर्नु भएको थियो ।

निष्कर्ष

- साढे दुई दर्जन संघसंस्था एवं व्यक्तिहरुले प्रायोजन तथा सहयोग गरेको दावी
- प्लाटिनम साझेदार(पार्टनर)का रुपमा मेल्बोन इन्ष्टिच्युट अफ टेक्नलोजी (एनआईटी), टीवीआई समूह, ग्लोबल आईएमई बैंक, माछापुच्छ्रे बैंक, सिल्भर साझेदारको रुपमा प्रभु मनी ट्रान्सफर, युरोपका एनआरएन कुल आचार्य
- अन्य साझेदारमा इन्पेरियल डेभलपर्स, वेष्ट रेमिट, नेपाल पूर्वाधार विकास कम्पनी, सानिमा बैंक, कान्तिपुर मिडिया समूह
- सहयोगीका रुपमा गैरआवासीय नेपाली संघ, क्यानडा, हङकङ, अष्ट्रेलिया, जापान, चीन, जर्मनी, रुस, मलेसिया, सयपत्री, नेपाल ग्लोबल सर्भिस, कमर्ज एण्ड ट्रष्ट बैंक, सिटी एक्सप्रेस, राइटवे, साथी टेलिभिजन, अमेरिकाका एनआरएन सोनाम लामा र संयुक्त अरव इमिरेट्सका एनआरएन नरेन्द्र भाट
- एमआईटी ग्रुप होल्डिङसको तर्फबाट नवनिर्वाचित एनआरएन अध्यक्ष शेष घलेकी श्रीमती जमुना घलेद्वारा नेपालमा करीव ८ अर्ब रुपैयाा लागतमा सेराटन होटल निर्माण सुरु गरेको जानकारी
- टीवीआई समूहका शिशिर भट्टद्वारा आफूहरुले उड्डयनदेखि सञ्चार क्षेत्रमा लगानी गरेको र लगानीलाई विविधकरण गर्दै लैजाने योजनामा रहेको खुलासा

सातौं सत्र

**Workshop Briefing:**

सविधानमा महिलाहरुको हक हितलाई संरक्षण गर्नुपर्ने सरोकारवालाहरुले बताएका छन् । सम्मेलनको क्रममा 'वर्कशप ब्रिफिङ' बिषयक अन्तरक्रिया कार्यक्रममा सहभागी गैरआवासीय नेपाली संघ (एनआरएन)का अधिकारीले महिलाको हकहित बारे प्रकास पारेका हुन् ।

एनआरएनका नवनिर्वाचित सचिव रन्जु थापाले महिलाको हकहित र अधिकारलाई आगामी सविधानमा समेट्नुपर्ने बताउनुभयो । 'महिलाको हक हितको बारेमा सबिधानमा लेखिनुपर्छ,' उहाँले भन्नुभयो, 'त्यसैले बन्न लागेको सविधानमा महिलालाई पनि समेट्नुपर्छ ।'




महिला आयोगकी मोहन अन्सारीले महिलाहरुको हितमा संविधान नलेखेसम्म महिलाको उत्थान हुन नसक्ने बताउनुभयो । महिला मन्चका उप-संयोजक राधा बस्नेतले एनआरएन महिलाले लाइब्रेरी परियोजना लगायतमा धेरै काम गरेकाले त्यसलाई निरन्तरता दिने बताउनु बताउनुभयो । 'अहिले एनआरएनएको सञ्जाल ६५ वटा देशमा छ तर महिलाको ३५ बटा देशमा मात्रै छ,' उहाँले भन्नुभयो । कार्यक्रमका सभापतित्व गरिरहेका एनआरएनएका अध्यक्ष शेष घलेले महिलाहरुलाई प्रथमिकता दिने बताउनुभयो । उहाँले एनआरएनए महिलाले दुई बर्षमा गरेका काम ब्रिफिङ गरेकामा नवनिर्वाचित सचिव रन्जु थापालाई धन्यबाद दिनुभयो । 'महिलाको बिषयमात्रै नभई युवाको विषयमा पनि कार्य गर्नुभएकाले तपाईहरुलाई धन्यवाद दिनचाहन्छु,' उहाँले भन्नुभयो । यस सत्र पछि नेपाल पूर्वाधार विकास कम्पनी लि. को प्रायोजनमा दिवाभोजको आयोजना गरिएको थियो ।

आठौं सत्र

**Honoring and Feliciatation**

गैरआवासीय नेपालीहरुको छैटौं विश्व सम्मेलनको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरुलाई पुरस्कृत गरिएको छ । गैरआवासीय नेपाली संघले सम्मेलनको पूर्वसन्ध्यामा आयोजना गरिएको राष्ट्रिय समन्वय परिषद् फुटसल टुर्नामेन्ट, आर्ट प्रतियोगिता तथा दोस्रो पुस्ता गैरआवासीय नेपाली पुरस्कार प्रदान गरिएको हो । त्यसैगरी संघले २०६९ सालको प्रवेशिका परिक्षामा सर्वोकृष्ट अंक ल्याउने पाँच जना छात्राहरुलाई पुरस्कृत गरेको छ । कार्यक्रममा गैरआवासीय नेपाली संघमा आवद्ध दोस्रो तहका पुस्ताको क्षमता अभिवृद्धि तथा उनीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने उदेश्यले आयोजना गरिएको दोस्रो पुस्ता गैरआवासीय नेपाली प्रवर्द्धन प्रतियोगिताका विजयीहरुलाई समेत पुरस्कृत

गरिएको थियो । विभिन्न पाँच विधामा संचालन गरिएको र २१ वर्ष मुनीका युवा सहभागी प्रतियोगितामा शैक्षिक गतिविधितर्फ अष्ट्रेलियाका एल्भिस डंगोल, खेलकुदतर्फ अष्ट्रेलियाकै प्रतिक पाण्डे नापित पुरस्कृत भएका छन् । त्यसैगरी, सांस्कृतिक क्रियाकलापतर्फ अष्ट्रेलियाकी सलु लिम्बु, समुदाय गतिविधि सम्बन्धि विधामा जाम्बियाका अस्लेसा खतिवडा पुरस्कृत भएका छन् । गैरआवसीय नेपाली गतिविधितर्फको पुरस्कार भने न्युजिल्याण्डका मदन लिम्बुले प्राप्त गरे । विजयीहरुलाई एनआरएनएका निवर्तमान अध्यक्ष जीवा लामिछाने तथा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

त्यस्तै, गैरआवासीय नेपालीमार्फत नेपाल र नेपालीलाई विश्व समुदायमाभ्क चिनाउन आयोजना गरिएको कला प्रतियोगिताका विजयीहरुलाई पुरस्कृत गरिएको छ । विभिन्न देशबाट सहभागी भएका २९ प्रतिष्पर्धी मध्येबाट उत्कृष्ट तीनजनालाई पुरस्कृत गरिएको हो । माइ नेपाल माइ परसेप्सन शीर्षक दिइएको कला प्रतियोगिता अन्तरगत जाम्बियाका अस्लेस खतीवडाले प्रथम पुरस्कार प्राप्त गरिन् भने बेल्जियमकी दिपीका केसी तथा सिंगापुरकी सुरक्षा शर्मा क्रमशः द्वितीय र तृतीय भए ।

संघले  सामाजिक सहयोग तथा परोपकारी कार्य अन्तर्गत यस वर्ष पनि नेपालका पाँच विकास क्षेत्रबाट गत वर्षको प्रवेशिका  परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्राछात्रलाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा पूर्वाञ्चलबाट राजनन्दिनी कुमारी दास, मध्यामाञ्चलबाट कमला लामा, पश्चिमाञ्चलबाट मोनालिसा ढकाललाई सम्मान गरिएको छ । त्यसैगरी मध्यपश्चिमाञ्चलबाट प्रसिद्धिका खड्का तथा सुदूरपश्चिमाञ्चलबाट देवीकुमारी बलायलाई सम्मान गरिएको छ । उनीहरुलाई एनआरएनए साइन्स टयालेन्ट तथा विज्ञान ज्योती अवार्ड प्रदान गरिएको हो ।

त्यस्तै राष्ट्रिय समन्वय परिषद् युकेले पत्रकारिता क्षेत्रमा क्रियाशिल रहेर एनआरएनको विकासमा विशिष्ट योगदान पुर्‍याउनुभएका पत्रकार स्वर्गीय विजयबाबु खत्रीलाई १ लाख १ रुपैयां आर्थिक सहयोग गरेको छ । कार्यक्रममा सगरमाथा पदमार्गमा पर्ने विभिन्न क्षेत्रमा करीब २० किलोमिटर बाटो निर्माण गरेवापत ७१ वर्षीय पासाङ शेर्पालाई नगद १ लाख रुपैयाा सहयोग गरिएको थियो ।

६५ देशमा क्रियाशिल एनआरएनए सदस्यहरुबीचको सम्बन्धलाई बलियो बनाउने उदेश्यले आयोजना गरिएको फुटसल टुर्नामेन्टका विजयी टिम जर्मनीलाई शिल्ड प्रदान गरिएको छ । बेल्जियमका राजु थापाले उत्कृष्ट गोलकिपर तथा  बहराइनका श्याम तामांगले उत्कृष्ट खेलाडीको पुरस्कार प्राप्त गरेका छन् । यस सत्रको सभापतित्व गैरआवासीय नेपाली संघका संरक्षक इन्द्रा वानले गर्नु भएको थियो ।

**Oath Taking Ceremony of NEW ICC**



यस सत्रमा छैटौं गैरआवासी नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशनका निर्वाचन प्रमुख नरेश कोईरालाले गैरआवासीय नेपाली संघका नवनिर्वाचित अध्यक्ष शेष घले लगायत, पदाधिकारी तथा विभिन्न मुलुकका आइसिसि सदस्यहरुलाई सपथ ग्रगण गराउनु भएको थियो ।

समापन सत्र

मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मीले नेपाल र नेपालीको सर्वाङिगण विकासका लागि सरकार र गैरआवासीय नेपाली संघ(एनआरएन) बीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ । मंगलबार एनआरएनको छैटौं विश्व सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्दै उहाँले विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूँजीलाई नेपालको विकासमा परिचालन गर्न आग्रह गर्नुभयो । नेपालको विकासमा एनआरएनको व्यक्तिगत तथा सामूहिक लगानी दुवै आवश्यक रहेको भन्दै विदेशी लगानी भित्र्याउन गैरआवासीय नेपालीले गर्ने प्रयासमा सरकारको पनि सहयोग रहने उहाँले बताउनुभयो । एनआरएनहरुले आफ्नो मातृभूमिप्रतिको दायित्व बोध गरेकोमा खुशी व्यक्त गर्दै उहाँले नेपालको पूर्वाधार, जलविद्युत, कृषि र सूचना प्रविधिलगायतका क्षेत्रमा लगानी बढाउन आग्रह गर्नुभयो ।



विगतदेखि नै एनआरएनहरुले माग गर्दै आएको मतदान अधिकारप्रति सरकार सकारात्मक रहेको उल्लेख गर्दै मन्त्रिपरिषद अध्यक्ष रेग्मीले हालको संविधानसभा निर्वाचनमा त्यस्तो सुविधा उपलब्ध गराउन नसकिए पनि आगामी निर्वाचनमा विदेशबाटै आफ्नो मताधिकार प्रयोग गर्न सक्ने गरी आवश्यक व्यवस्था गरिने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो ‘समयसीमा तथा अन्य प्राविधिक कारण यसपटकको निर्वाचनमा मतदानमा सहभागी गराउन सकिएन, सरकारले आगामी निर्वाचनमा भने छुटाउने छैन ।’ साथै आगामी दिनमा नेपालको सामाजिक तथा आर्थिक विकासमा उत्कृष्ट योगदान पुऱ्याउने कार्य एनआरएनहरुलाई सरकारले सम्मान गर्ने पनि उहाँले बताउनुभएको छ ।

गृह तथा परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेले नेपालको विकासमा एनआरएनसंग धेरै आशा राखिएको भन्दै आफ्नो मातृभूमिका लागि केही गर्ने सोचसंगै सुरु भएको एनआरएन अभियानले छोटो समयमै प्राप्त गरेको उपलब्धिलाई सरकारले पनि उच्च मूल्य मूल्यांकन गरिररहेको बताउनुभयो । उहाँले आगामी दिनमा विदेशी लगानीका लागि सरकारले प्रत्येक मुलुकमा वेग्ला वेग्लै आर्थिक कुटनीति अपनाउने व्यवस्था अनुसार तयारी गरिरहेको जानकारी समेत दिनुभयो । अन्य क्षेत्रजस्तै नेपालको पर्यटन क्षेत्रबाट पनि मुलुकको कायाँपलट गर्न सकिने उल्लेख गर्दै मन्त्री घिमिरेले त्यसका लागि पनि एनआएनले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो । प्रत्येक एक जना गैरआवासीय नेपालीले १० जना पर्यटकमात्रै नेपाल भित्र्याउनसके पनि नेपालको पर्यटन क्षेत्रमा कायाँपलट हुने उहाँको भनाइ थियो ।

एनआरएनएका नवनिर्वाचित अध्यक्ष शेष घलले गैरआवासीय नेपालीले काम गरेर देखाउने बेला आएको बताउनुभयो । उहाँले प्रजातान्त्रिक अभ्यासअनुसार यसपटक एनआरएन नेतृत्वका लागि निर्वाचन गर्नुपर्ने अवस्था आए पनि यसले एनआरएनको एकतालाई कुनै असर नपार्ने स्पष्ट पार्दै एनआरएन थप बलियो भएको बताउनुभयो । नेपालमा विदेशमा रहेको पूँजी भित्रयाउने अभियानमा नेपाल सरकारसंग सहकार्य गर्दै अघि बढ्ने बताउँदै उहाँले सबैको सहयोग लिएर निर्वाचनका क्रममा गरेका सबै प्रतिवद्धताहरु पूरा गर्ने बाचा गर्नुभयो । नवनिर्वाचित अध्यक्ष घलेले भन्नुभयो- विदेशमा आर्जित सीप र पूँजी नेपालमा भित्र्याउन मेरो सम्पूर्ण शक्ति लगाउनेछु ।

कार्यक्रममा निवर्तमान अध्यक्ष जीवा लामिछानेले आफ्नो जिम्मेवारी नवनिर्वाचित अध्यक्ष घलेजस्तो सक्षम व्यक्तिलाइ सुम्पिन पाएको निकै खुशी लागेको बताउनुभयो । साथै घलेका प्रतिस्पर्धी तेन्जी शेर्पाले पनि निर्वाचनमा प्रतिस्पर्धा गरेपनि नवनिर्वाचित अध्यक्ष घले सबै एनआरएनको साझा भएकोले आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिवद्धता जनाउनुभयो । एनआरएनलाई बिकृति र विसंगतिमुक्त राख्न सबै सचेत रहनुपर्ने पनि उहाँको आग्रह थियो । एनआरएनका संस्थापक अध्यक्ष डा.उपेन्द्र महतोले पनि एनआरएनलाई बिकृति र बिसंगतिबाट मुक्त राख्न सबै एनआरएन सदस्य सचेत रहेकोमा आफूलाई कुनै शंका नरहेको बताउनुभयो । राजनीति फुर्सदिलो व्यक्ति संस्थाका लागि घातक हुने भन्दै उहाँले आफ्नो व्यवसाय र परिवार नै छाडेर एनआरएनमा नलाग्न सचेत गराउनुभयो । उहाँले भन्नुभयो- राजनीतिज्ञ र फुर्सदिलो मान्छेले संस्था विगार्छ, एनआरएनभित्र राजनीति घुसेमा कसैलाई सैहय हुने छैन र एनआरएनमा राजनीति पनि हुनेछैन । चारदिनसम्म काठमाडौमा सञ्चालन भएको एनआरएनको छैटौं विश्व सम्मेलन विभिन्न १४ बुादे काठमाडौं घोषणापत्र जारी गर्दै सफलतापूर्वक सम्पन्न भएको छ ।

यस सत्रको संचालन युकेका एनआरएनद्वय रामशरण सिंखडा र संगीता मरहट्टाले गर्नु भएको थियो । यस समापन सत्र पछि कान्तिपूर पब्लिकेशनको प्रायोजनमा होटेल सोल्टिमा रात्री भोजको आयोजना गरिएको थियो ।

## गैरआवासीय नेपाली संघका नवनिर्वाचित तथा निवर्तमान अन्तर्राष्टिय कार्यकारी सचिवालयका पदाधिकारीहरुलाई माननीय गृह तथा परराष्ट्र मन्त्री माधव प्रसार घिमिरेद्वारा रात्रि भोजको आयोजनाः

कार्तिक ६ तद्अनुसार २३ अक्टोवरका दिन माननीय गृह तथा परराष्ट्र मन्त्री माधव प्रसार घिमिरेले गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरुको स्वागतमा आफ्नो निवासमा एक रात्रि भोजको आयोजना गर्नु भयो । रात्रि भोजमा निवर्तमान तथा वाहालवाला अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा संघका पदाधिकारीहरुले संघमा आवदत हुँदाका आफ्ना केहि अनुभवका आदान प्रदान गरेका थिए । यस अवसरमा अध्यक्ष शेष घले, संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, निवर्तमान अध्यक्ष देवमान हिराच तथा जीवा लामिछाने, संरक्षक भिम उदास, सामप्रताप थापा, दन्दीरा वानका साथै नवनिर्वाचित तथा निवर्तमान अन्तर्राष्टिय कार्यकारी सचिवालयका पदाधिकारीहरु सम्मिलित थिए । माननीय गृह तथा परराष्ट्र मन्त्रीले गैरआवासीय

नेपालीहरुको आफ्नो मात्रिभूमि प्रतिको लगाव प्रति आफू अत्यन्तै प्रभावित भएको र संघ दर्ता भएको कारण थप जिम्मेवारी आएको जानकारी गराउनु भयो ।

**नेपाल सरकारका प्रतिनिधिहरु र गैरआवासीय नेपाली वीच एक मैत्री पूर्ण क्रिकेट प्रतियोगितामा सम्पन्नः**




२०१३ अक्टोवर २४ का दिन नेपाल सरकारका प्रतिनिधिहरु, मिडिया हाउस तथा गैरआवासीय नेपाली संघका वीच एक मैत्री पूर्ण क्रिकेट प्रतियोगितामा सम्पन्न भयो । सो मैत्रीपूर्ण प्रतियोगितामा नेपाल सरकारका तर्फबाट मुख्य सचिवको नेतृत्वमा नेपाल सरकारका सचिवहरु तथा उच्चपदस्थ कर्मचारीहरु को टिम र मिडिया हाउस तथा संघको संयुक्त टिम बीच प्रतिसप्रद्धा भएको थियो । कान्तिपूर पब्लिकेशनका तर्फबाट अध्यक्ष कैलाश सिरोहिया तथा गैरआवासीय नेपाली संघ बाट अध्यक्ष शेष घले, संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, निवर्तमान अध्यक्ष जीवा लामिछाने, निवर्तमान उपाध्यक्ष रामेश्वर शाह, पूर्व सल्लाहकार डा. जुगल भूर्तेल, वेलायतका गैरआवासीय नेपाली सुवाष अधिकारीका साथै सचिवालयको सहभागीता रहेको थियो । सो प्रतियोगितामा नेपाल सरकार विजयी रहेको थियो ।

**अर्थमन्त्री शंकरप्रसाद कोइरालासाग नवनिर्वाचित कार्यसमितिसंग अन्तर्क्रिया**

नेपाल सरकारले गैरआवासीय नेपाली संघ (एनआरएनए) का नवनिर्वाचित पदाधिकारी र अर्थ, उद्योग एवम् वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका वरिष्ठ अधिकारीसंग यही कात्तिक ७ गते (अक्टोवर २४) मा अर्थमन्त्रालयमा एक छलफल कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखाका प्रमुख/सहसचिव मधुकुमार मरासिनीले एनआरएनहरू नेपालका अवैतनिक राजदूत भएको बताउँदै उनीहरू बसेका ६५ मुलुकमा नेपालको प्रवर्द्धन र आर्थिक मामिलालाई समुन्नत बनाउने दिशामा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । भाषा, संस्कृति र नियमसंग परिचित एनआरएनले नेपालको दिगो आर्थिक विकासमा परामर्शदाताको

भूमिका निर्वाह गर्नसक्ने उल्लेख गर्दै उहाँले दोस्रो र तेस्रो पुस्ताका एनआरएनहरूलाई पनि त्यसनिम्ति उत्प्रेरित गर्नुपर्छ भन्ने नेपालको सरकारको चाहना रहेको बताउनुभयो ।




संस्थापक अध्यक्ष महतोले ठूला लगानीकर्ताहरूसंग एनआरएनहरूको समन्वयात्मक एवं कार्यगत सम्बन्ध छ, उनीहरू नेपालमा पूँजी परिचालन गर्न चाहन्छन् तर प्रशासनिक झन्झट, राजनीतिक अस्थिरताका कारण लगानीको उपयुक्त वातावरण बनाउनेतर्फ सरकारमा रहेका सबैले गम्भीर हुनुपर्ने वास्तविकता औंल्याउनुभयो । " छोटो समयमा नेपाललाई समृद्ध मुलुकमा रुपान्तरण गर्न सकिन्छ, तपाईंहरू इतिहास रचना गर्ने व्यक्तिहुनुहन्छ, यसो गरौं भन्नोस् हामी सहयोगी हुन्छौ"- कर्मचारीतन्त्र राष्ट्रप्रति इमानदार हुनुपर्नेमा जोड दिनु भयो । उहाँले कर्पोरेट र व्यक्तिगत कर समान नहुँदा समस्या झेल्नु परेको, ५१ प्रतिशत लगानी रहेको कुनै संस्थाको शेयर बेच्दा कम्पनीले र लगानीकर्ता दुबैले दुई थरी कर तिर्नुपरेको तथा उधारोमा मालसामान एवम् उपकरण अन्य देशबाट खरिद गर्न पाउने सुविधा बिभिन्न मुलुकहरुमा भएकाले नेपालमा पनि त्यस्तो व्यवस्थाको टड्कारो खाँचो भएको औंल्याउनुभयो ।

पूर्व अध्यक्ष लामिछानेले आफ्नो कार्यकालमा भएका गतिविधिबारे जानकारी दिनुभयो । सामूहिक लगानी अभियान सञ्चालन गरी छोटो अवधिकमा रु पाँच अर्बको पूँजी संकलन भएको र लम्जुङको दोर्दी खोलामा २७ मेगावाट विद्युत् परियोजना थालिएको अवगत गराउनुभयो । दोहोरो कर उन्मुक्ति, करसंग सम्वन्धित अन्य झमेला, मताधिकार प्राप्तिलगायत विषयमा मन्त्रिपरिषद् अध्यक्षसंग छलफल भएको तर परिणाम अपेक्षा गरेअनुसार नआए पनि आफ्नै कार्यकालमा संघ दर्ता हुनु सुखद पक्ष भएको उहाँले बताउनुभयो । "वैदेशिक रोजगारीमा जान चाहनेहरूले त्यहाँको रहनसहन, कार्यशैली, वातावरण, कामदारले अपनाउनुपर्ने सावधानीजस्ता विषय समेटेर संघले जानकारीमूलक निर्देशिका/पुस्तिका तयार पारेको छ, त्यसलाई देशका सबै गाविसमा निःशुल्क उपलब्ध गराउने तयारीमा छौं," पूर्व अध्यक्ष लामिछानेले भन्नुभयो । शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थलबारे विवाद बढिरहेका बेला द नेदरल्याण्डस्को हेगस्थित अन्तर्राष्ट्रिय अदालत परिसरमा बुद्धको मूर्ति प्रतिस्थापन गरेर बुद्धको जन्मभूमि नेपाल नै हो भन्ने वास्तविकता पुनः उजागर गर्नुका साथै समय-समयमा नेपालसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम गरेर नेपाललाई विश्वसमुदायमा परिचित गराएको उहाँले जनाउनुभयो । परोपकारी काममा

पनि उल्लेख्य रकम एनआरएनहरूबाट उपलब्ध भएको र त्यो दिनहीन नेपाली दाजुभाइ/दिदीबहिनीका निम्ति खर्च गरिएको उल्लेख पनि उहाँले गर्नुभयो ।

अध्यक्ष घलेले नेपालमा लगानीमैत्री वातावरण पूर्णरुपमा बनिनसकेको, कर प्रणाली पनि अव्यावहारिक रहेको, संस्थागत भन्दा व्यक्तिगत निर्णय हाबी हुने प्रशासनिक कार्यशैलीले लगानीकर्ता हच्किएका बताउादै विद्यमान नीति, नियमलाई संशोधन गर्नुपर्ने बताउनुभयो । उपयुक्त नीति बनाएर त्यसलाई अक्षरसः कार्यान्वयन गरेमा विदेशी पूँजी ल्याउन कठिनाई नहुने धारणा व्यक्त गर्नुभयो । उहाँले आफ्नो एजेण्डा आर्थिक एजेण्डा नै भएको तर नेपालमा प्रशासनिक झमेलाका कारण लगानीमैत्री वातावरण बन्न नसकेको गुनासो गर्नुभयो ।

संयुक्त लगानीमा उद्योग प्रतिष्ठान स्थापना गर्न कुनै कठिनाई नहुने भन्दै उहाँले स्थानीय साझेदार इमानदार, परादर्शी र परिश्रमी भएमा पूँजी समस्या होइन भन्दै नेपालको कर प्रणाली पनि लगानीका निम्ति बाधक भएको औंलाउनु भयो । उहाँले विश्वका विभिन्न देशको कर प्रणालीको तुलनात्मक प्रस्तुति दिंदै लगानीमैत्री नीति आउनैपर्नेमा जोड दिनुभयो ।

कृषिको व्यावसायिकीकरण, पर्यटन, जलविद्युत् लगानीको अपार संभावना बोकेका क्षेत्र हुन् भन्दै उहाँले केही हदसम्म आफूहरू नै जोखिम मोलेर सामूहिक लगानी गर्ने सोचमा रहेको जानकारी दिनुभयो । प्रविधि हस्तान्तरण ऐन, एकद्वार प्रणालीलाई अक्षरसः पालना गराउनुपर्नेमा पनि उहाँको जोड थियो । उहाँले भन्नुभयो-लगानीकर्ताहरू एकै स्थानबाट सबै काम हुन् भन्ने चाहन्छन् , यो कार्यालय र त्यो अड्डा धाउने धैर्य र फुर्सद उनीहरुलाई छैन ।

संरक्षक भीम उदासले नेपालमा सञ्चालन गरिने परियोजनामा विदेशी परामर्शदाता राखेर नेपाली मुद्रा बाहिर पठाउन नदिन एनआरएनका प्रतिनिधिहरुलाई स्थानीय परामर्शदाता बनाउनेतर्फ सरकारले सोच्नुपर्ने सुझाव दिनुभयो । आफूहरू स्वयम् सामूहिक लगानीमा संलग्न भएकाले पूँजी नडुब्ने आश्वासन एनआरएनएले लगानीकर्ता नेपालीलाई दिएको जनाउ दिंदै नेपालको विकासका लागि गरेको लगानीले आत्मसन्तुष्टि दिने भएकाले त्यसमा लाग्न आफूहरूले शङ्कालु एनआरएनहरूलाई अभिप्रेरित गर्दै आएको बताउनुभयो ।

एनआरएनएका उपाध्यक्ष भवन भट्टले पेट्रोलियम पदार्थमा दिइएको अनुदानको रकम वायुसेवा कम्पनीहरूबाट असुलउपर गरिएको, अति महागो हवाई इन्धनका कारण आफ्नो कम्पनीले सञ्चालनमा ल्याएको बीबी एयरवेज सञ्चालन गर्न आफूहरूलाई हम्मेहम्मे परेका बताउँदै स्वदेशी वायुसेवा कम्पनीलाई अनुदानमा तेल दिने नीति आवश्यक रहेको बताउनुभयो ।

महासचिव कुमार पन्तले एनआरएनहरू नेपालमा लगानी गर्न तयार रहको तर परियोजना ग्यारेन्टी नभई सबै साथीहरूलाई आश्वस्त गर्न नसकिएको दुखेसो पोख्नुभयो ।

फ्रान्सबाट आएका एकजना एनआरएन प्रतिनिधिले विदेशमा २० प्रतिशत खाद्यान्न अर्गानिक हुनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको स्मरण गराउँदै नेपालमा पनि त्यस किसिमको व्यवस्था गर्नुपर्ने सुझाव दिंदै आफूले नेपाल सरकारलाई सघाउने बताउनुभयो । एनआरएनएले संस्थागतरुपमा नै सहयोगी हात फैलाउने उनको भनाइ थियो । अर्गानिक खेती गरी गुणस्तरीय उत्पादन दिनसके बजार पाउन कठिनाई हुँदैन- उनले भने ।

आन्तरिक राजस्व विभागका महानिर्देशक टंकमणि शर्माले विश्व दश देशसंग दोहोरो कर उन्मुक्ति सम्झौता भइसकेको र अमेरिका, ब्राजिल, क्यानाडा र जापानसंग पनि सम्झौताको तयारी भइरहेको जानकारी दिंदै नेपालले चाँहदैमा त्यस्तो सम्झौता नहुने र सम्बन्धित मुलुकले पनि नेपालसंगको व्यापारबाट आफूलाई लाभ हुने ठानेमा मात्र सम्झौता गर्ने गरेका दृष्टान्त प्रस्तुत गर्नुभयो । दुबै मुलुकले

चाहेमा मात्र त्यस्तो सम्झौता हुने उहाँको भनाइ थियो । विद्यमान नियम बमोजिम कर लिइएको कसैसंग बढी कर असुल नगरिएको स्पष्ट गर्दै उहाँले पूँजीका आधारमा कर तलमाथि भएको होला भन्नुभयो ।

अर्थ मन्त्रालय राजस्व महाशाखा प्रमुख राजन खनालले कृषिक्षेत्र करमुक्त रहेकाले त्यसतर्फ लगानी बढाउन सुझाव दिंदै लगानी नगर्ने क्षेत्रका विषयमा बहस नगर्न सम्झाउनु भयो ।

उद्योग सचिव कृष्ण ज्ञवालीले वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन र औद्योगिक व्यवसाय ऐन अध्यादेशबाट लागू गर्ने तयारीमा मन्त्रालय रहेको जानकारी दिंदै उहाँले नेपालको समृद्धिको सपना पूरा गर्न सामूहिक सङ्कल्पका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उद्योग मन्त्रालय र मातहतका निकायलाई प्रशासनिक झन्झटबाट मुक्त गरिएकाले सेवाग्राहीले कार्यालयका ढोका-ढोका चाहनुपर्ने अवस्था अब नरहेको बताउनुभयो । सूचना प्रविधिको भरपुर उपयोग गर्दै सेवाग्राहीलाई द्रुत सेवा प्रदान गर्ने प्रतिबद्धताका साथ कम्पनी रजिष्टार र उद्योग विभागले काम गरिरहेको जानकारी पनि उहाँले दिनुभयो । हरतरहले सबै लगानीकर्तालाई हामी सहयोग गर्छौं र अधिक निर्यात गर्नेलाई इन्सेन्टिभ पनि दिन्छौं । विशेष आर्थिक क्षेत्रमा एनआरएनहरूको लगानीको अपेक्षा आफूले गरेको पनि उहाँले बताउनुभयो ।

अर्थसचिव शान्तराज सुवेदीले भन्सार, कर तथा राजस्व प्रशासन एवम् विदेशी लगानी प्रोत्साहन गर्न सरकारीस्तरमा भएका निर्णय एवम् कानुनी व्यवस्थाबारे जानकारी दिनुभयो । एनआरएनको सीप, प्रविधि, जाँगर र पूँजीको नेपाललाई आवश्यक्ता भउको र लगानीका निम्ति आइपर्ने सबै व्यवधान हटाउने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । पूँजीलाई मात्र सम्पतिका रुपमा परिभाषित नगर्न आग्रह गर्दै उहाँहरुले प्रवासी नेपालीहरुले विदेशमा कमाएको श्रम र प्रविधि पनि मूल्यवान रहेको बताउनुभयो । विगतका कमी कमजोरी सच्च्याउादै अघि बढ्ने प्रतिबद्धता जनाउँदै उहाँले केही समस्या भए सोझै आफूलाई सम्पर्क गर्न अनुरोध गर्नुभयो ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव माधव रेग्मीले निर्यात वृद्धि गरी व्यापार घाटा कम गर्नु सरकारको मुख्य उद्देश्य भएकाले आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि एनआरएनसंग सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले बृहत् विकास-निर्माणका परियोजना सञ्चालनका लागि त्यसैअनुरुपको पूँजी आवश्यक पर्ने भएकाले विश्व बैंकजस्ता बहुपक्षीय निकायले स्थानीय मुद्रामा जारी गर्ने 'बण्ड' खरिद गर्न आग्रह गर्नुभयो । संयुक्त लगानी भित्र्याउन पनि एनआरएनको भूमिका महत्वपूर्ण हुने भएकाले त्यस दिशामा संवेदनशील हुन एनआरएनहरूलाई अनुरोध गर्नुभयो । गभर्नर खतिवडाले कृषि, पूँजीबजार, स्टक मार्केट, स्वास्थ्य शिक्षा जुनसुकै क्षेत्रमा लगानी गरे पनि एनआरएनहरुको लगानी जोखिममा नपर्ने विश्वास दिलाउनु भयो । चुरोट, चिनी र औषधि कारखानामा लगानी गर्न उहाँले अनुरोध गर्नुभयो । नेपाली पूँजी विदेश लैजान नपाइने नियमको स्मरण गराउँदै उहाँले विदेश लगिएको पूँजी र त्यसको प्रतिफल स्वदेश फर्काउने सुनिश्चित गरेमा मात्र कुनै निश्चित व्यक्तिलाई त्यस्तो सुविधा उपलब्ध गराउन सकिने जानकारी दिनुभयो ।

अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले नेपालको सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासका लागि दातृ निकायको मुख ताक्नुभन्दा एनआरएनसंग सहकार्य गर्नु बढी लाभप्रद हुने विचार व्यक्त गर्दै नेपालमा विद्यमान लगानीका अवसरबारे आफूले व्यवसाय गरिरहेका मुलुकका उद्यमी-व्यवसायीलाई जानकारी गराएर वैदेशिक लगानी आकर्षित गर्नेतर्फ लाग्न सुझाव दिनुभयो । उहाँले नियम कानुनका कुरा निकालेर होइन, श्रमबजार र लगानी नीतिमा सरकारले दिएको सुविधा हेरेर लगानी बढाउन आग्रह गर्नुभयो । एनआरएनहरूलाई नेपालका अवैतनिक राजदूतको संज्ञा दिंदै उहाँले आफू बसेको देशको विस्तृत विवरण र व्यापारका संभावनाको फेहरिस्त सरकारलाई उपलब्ध गराउन अपिल गर्नुभयो ।

उद्योग एवम् वाणिज्य तथा आपूर्ति मन्त्री शंकरप्रसाद कोइरालाले मातृभूमिको आर्थिक विकासका लागि गैरआवासीय नेपाली (एनआरएन)हरूलाई तुलनात्मक लाभका क्षेत्रमा लगानी गर्न आह्वान गर्नुभयो । उहाँले नेपालमा लगानीको वातावरण बन्दै गएकाले थप लगानीका परियोजना घोषणा गर्न आग्रह पनि गर्नुभयो ।

"विशेष आर्थिक क्षेत्र, जलविद्युत्, पर्यटन, कृषिलगायत सरकारले प्राथमिकता निर्धारण गरेका क्षेत्रमा लगानी गर्न एनआरएनहरूलाई मेरो विशेष अनुरोध छ"- लगानीको प्रतिफल सुनिश्चित गर्न सरकारले सधैं सहजकर्ताको भूमिका निर्वाह गर्ने स्पष्ट गर्दै मन्त्री कोइरालाले भन्नुभयो । सरकारी स्वामित्वका सार्वजनिक संस्थानमा पनि लगानी गर्ने प्रशस्त अवसर छन् भन्दै उहाँले नेपालको आर्थिक विकासलाई गतिदिन एनआरएनको सहयोगको अपेक्षा सरकारले गरेको बताउनुभयो । उहाँले भन्नुभयो, एनआरएन नेपालको आर्थिक समृद्धिका स्थायी सारथि हुन् ।"

नेपालको आर्थिक उन्नयन नै सरकार र एनआरएनहरूको एकमात्र उद्देश्य भएकाले आपसी सहकार्य एवम् समन्वयमा मुलुकलाई समृद्ध बनाउन सकिने विश्वास व्यक्त गर्दै मन्त्री कोइरालाले दुई वर्षको लक्ष्य निर्धारण गरेर आर्थिक विकासका योजना एवम् नयाँ परियोजना घोषणा गर्न अनुरोध गर्नुभयो । "सन्दुकमा राखेको पैसाले भन्दा उत्पादनमूलक क्षेत्रमा गरेको लगानीले बढी प्रतिफल दिने भएकाले आफू जन्मेहुर्केको देशमा पूँजी लगाउन विलम्ब नगर्नोस्"- उहाँले भन्नुभयो ।

औद्योगिक व्यवसाय ऐन अध्यादेशमार्फत जारी गर्ने तयारी भइरहेको तथा विकास सहायता नीतिको मस्यौदा तयार पारिएको जानकारी दिंदै उहाँले नेपालको आर्थिक कूटनीति सञ्चालनमा पनि एनआरएनहरूको सहयोगको अपेक्षा सरकारले गरेको बताउनुभयो । मन्त्री कोइरालाले यतिबेला आर्थिक विषयलाई सम्बोधन गर्ने उपयुक्त समय भएकाले सहकार्यको हात अघि बढाउन पनि एनआरएनहरुलाई आव्हान गर्नुभयो ।

समयमै बजेट सार्वजनिक हुनु, सन्तोषजनक कृषि उत्पादन, राजनीतिक स्थिरता, निजीक्षेत्रको भरोसा, सरकारी काममा नीतिगत, प्रक्रियागत सुधारलगायत आर्थिक वृद्धिदरमा अपेक्षित लक्ष्यका कारण देशमा लगानीमैत्री वातावरण रहेको उहाँको कथन थियो । चुनावपछि आउने सरकारलाई सुदृढ अर्थतन्त्र सुम्पने प्रतिबद्धता दोहोऱ्याउँदै मन्त्री कोइरालाले विदेशी लगानी नीति र औद्योगिक लगानी नीति आएपछि लगानीकर्ताका माग समेटिने विश्वास व्यक्त गर्नुभयो ।

'नेपालमा लगानीका लागि जुनसुकै क्षेत्र पनि खाली छ । विकास आयोजनमा लगानी गर्न पूर्वाधार विकास बैंक खोल्नुहुन्छ कि सरकारले चलाउन नसकेका सरकारी संस्थानहरु चलाउनुहुन्छ, तपाँईहरु प्रतिवद्धता दिनुस् हामी दिन तयार छौं । म चाहन्छु नयाँ नेतृत्वले केही आयोजना बनाउने प्रतिवद्धता सार्वजनिक गरोस् ।' मन्त्री कोइरालाले भन्नुभयो- '१० अर्बभन्दा माथि लगानी गर्नेलाई लगानी बोर्डले बाटो खुल्ला गरिदिन्छ । कुनै झन्झट व्यहोर्नु पर्दैन । ' विश्व मानचित्रमा नेपालको गौरव र गरिमा उच्च राख्न एनआरएनहरूले निर्वाह गरेको भूमिकाको मुक्तकण्ठले प्रशंसा गर्दै आफूले हालै ब्रसेल्समा रहँदा त्यसको प्रत्यक्ष अनुभव गरेको बताउनुभयो ।

**निष्कर्ष**

- एनआरएनहरू नेपालका अवैतनिक राजदूत भएकाले ६५ मुलुकमा नेपालको प्रवर्द्धन र आर्थिक मामिलालाई समुन्नत बनाउने दिशामा सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा सरकारी जोड
- कर्पोरेट र व्यक्तिगत कर समान नहुँदा समस्या झेल्नुपरेको दावी
- ५१ प्रतिशत लगानीको संस्थापक शेयर बेच्दा संस्थागत तथा व्यक्तिगत कर

- वैदेशिक रोजगारीमा जान चाहनेले रहनसहन, कार्यशैली, वातावरण, अपनाउनुपर्ने सावधानीजस्ता विषय समेटेर तयार पारिएको जानकारीमूलक निर्देशिका/पुस्तिका निःशुल्क उपलब्ध गराउने जानकारी
- नेपालमा लगानीमैत्री वातावरण पूर्णरुपमा बनिनसकेको, कर प्रणाली अव्यावहारिक रहेको, संस्थागत भन्दा व्यक्तिगत निर्णय हाबी हुने प्रशासनिक कार्यशैलीले लगानीकर्ता हच्किएकाले विद्यमान नीति, नियमलाई संशोधन गर्नुपर्नेमा जोड
- प्रविधि हस्तान्तरण ऐन, एकद्वार प्रणालीलाई अक्षरसः पालना गराउनुपर्नेमा जोड
- वैदेशिक लगानी आकर्षित गर्न इन्भेस्टमेन्ट बैंक नीति आवश्यक भएकोमा जोड
- अर्गानिक खेती गरी गुणस्तरीय उत्पादन दिनसके बजार पाउन कठिनाई नहुँनेमा जोड
- विश्वका दश देशसंग दोहोरो कर उन्मुक्ति सम्झौता भइसकेको र अमेरिका, ब्राजिल, क्यानाडा र जापानसाग सम्झौताको तयारी भइरहेको जानकारी
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन र औद्योगिक व्यवसाय ऐन अध्यादेशबाट लागू गर्ने तयारी भएको सरकारी पक्षको भनाई
- एनआरएनको सीप, प्रविधि, जाँगर र पूँजी नेपाललाई आवश्यक भएको भन्दै लगानीका निम्ति आइपर्ने सबै व्यवधान हटाउने सरकारी प्रतिबद्धता
- कृषि, पूाजीबजार, स्टक मार्केट, स्वास्थ्य शिक्षा जुनसुकै क्षेत्रमा लगानी गरे पनि एनआरएनहरुको लगानी जोखिममा नपर्ने सरकारी दावी
- नियम कानुनका कुरा निकालेर नभई श्रमबजार र लगानी नीतिमा सरकारले दिएको सुविधा हेरेर लगानी बढाउनुपर्नेमा जोड
- विशेष आर्थिक क्षेत्र, जलविद्युत्, पर्यटन, कृषिलगायत सरकारले प्राथमिकता निर्धारण गरेका क्षेत्रमा लगानी गर्न एनआरएनहरूलाई अर्थमन्त्रीको आग्रह
- सन्दुकमा राखेको पैसाले भन्दा उत्पादनमूलक क्षेत्रमा गरेको लगानीले बढी प्रतिफल दिने भएकाले आफू जन्मेहुर्केको देशमा पूँजी लगाउन विलम्ब नगर्न एनआरएनहरुलाई सरकारी पक्षको आग्रह ।

**मूख्य सचिव लिलामणि पौडेलको संयोजक्तोमा नेपाल सरकारका सचिवहरु र गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरुको वीच परिचयात्मक कार्यक्रमको आयोजनाः**

कार्तिक ७ तद्अनुसार २४ अक्टोवरका साँझ मूख्य सचिव लिलामणि पौडेलको संयोजक्तोमा नेपाल सरकारका सचिवहरु र गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरुको वीच परिचयात्मक रात्रिभोझको आयोजना गरिएको थियो । संघका नवनिर्वाचित अध्यक्ष घलेले यस प्रकारकाको विसिट परिचात्मक कार्यक्रमको आयोजना गरिदिनु भएकोमा मूख्य सचिवज्यूलाई धन्यवाद दिदैं आगामी दिनहरुमा नेपाल सरकार संग सहकार्य गर्न सजिलो भएको जाकारी गराउनु भयो । निवर्तमान अध्यक्ष जीवा लामिछ्चानेले आफ्नो कार्यकालमा नेपाल सरकारबाट पाएको सदभाव र सहकार्यको अवसरहरुको लागि धन्यवाद व्यक्त गर्दै नयाँ कार्य समितिले पनि सोहि अनुसारको सहयोग पाउनु कुरामा आफू विश्वस्त रहेको वताउनु भयो । मुख्य सचिवले गैरआवासीय नेपाली संघ प्रति आफू निकै आशावादी रहेको र खास गरी वैदेशिक रोजगारीमा गएका हाम्रा दिदिबहिनी तथा दाजुभाईहरुका समस्या प्रति चनाखो हुँदै सम्मेदनशिल हुन अनुरोध गर्दै आफ्नै नेतृत्वमा विदेशमा दुःखमा परेका नेपालीहरुको गैरआवासीय नेपाली संघका प्रतिनिधिहरु संग सहकार्य गरी अद्धार गर्न सफल भएकोमा संघलाई

धन्यवाद दिनु भयो । सो अवसरमा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, संरक्षक भिम उदास तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज बैद्यको पनि उपस्थिति थियो ।



अन्त्यमा:

हरेक २ वर्षमा आयोजना हुने एनआरएनको अन्तर्राष्ट्रिय सम्मेलन ४ दिनसम्म चलेको थियो । संघकै ईतिहासमा अध्यक्ष पदको लागि पहिलो पटक प्रजातान्त्रीक पद्धति अनुसार स्वस्थ प्रैतिसप्रधाद्वारा निर्वाचन भएको थियो । सम्मेलनको उद्घाटन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले गर्नुभएको थियो भने समापन समारोहमा सम्माननीय मन्त्रीपरिषद अध्यक्ष खिलराज रेग्मीको उपस्थिति थियो । यस बर्ष संघको दशौं वार्षिकी समेत भएकोले यस सम्मेलनलाई अन्य सम्मेलनहरु भन्दा महत्वका साथ हेरिएको थियो र साँचै नै यस सम्मेलनलाई दिएको महत्व सावित गर्दै एक दशक सम्म नेपालमा दर्ता हुन नसेको संघ यस सम्मेलनका दौरान दर्ता हुन सफल भयो । सम्मेलनमा ५० देशका १०५० प्रतिनिधिहरु सम्मेलनमा सहभागी भएका थिए ।

<u>*अनुसुची -१*</u>

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
(आर्थिक कूटनीति तथा गैरआवासीय नेपाली महाशाखा)

**छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन आयोजक उच्च स्तरीय समिति**

| | | |
|---|---|---|
| १. | माननीय परराष्ट्र मन्त्री | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५. | सचिव, उर्जा मन्त्रालय | सदस्य |
| ६. | सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ७. | सचिव, गृह मन्त्रालय | सदस्य |
| ८. | सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| ९. | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| १०. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ११. | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| १२. | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| १३. | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| १४. | सचिव, सूचना तथा संचार मन्त्रालय | सदस्य |
| १५. | सचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| १६. | डेपुटी गर्भनर, नेपाल राष्ट्र बैंक | सदस्य |
| १७. | सह-सचिव, आर्थिक कूटनीति तथा गैरआवासीय नेपाली महाशाखा, परराष्ट्र मन्त्रालय | सदस्य |
| १८. | सह-सचिव, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| १९. | महानिर्देशक, अध्यागमन विभाग | सदस्य |
| २०. | महानिर्देशक, उद्योग विभाग | सदस्य |
| २१. | महानिर्देशक, वैदेशिक रोजगार विभाग | सदस्य |
| २२. | उप-सचिव, आर्थिक कूटनीति तथा गैरआवासीय नेपाली महाशाखा, परराष्ट्र मन्त्रालय | सदस्य |
| २३. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| २४. | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| २५. | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| २६. | अध्यक्ष, गैरआवासीय नेपाली संघ | सदस्य |
| २७. | कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड | सदस्य |
| २८. | कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | सदस्य |
| २९. | वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ३०. | कार्यकारी निर्देशक, गैरआवासीय नेपाली संघ | सदस्य-सचिव |

अनुसुची -२

**6th NRN Global Conference & International Convention of NRNA**
**Kathmandu Nepoal**
**October 19-22, 2013**

ORGANIZING COMMITTEE

| SN | Name | Designation | Country | Email |
|---|---|---|---|---|
| Coordinator: | | | | |
| | **Jiba Nath Lamichhane** | NRNA-ICC President | Russia | jibalamichhane@gmail.com |
| **Chairs of Sub-Committees:** | | | | |
| 1. | Capt. Hitman Gurung<br>Guest Relation and Local Hospitality | NRNA-ICC Vice President | UK | h_gurung@hotmail.com |
| 2. | Rameshwar Shah<br>Event Management & Logistic | NRNA-ICC Vice President | UAE | rameshwar.shah.np@gmail.com |
| 3. | Tenzi Sherpa<br>General Assembly | NRNA-ICC General Secretary | S. Korea | tezisherpa@gmail.com |
| 4. | Tek Bahadur Karki<br>Registration of Delegates | NRNA-ICC Secretary | Qatar | gk550dh@yahoo.com |
| 5. | Bhaban Bhatta<br>Fund Raising | NRNA-ICC Treasurer | Japan | bhaban.nrnicc@gmail.com |
| 6. | Dr. Hem Raj Sharma<br>Media, Souvenir, Declaration and Consitution Amendment | NRNA-ICC Spokesperson | UK | hem_raj_sharma@hotmail.com |
| 7. | Naresh Koirala<br>Election Committee | NRNA ICC Project Champion (PC) Nepal Library Foundation | Canada | naresh1@shaw.ca |
| **Organizing Committee Members:** | | | | |
| 8. | Mana Khatri | NRNA-ICC, R.C, Oceania | Australia | mana@4nations.com.au |
| 9. | Kumar Panta | NRNA-ICC, R.C, Europe | Germany | kumarpanta@hotmail.com |
| 10. | Yem Kumar Gurung | NRNA-ICC, R.C, Asia Pacific | Hongkong | triyemgurung@netvigator.com |
| 11. | Hikmat Thapa | NRNA-ICC, R.C, Africa | Nigeria | hikmatthapa@hotmail.com |
| 12. | Narendra B.Bhat | NRNA-ICC, R.C, Middle East | Qatar | narendradoha@gmail.com. |
| 13. | Mukesh K.Singh | NRNA-ICC, R.C, Americas | USA | ileshsingh@gmail.com |
| 14. | Niraj Shrestha | NRNA-ICC, D.R.C, Oceania | Australia | nshrestha2000@hotmail.com |
| 15. | Kiran Bikram Thapa | NRNA-ICC, D.R.C, Asia Pacific | Japan | kirany3@hotmail.co.jp |
| 16. | Lok Nath Subedi | NRNA-ICC, D.R.C, Middle East | UAE | lnsubedi@gmail.com |
| 17. | Lachhya B. Gurung | NRNA-ICC, D.R.C, Europe | UK | lachhya@hotmail.com |
| 18. | Ram C. Kharel | NRNA-ICC, D.R.C, Americas | USA | nrndrc@gmail.com |
| 19. | Ranju Thapa | NRNA-ICC, Women Coordinator (WC) | Australia | ranju.thapa@gmail.com |
| 20. | Dhruba Subedi | NRNA-ICC, Youth Coordinator (YC) | Australia | sdhruba@hotmail.com |
| 21. | Radha Basnyat | NRNA-ICC, Deputy WC | Canada | radhabasnyat6@gmail.com |
| 22. | Ashish Sherchan | NRNA-ICC, Deputy YC | Qatar | ashishsherchan@gmail.com |
| 23. | Dharam KC | NRNA PC- Foreign Employment Inform. Centre | KSA | dharamkc@yahoo.com |
| 24. | Bishnu Maya Pariyar | NRNA PC- Social Empowerment | USA | bishnump@gmail.com |
| 25. | Hom Raj Acharya | NRNA Project Champion (PC)-Education | USA | hra000@gmail.com |
| 26. | Bhaskar Raj Rajkarnikar | FNCCI Senior VP | Nepal | bhaskar@avnues.tv |
| 27. | Dr. Hemanta Dabadi | FNCCI Director General | Nepal | hemant.dabadi@fncci.org |
| 28. | Rajesh SJB Rana | NRNA Exec. Director | Nepal | ed@nrn.org.np |

| Advisors: | | | | |
|---|---|---|---|---|
| 29. | Dev Man Hirachan | NRNA-ICC Chief Patron | Japan | dmhirachan@gmail.com |
| 30. | Dr. Upendra Mahato | NRNA Founding President | Belarus | upn@mahato.ru |
| 31. | Suraj Vaidya | FNCCI President | Nepal | surajvaidya14@gmail.com |
| 32. | Ram Pratap Thapa | NRNA-ICC Patron | Germany | thapa@web.de |
| 33. | Bhim Udas | NRNA-ICC Patron | Nepal | bhim.udas@gmail.com |
| 34. | Indra Ban | NRNA-ICC Patron | Australia | Indraban0@gmail.com |
| 35. | Prof Surya Subedi | NRNA-ICC Patron | UK | s.p.subedi@leeds.ac.uk |
| 36. | Bishwa Kanta Mainali | NRNA-ICC Advisor | Nepal | bishwakm@gmail.com |
| 37. | Kul Chandra Gautam | NRNA-ICC Advisor | Nepal | kulgautam@hotmail.com |
| 38. | Dr. Dev Kaji Dangol | NRNA-ICC Advisor | Qatar | dhdangol1@gmail.com |
| 39. | Deepak K. Khadka | NRNA-ICC Advisor | Australia | deepak@cibt.nsw.edu.au |
| 40. | Dr. Jugal Bhurtel | NRNA-ICC Advisor | Nepal | Jugal.bhurtel@gmail.com |
| 41. | Dr. Drona Rasali | NRNA-ICC Advisor | Canada | drona.rasali@gmail.com |
| 42. | Ranjana Udas | NRNA-ICC Advisor | Nepal | ranjanaudas@gmail.com |
| 43. | Pritam Shrestha | NRNA-ICC Advisor | Hong Kong | pritamcichk@gmail.com |
| 44. | Dil Bdr. Gurung | NRNA-ICC Advisor | Germany | tibethaus@hotmail.com |
| 45. | Ratan Kumar Jha | NRNA-ICC Advisor | USA | ratanjha@gmail.com |
| 46. | Dr. Ambika Adhikari | NRNA-ICC Advisor | USA | ambika.adhikari@gmail.com |
| 47. | Shesh Ghale | NRNA Investment TF Co-Chair | Australia | shesh.ghale@mit.edu.au |

**SUB-COMMITTEES**

**PROGRAM COMMITTEE:**

**Chair: Jiba Lamichhane – NRNA-ICC President and Conference Coordinator**

**Members:**

| SN | Name | Designation | Country | Email |
|---|---|---|---|---|
| 1. | Capt.Hitman Gurung | NRNA-ICC Vice President | UK | h_gurung@hotmail.com |
| 2. | Rameshwar Shah | NRNA-ICC Vice President | UAE | rameshwar.shah.np@gmail.com |
| 3. | Tenzi Sherpa | NRNA-ICC General Secretary | S.Korea | tezisherpa@gmail.com |
| 4. | Tek Bahadur Karki | NRNA-ICC Secretary | Qatar | gk550dh@yahoo.com |
| 5. | Bhaban Bhatta | NRNA-ICC Treasurer | Japan | bhaban.nrnicc@gmail.com |
| 6. | Dr. Hem Raj Sharma | NRNA-ICC Spokesperson | UK | hem_raj_sharma@hotmail.com |
| 7. | Mana Khatri | NRNA-ICC, R.C, Oceania | Australia | mana@4nations.com.au |
| 8. | Kumar Panta | NRNA-ICC, R.C, Europe | Germany | kumarpanta@hotmail.com |
| 9. | Yem Kumar Gurung | NRNA-ICC, R.C, Asia Pacific | Hongkong | triyemgurung@netvigator.com |
| 10. | Hikmat Thapa | NRNA-ICC, R.C, Africa | Nigeria | hikmatthapa@hotmail.com |
| 11. | Narendra B.Bhat | NRNA-ICC, R.C, Middle East | Qatar | narendradoha@gmail.com. |
| 12. | Mukesh K.Singh | NRNA-ICC, R.C, Americas | USA | ileshsingh@gmail.com |
| 13. | Bhaskar Raj Rajkarnikar | FNCCI NRNA-Coordinator | Nepal | bhaskar@avenues.tv |
| 14. | Dr Hemanta Dabadi | FNCCI DG | Nepal | hemant.dabadi@fncci.org |
सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू, छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन उच्च स्तरीय आयोजक समितिका संयोजक तथा माननीय गृह तथा परराष्ट्र मन्त्री श्री माधव प्रसाद घिमिरेज्यू, माननीय मन्त्रीहरुज्यू, महामहिमज्यूहरु, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीज्यूहरु, गैरआवासीय नेपाली संघका प्रमुख संरक्षकज्यू तथा संस्थापक अध्यक्षज्यू, नेपाल उद्‌योग वाणिज्य महासंघका अध्यक्षज्यू, आमन्त्रीत भद्र महिला तथा सज्जनबृन्द एवं गैरआवासीय नेपाली मित्रहरुमा हार्दिक अभिवादन ।

देश अनेकौ राजनैतिक उतार चढाबबाट गुज्रिदै दोश्रो संविधान सभाको निर्वाचनको ऐतिहासिक संघारमा रहेको बेला छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन सम्पन्न हुँदैछ । आगामी निर्वाचन स्वतन्त्र, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न होस् र नेपाली जनताको शान्ति, समृद्धि र परिवर्तनको आकांक्षा प्रतिविम्वित हुने किसिमको लोकतान्त्रिक संविधान निर्माणको मार्ग प्रस्स्त होस् भन्ने सम्पूर्ण गैरआवासीय नेपालीहरुको चाहाना छ । पहिलो संविधानसभाको असफलताबाट पाठ सिक्दै फेरि पनि सहमति र सहकार्य कै मान्यतालाई आत्मसात गर्दै नयाँ संविधान निर्माणमा लाग्न सबै राजनैतिक दलहरुलाई यस सम्मानित हलमा उपस्थित प्रतिनिधीहरुको तर्फबाट म हादिर्क अनुरोध गर्दछु । हाम्रो चाहाना र आग्रह हुँदा हुदै पनि विदेशमा रहेका लाखौ नेपाली नागरिक फेरि एक पटक ऐतिहासिक संविधानसभामा आफ्नो मत खसाल्ने अवसरबाट वञ्चित हुनु दुर्भाग्यपूर्ण छ । तथापि समयमा नै संविधान लेख्न सकियो भने हाम्रो यो पीडा मेटिने छ ।  विविध कारणले संविधानसभाको निर्वाचनमा सहभागी नभएका दलहरुले उठाउँदै आएका राष्ट्र निर्माणका मुद्दालाई समेत नयाँ बन्ने संविधानमा संवोधन गर्ने वातावरण बनोस् र नेपालमा दीगो शाीन्त स्थापित होस् भन्ने हार्दिक कामना गर्दछौं ।

पूर्वी युरोप, पूर्व सोभियत संघबाट स्वतन्त्र भएका नयाँ मुलुकहरु, अफ्रिका, ल्याटिन अमेरिका, क्यारेबियन देशहरु लगायत एसियाका विभिन्न मुलुकको अर्थतन्त्रलाई चलायमान बनाइराख्न ती देशका डायास्पोराले खेलिरहेको भूमिका निर्विवादित छ । मातृभूमि छाडेर विदेशिने प्रवृत्ति जति बढ्दैछ उति नै संसारभरि आ-आफ्ना मातृभूमिलाई समृद्ध र सुदृढ पार्न सहयोग गर्ने उद्देश्यले, विशेषगरी अल्पविकसित मुलुकका, डायास्पोराहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय संजाल बन्ने प्रक्रिया झन्-झन् व्यापक हुँदै गएकोछ । विकासोन्मुख राष्ट्रहरुको आर्थिक उत्थानमा त्यस देशका गैरआवासीय नागरिकहरुको बिशेष योगदान रहेको देखेको हुँदा विदेशमा बस्ने नेपाली समुदायपनि आफ्नो मातृभूमिको लागि केही गरौं भन्ने भावनाले प्रेरित हुनु अस्वभाविक थिएन । यद्यपि ठूलो संख्यामा नेपालीहरु विदेश जाने परम्पराको सुरुवात २०४६ सालको राजनैतिक परिवर्तन पछि मात्रै भएकोले विदेशमा हामी अझै स्थापित हुन संघर्षरत नै छौं, हाम्रा साधन र श्रोत सीमित छन् । तर तिनै सीमितताका वावजुद अप्ठ्यारो राजनैतिक संकटबाट गुज्रिरहेको मातृभूमिको उत्थानमा आ-आफ्नो व्यक्तिगत वा सामुहिक क्षमता अनुसारको बौद्धिक आर्थिक योगदान गर्नु पर्छ भन्ने विश्वभरि छरिएर रहेको हाम्रो भावनालाई समेट्ने उद्देश्यले  एक दशक अघि **'नेपालीका लागि नेपाली'** भन्ने पवित्र उद्घोषका साथ गैरआवासीय नेपाली अभियानको आरम्भ गरिएको थियो । त्यसपछि तीब्र गतिमा फैलिएको गैरआवासीय नेपाली संघको सञ्जाल आज ६५ मुलुकका नेपालीमाझ सहकार्य गर्ने साझा चौतारीको रुपमा स्थापित भइसकेको छ । विश्वको अन्य कुनै डायस्पोरासँग यस्तो विस्तारित सञ्जाल भएको हामीलाई थाहा छैन । संख्यात्मक रुपमा बढ्दो र भौगोलिक रुपमा फैलँदो गैरआवासीय नेपाली समुदायका बीचमा सहकार्यको वातावरण बनाइदिएर यो अभियानले हामीलाई एक अर्काको सृजनशीलताबाट सिक्ने मौका दिएको छ । यसरी गैरआवासीय नेपाली अभियानले हाम्रो उद्यमशीलता, ज्ञान र गुणात्मक वृद्धिमा समेत ठूलो योगदान गरेको छ । त्यसले एक दशक अघि गैरआवासीय नेपाली संघको परिकल्पना र स्थापना हामी र मुलुक दुबैका लागि लाभकारी एउटा सार्थक पहल थियो भन्ने प्रमाणित भइसकेको छ । जसका लागि आज म गैरआवासीय नेपाली संघको परिकल्पना देखि यसको सुदृढिकरणमा अहोरात्र खट्ने डा. उपेन्द्र महतो, देवमान हिराचन, भिम उदास, राम थापा, जस्ता मेरा अग्रज एवं विश्वभरि छरिएका एनसीसीसँग आवद्ध साथीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

सम्माननीय राष्ट्रपति ज्यू,

द्वन्द र राजनीतिक संक्रमणले अकरान्त हाम्रो मुलुकको अन्तराष्ट्रिय छवि वैदेशिक लगानीकर्तालाई प्रेरित गर्ने किसिमको नहुनु अत्यन्त दुखद कुरा हो, तर यो यथार्थलाई हामी उपेक्षा गर्न सक्दैनौ । तर मुलुक द्वन्द र राजनीतिक संक्रमणले सबै भन्दा बढि पीडित भएकै समयमा गैरआवासीय नेपाली अभियानले तीव्र गति लिनु फगत संयोग मात्र थिएन । विदेशी लगानीकर्ताहरु स्वभावत : शान्ति, स्थायित्व र उल्लेख्य आर्थिक बृद्धि गरिरहेका मुलुकतिरै आकर्षित हुन्छन् । तर 'हामीले त्यस्तो विकल्प खोज्नु हुन्न', 'हामीले नगरे कसले गर्छ, अहिले नगरे कहिले गर्ने' भन्ने भावनाले प्रवासी नेपाली समुदायलाई सबैभन्दा बढि प्रेरित गरेको छ । समुदायको उद्यमशीलता र गुणात्मक बुद्धिले पछिल्लो समयमा हाम्रो आत्मविश्वास पनि निकै बढेको छ । गैरआवासीय नेपाली अभियानको उद्देश्य अनुरुप आफूले विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूँजीलाई व्यक्तिगत वा सामुहिक रुपमा नेपालमा लगानी गर्ने प्रवित्तको व्यापक विकास भएको छ । विदेशको पूँजीलाई भौगोलिक रुपले विविधिकरण गर्न चाहाने साना र मध्यम स्तरका व्यवसायी प्रवासी साथीहरु अब उल्लेख्य संख्यामा नेपालमा केन्द्रित हुँदै गएको स्पष्ट देख्न सकिन्छ । गैरआवासीय नेपालीहरुले नेपालमा शिक्षा, स्वास्थ्य, जल विद्युत, पर्यटन, बैंकिंग, दुर संचार, आदि क्षेत्रमा पहिले देखि नै लगानी गर्दै आएका छन् । पछिल्लो समयमा आफूले विदेशमा सिकेको सीपलाई नेपालमा वैज्ञानिक कृषी तथा पशुपालनको क्षेत्रमा प्रयोग गरी कृषीको व्यवसायिकरणमा योगदान दिने गैरआवासीय नेपालीहरुको संख्यामा व्यापक बढोत्तरी भएको छ । नेपाल सरकारले प्राथमिकतामा राखेका क्षेत्रमा सामुहिक लगानी गर्दै जाने लक्ष्य अनुरुप गत बर्ष ३५ देशमा बसोबास गर्ने १००० भन्दा बढि गैरआवासीय नेपाली मिलेर एक कम्पनी स्थापना गरी लम्जुङको दोर्दी खोलामा २७ मेगावाटको जलविद्युत परियोजना शुरु भएको छ । राष्ट्र निर्माणको सन्दर्भमा यो लगानी साधारण भएपनि यसले गैरआवासीय नेपालीहरु भित्र रहेको सामुहिकताको असाधारण सम्भावनालाई उजागर गर्छ र यसलाई निरन्तर बढाएर लैजान हामी कटिबद्ध छौं । यस बाहेक पनि नेपालको निजी क्षेत्र र गैरआवासीय नेपालीबीच लगानीमा सहकार्यले निकै गति लिन थालेको देखिन्छ ।

विदेशिएका नेपालीहरुले व्यक्तिगत रुपमा आफू पढेको बिद्यालय, आफ्नो टोल गाउँ र जिल्लामा हैसियत बमोजिम खानेपानी, सरसफाइ, बाटो निर्माण र कुटिर उद्योगको संचानल आदि विभिन्न सामाजिक कार्यमा सहयोग गर्दै आइरहेका छन्, जुन व्यक्तिको स्वभाविक सामाजिक र पारिवारिक दायित्व भित्र नै पर्ने कुरा हो । यस अलावा गैरआवासीय नेपाली संघको आह्वानमा संस्थागत ढंगबाट हाम्रो समुदायले शिक्षा, स्वास्थ, स्थानीय विकास, दैवी प्रकोप उद्धार आदि क्षेत्रमा निरन्तर परोपकारी कार्यहरु गर्दै आइरहेका छन् । एक राष्ट्रिय समन्वय परिषदले एक कार्यकालमा एउटा सामाजीक परियोजना गर्ने कार्यक्रम अनुसार विगत दुई वर्षमा मात्र ४१ परिषदले परियोजना सम्पन्न गरि सकेका छन् । हामी यसलाई अझ प्रभावकारी ढंगबाट अघि बढाउन प्रतिबद्ध छौं । गैरआवासीय नेपाली अभियानको आयाम बढदो छ । नेपाललाई विश्व सामु चिनाउन विभिन्न देशमा गरिने नेपाल फेष्टिवल, बुद्ध नेपाल अभियान, नेपाली घर तथा कला संस्कृति प्रवर्धन जस्ता कार्यक्रमले सचेतना बृद्धि र पर्यटन विकासमा टेवा पुगेको छ । आगामी पुस्तालाई नेपाली सँकृतिसँग परिचित गराइराख्न पनि त्यस्ता अभियानको भूमिका हुने महसुस गरेका छौं । सरकारी निकाय पुग्न नसकेका अफ्रिका लगायका देशमा गएका नेपालीहरुको दु :खको साथी बन्न पाउने हामीलाई अवसर मिलेको छ ।

नेपालको समग्र विकासको लागी अहिले सम्मका हाम्रा प्रयासहरु पर्याप्त होईनन् भन्ने कुरामा हामी सचेत छौ । आफै स्थापित हुन संघर्षशील डायस्पोराबाट राष्ट्रले अपेक्षा गरे अनुसारको लगानी अहिले नै भित्राउन नसके पनि गैरआवासीय नेपाली डायस्पोराको बढ्दो उद्यमशीलता र राष्ट्रप्रतिको दायित्व बोधले भविष्यमा उल्लेखनीय योगदान रहने हामीले ठानेका छौ । यसको लागि राष्ट्रले हामी प्रति देखाएको सद्भावले हामीलाई अझ बढी उत्साहित र जिम्मेबार बनाएको छ । नेपाल सरकारको एनआरएन बोर्ड, नेपाल लगानी बोर्ड जस्ता उच्चस्तरीय समितिहरुमा हाम्रो सहभागिता रहनु ठूलो सम्मानको विषय हो । विदेशिएका नेपालीसँग सम्वन्धित सबै विषयहरको समन्वयकालागि परराष्ट्र मन्त्रालयमा गैरआवासीय नेपाली महाशाखा स्थापना गरेको छ जुन स्वागत योग्य छ । नेपाल सरकार र गैरआवासीय नेपाली संघबीचको एक दशक लामो सौहार्दपूर्ण सहकार्य र संवादले हाम्रो समुदायका विभिन्न मुद्दाहरु क्रमश : हल हुँदै गएका छन् । गैरआवासीय नेपाली ऐन २०६४ त्यसको एउटा ज्वलन्त उदाहरण हो, जसका लागि पुन : एक पटक सरकारलाई आभार प्रकट गर्न चाहान्छु ।

सम्माननीय राष्ट्रपति ज्यू,

संविधान निर्माण हुन सकेको भए **'एक पटकको नेपाली सधैंको नेपाली'** भन्ने हाम्रो आकाक्षां पनि संबोधित हुने थियो भन्ने कुरामा कुनै दुविधा छैन, किनकि सबै राजनैतिक दलहरु हाम्रो यस चाहनाप्रति सकारात्मक र संवेदनशील देखिन्छन् । डायास्पोरालाई मातृभूमिसँग जोड्ने कडी भनेको भावनात्मक सम्वन्धको सुदृढिकरण हो । डायास्पोरामा पुस्तान्तर हुँदै जाँदा त्यो सम्वन्ध त्यति नै स्थिर नरहन पनि सक्छ भन्ने बुझेर नै विश्वका धेरै देशले नागरिकताको निरन्तरतालाई मान्यता दिएका हुन् । भावनात्मक स्तरमा नेपालसँग जोडिइरहेको खण्डमा मात्र निश्चित रुपमा हामी भन्दा निकै योग्य र सामर्थ्यवान हुने आगामी पुस्ताले नेपालको आर्थिक रुपान्तरण र यहाँको साँस्कृतिक परम्पराप्रति चासो देखाउने छ । अन्यथा विकसित देशको ' मेल्टिङ पट' मा घोलिएर त्यो त्यसै हराउने सम्भावनाले हाम्रो समुदाय अत्यन्त चिन्तित छ । आगामी संविधानसभाले हाम्रो नागरिकताको निरन्तरताको तर्कसंगत मागलाई उदारतापूर्वक ग्रहण गरेर विदेशमा बस्ने हजारौं नेपाली मूलका विदेशी नागरिकहरुको आफू र सन्ततिलाई नेपालसँग जोडी राख्ने भावनाको उच्च सम्मान गर्नेछ भन्ने विश्वास लिएका छौं । त्यसैगरी संसारका धेरै देशले विदेशमा बस्ने आफ्ना नागरिकलाई विदेशबाटै मत हाल्न पाउने अवसर दिए झैं हाम्रो सरकारले पनि विभिन्न कारणवश विदेशिएका लाखौं नेपाली नागरिकको संविधान निर्माणमा सहभागी हुने अधिकारलाई सुनिश्चित गर्नुपर्छ भन्ने हाम्रो जोडदार आग्रह छ ।

नेपालको सन्दर्भमा राजनैतिक अस्थिरता, द्वन्द र बेरोजगारीले धकेलेर अत्याधिक संख्यामा नेपाली युवा विदेशिन बाध्य छन् । तिनले पठाएको रेमिटेन्सले ठूलो राजनैतिक अस्थिरता र औद्योगिक निराशाको स्थितिमा पनि नेपालको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा पुऱ्याउँदै आएकोछ । रेमिटेन्सका कारण समग्र मुलुक कै र विशेषगरी ग्रामीण क्षेत्रको गरिवी घटेको तथ्यांक सार्वजनिक भइरहँदा बैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन हामीले निरन्तर गरेका प्रयासले अपेक्षित सफलता नपाउनु साह्रै दु :खद विषय बनेको छ । अल्पकालीन रोजगारीमा मलेसिया र खाडी मुलुकमा जाने गैरआवासीय नेपालीहरुको संख्या सवै भन्दा ठूलो भएकोले त्यस क्षेत्रका विसंगतिप्रति हाम्रो चासो केन्द्रित गर्न जरुरी छ । वैदेशिक रोजगारमा भएका समस्या र संभावनालाई पहिल्याउन संघले शुरु देखि नै पहल गर्दै आएको पनि छ । गैरआवासीय नेपाली संघको पहिलो र पाँचौ क्षेत्रीय सम्मेलन यही विषयमा केन्द्रित हुँदै खाडी क्षेत्रमै आयोजना गरिएको थियो । सम्बन्धित मुलुकमा कार्यरत एनसीसी मार्फत विभिन्न सरकारी, गैरसरकारी

संस्थाहरुसँगको सहकार्यमा हामीले विदेशमा अलपत्र परेका, ठगिएका साथीहरुको उद्दार गर्दै आएका छौ । अन्य थुप्रै कारण मध्ये धेरै नेपालीले विदेशमा दुख पाउने एउटा कारण आफू जाने देशका बारेमा आवश्यक सूचनाको अभावपनि भएकाले त्यसको न्युनिकरणका लागि संघले वैदेशिक रोजगारी गाइडबुकको तयारी गरेको छ, जसलाई यो सम्मेलनको लगत्तै पछि नेपालका सबै गाविसहरुमा निःशुल्क वितरण गरिनेछ । तर कामको सिलसिलामा विदेशीएका नेपाली दाजुभाइ दिदिबहिनीहरुले पाइला पाइलामा पाउने अकल्पनीय कष्ट निवारणका लागी हाम्रो यो सानो प्रयत्न मात्र पर्याप्त हुँदैन । ठूलो संख्यामा रोजगारीमा जाने देशहरुसँग द्वीपक्षीय श्रम सम्झौता तथा अन्य नीतिगत सुधारकालागि सरकारले पहल गर्नै पर्छ । 'सुरक्षित आप्रवासन' का लागी नेपाल सरकारसँग सहकार्य गर्न गैरआवासीय नेपाली संघ सधै तयार रहेको कुरालाई पुन : दोहोर्‍याउदै संघको विस्तारित सञ्जाललाई यसका लागि सदुपयोग गर्न सरकारसँग आग्रह गर्दछु ।

सम्माननीय राष्ट्रपति ज्यू,

आर्थिक लगानीको अलावा हामीले विदेशमा आर्जन गरेको ज्ञान, सिप तथा ग्लोबल एक्सपोजर देशको विकासमा अत्यन्त उपयोगि हुन सक्छन् भन्ने आत्मसात गर्दै नेपालमा खुला विश्वविद्यालय स्थापनाको अबधारणालाई अघि बढाइएको छ । गैरआवासीय नेपाली संघ र खुला विश्वविद्यालय निर्माण पुर्वाधार विकास समितिबीच हस्ताक्षरीत समझदारी अनुसार प्राज्ञिक, प्राविधिक र भौतिक पुर्वाधार निर्माणमा संघले सक्दो सहयोग गर्ने प्रतिबद्धताा व्यक्त गर्दछु । विज्ञान तथा प्रविधी बिना देशको विकास सहज नहुने कुरालाई मध्यनजर राख्दै Nepal Science Foundation Trust को स्थापना भएको छ । यस फाउण्डेसनको Science for People परियोजना अन्तर्गत विज्ञान र प्रविधीको अध्ययनको आवश्यकतालाई जनस्तरमा महसुस गराउने अभियान शुरु भएको छ । विज्ञान तथा प्रविधी अनुसन्धानका लागि नेपाल एकेडेमी अफ साईन्स एण्ड टेक्नोलोजी (नास्ट) सँग एक संझौतापत्रमा हस्ताक्षर भई सहकार्य अगाडि बढिसकेको छ । यसै गरी नेपालको सहित्य विकासका लागि पहिलो पटक नेपाल साहित्य प्रतिष्ठान र गैरआवासीय नेपाली संघको संयुक्त प्रयासमा हालै अन्तर्राष्ट्रिय सहित्य सम्मेलनको आयोजना गरिएको थियो । यसलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइनेछ ।

आदरणीय साथीहरु,

२००३ सालको लण्डन बैठकको सहभागिता देखि, अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य तथा उपाध्यक्ष हुदै अध्यक्ष पदको यात्रा निकै ज्ञानवर्धक, शिक्षाप्रद र धेरै उत्साहवर्धक रह्यो । यस अभियानमा आफूलाई समाहित गर्न पाउँदा गौरवको महसुस गरेको छु । मेरो कार्यकालमा जे जति सफलता हासिल गर्न सकियो, त्यो तपाँईहरु सबैको सहयोग, समर्पण र सुभेच्छाको प्रतिफल भएकोले त्यसको श्रेयपनि तपाँईहरुलाई नै जान्छ । यस अवधिमा अथक प्रयास गर्दागर्दै पनि हुन नसकेका कामहरु, गल्ति, कमजोरी भने सबै मेरा हुन्, जसका लागि हार्दिक क्षमा याचना गर्दछु । अर्को कार्यकालको लागि नयाँ नेतृत्वको चयन भई सकेको छ । नयाँ नेतृत्वले कठिन परिश्रम र संघर्षले स्थापना गरेको यस अभियानलाई अझ परिस्कृत गर्दै लैजाने विश्वाश गरेको छु र नयाँ कार्य समितिलाई शुभकामना एवं हर सम्भव सहयोग गर्ने वचन बद्धता व्यक्त गर्दछु ।

हामीले देशको लागि अझै धेरै गर्न बाँकी छ, तर हाम्रा सम्भावना पनि उत्तिकै प्रशस्त छन् । खाँचो छ भने केवल एकता, अनुशासन र निस्वार्थ योगदानको । हामीले उठाउँदै आएका धेरै जसो मुद्दाहरु

राजनितिसँग जोडिएकाले हाम्रो अभियान राजनितिबाट निरपेक्ष रहन सक्दैन । तर संघ भित्र दलगत राजनिति भित्र्याउन थाल्दा यो अभियानको एकता, दिर्घायु र प्रतिष्ठा माथि आघात पुग्न सक्छ भन्ने यथार्थलाई मनन गर्न सबै राजनैतिक पार्टीहरु तथा भातृसंगठनहरुलाई हार्दिक अनुरोध गर्दछु ।

हामी गैरआवासीय नेपाली संघको अभियानमा एकबद्ध होऔं, र हाम्रो देशलाई फट्को मारेर प्रगतिको बाटोमा अग्रसर हुनलाई सहयोग गरौं । हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने ?

मातृभूमिको जय होश !

Welcome Remarks by Mr. Suraj Vaidya – FNCCI President
















- Nepal has made progress in primary education. The net enrolment rate at the primary level has reached 95.3 percent in 2013 from 64 percent in 1990.
- The gender gap in the primary education has also been narrowed over the years. Ratio of girls to boys in primary education has already been achieved in 2013.
- Due to the rise in remittance income the balance of payment recorded a surplus of Rs. 68.94 billion in 2012/13. The remittance income has increased
- Road to 73 district



## *Playing the Blame Game?*



- In 2012/13, the number of joint venture projects and investment amount increased significantly by 32.2 percent and 171.7 percent respectively. During this period, government has granted approval to 300 joint venture projects with the foreign direct investment commitment of Rs. 19.39 billion. In the previous year, 227 joint venture projects were approved with a total amount of Rs. 7.14 billion.
- Of the total 300 projects approved in the review year by 20.9 percent and reached Rs.435 billion during 2012/13 as against its growth of 41.8 percent in 2011/12.



## NRN and Nepal: Partners in Prosperity

## Much more needs to be done……

International ranking

| | |
|---|---|
| Global Peace Index | 77 out of 144 |
| Human Development Index | 144 out of 182 |
| Corruption Perception | 143 out of 182 |
| Global Competitiveness | 125 out of 133 |
| Doing Business | 108 out of 185 |
| Economy Freedom | 141 out of 177 |
| Starting Business | 105 out of 185 |

Could do better

## 30,673,500,000

| | | |
|---|---|---|
| Sanima Hydro Power Ltd | NRN Investment Limited | Sanima Bank Limited |
| [illegible] Medical Hospital | Fhulkumari Memorial Trust | Machhapuchchhre Bank Limited |
| Medicare Hospital | Bistari Bistari Restaurant | [illegible] Group |
| Best Resort | Mayur corporation | City Express |
| Siyarani HydroPower | Nationals International Education Consultancy | |
| DTA associates | Melbourne Institute of Technology | Kantipur Group |
| BB Airways | Fhulkumari Mahato Trust | TBI Investment |
| United Brewery | Liberty College | British College |
| BB Trust | BB Holidays | Kankar Mart.com |
| [illegible] Agriculture | Gandaki Trout Fish | Teach For Nepal |
| Kanchana | National Video | Cosmos Education Group |
| NRN CDF, Migraine Center | Progressive Nepalese Investment Group | |
| Maya Organic | Fish Tail Travels & Tours | Madhuvala Restaurant |
| Shivani Resort | Shalom Agriculture Pvt. Ltd. | Sherpa Engineering |
| KTM Securities | Dakshinkali Resort | Himalayan Sherpa Trek & Expedition |
| Seven Summits Foundation | | |

## FNCCI and Nepal: Partners in Prosperity

## Minimum Economic Agenda

**Infrastructure**

**Agriculture**

**Tourism**

**Mining**

**Education & Health**

## FNCCI and Prosperity



- Stir hope and inspire people to believe in themselves, their ability to do well and to support the development of Nepal
- Convince Nepal that in spite of the political and economic challenges which we face, we are a blessed country with both natural and human resources which must be utilized for our benefit.
- Create entrepreneurs and jobs at home. Nepal Needs to create Employment for 3.5 million persons in the next 10 years

## Election Manifesto

- Common Agreement on basic policy issues and programs
- Commitment to open liberal market economy and private sector led growth
- Small but effective government
- Two storage projects to be completed
- Mid hill highway
- 2nd International Airport and Fast Track linking it with Kathmandu
- Regional international airports on PPP basis in the East, Mid and Far West
- Five North South Corridors



- Energy
- Minimum Economic Agenda
- Election Manifesto
- One District One Product

## Hydropower

- Common Agreement on hydropower development
- Power as tradable commodity
- No disturbance in implementation of projects
- Foreign investment in hydropower




One District One Product
• Nepal cannot be a prosperous nation unless all parts of hers develop
• Every districts of Nepal has unique potential, which if harnessed could create international market for Nepalese products
• Economy of scale by territorial specialization and branding
• NRNs could be partners linking Nepalese districts with international markets


If everyone is moving forward together, then success takes care of itself


By 2015 we will…………
FNCCI and NRN
• Export of Nepalese products & increase to 100 billion rupees
• Nepal Investment Mart in six continents
• Made in Nepal shows in three countries
Government
• Recognize NRN as partners in prosperity and development
• Separate Ministry for NRNs Affairs
• Effective involvement of NRNs in Economic Diplomacy


The hardest part
of moving forward
is not looking back.


"Prosperity begins with a state of mind"



**सम्माननीय मन्त्रिपरिषद्का अध्यक्षज्यूको समापन मन्तव्यः**

आजको यस छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनका सभाध्यक्षज्यू, मा. गृह तथा परराष्ट मन्त्रीज्यू, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षज्यू, गैरआवासीय नेपाली संघका नवनिर्वाचित अध्यक्ष एवं अन्य पदाधिकारी तथा सदस्यज्यूहरु, संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु एवं पूर्व पदाधिकारीज्यूहरु, विश्वका विभिन्न मुलुकहरुबाट सम्मेलनमा भागलिन आउनु भएका प्रतिनिधिज्यूहरु, उपस्थित विशिष्ट व्यक्तित्वहरु, संचारकर्मीहरु, महिला तथा सज्जन्वृन्द ।

म यस समापन समारोहमा सहभागी हुन पाउँदा निकै खुशी लागेको छ । यस अवसरमा म गैरआवासीय नेपाली संघका नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई र तपाईहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

विभिन्न मुलुकहरुबाट यस विश्व सम्मेलनमा सहभागी हुन आउनु भएका तपाईहरुको बसाई सुखद रह्यो होला भन्ने मैले ठानेको छु । अहिलको युगमा प्रविधि, वाणिज्य र बहुपक्षीय कारोवारले गर्दा विश्व साँगुरिएको छ । अहिले आएर विश्वका विभिन्न मुलुकहरुमा रोजगारी, व्यासाय र बसोबासको प्रचलन तिव्र गतिमा बृद्धि भईरहेको छ । विभिन्न मुलुकका मानिसहरु विभिन्न उद्देश्य लिएर एक मुलुक बाट अर्को मुलकका भूभागहरुमा व्यासायीक साझेदार, प्रतिष्ठा र पहिचानको लागि कार्यहरु गरिरहेका छने ।

विभिन्न मुलुकहरुमा रहेका गैरआवासीय नेपालीहरुले आफ्ना पहिचान खोज्ने क्रममा गैरआवासीय नेपाली अभियानको पार्दुभाव भएको भन्ने मलाई लाग्छ । उहाँहरुलाई नेपाल प्रति दायित्वको बोध भएर विश्वभरीका नेपालीहरुलाई एकिकृत गरी छोटो अवधिमा नै यस अभियानले सफलता हासिल गरेको छ । भविष्यमा यस अभियानलाई अझ सशक्त रुपमा लानको लागि शुभेच्छा व्यक्त गर्दछु ।

नेपालका विविध क्षेत्रहरु स्वास्थ्य, शिक्षा, जलविद्युत र कृषिमा अध्याधिक लगानी गरेर नेपाललाई सन् २०२२ सम्म अल्पविकसित मुलुकबाट विकसित मुलुकमा लानको लागि गैरआवासीय नेपालीहरुको भूमिकाको नेपाल सरकारले अपेक्षा राखेको छ ।

नेपाल सरकारले गैरआवासीय नेपालीहरुलाई व्यवस्थित गर्नको लागि गैरआवासीय नेपाली सम्बन्धि ऐन २०६४ र गैरआवासीय नेपाली सम्बन्धि नियमावली २०६६ बनाई जारी गरी परिचयपत्रको सुविधा प्रदान गरेको छ । परिचयपत्र लिएका गैरआवासीय नेपालीहरुलाई लगानी, उद्योग व्यवसाय, संचार र घर जग्गा खरिद विक्रिमा सहुलियत सुविधा प्रदान गरेको छ । यस नियमावलीलाई समय सापेक्ष सुधार गरिदैं लाने पनि सरकारको उद्देश्य रहेको छ । नेपालको सामाजिक आर्थिक विकासमा गैरआवासीय नेपालहरुलाई संस्थागत गर्नको लागि नेपाल सरकार परराष्ट्र मन्त्रालयले आर्थिक कुटनीति तथा गैरआवासीय नेपाली महाशाखा स्थापना गरेको छ । यस्तै आर्थिक कुटनीतिलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि गैरआवासीय नेपालीहरुलाई पनि सहभागी गराईने सरकरको योजना रहेको छ ।

“गैरआवासीय नेपाली र नेपालः समृद्धिका साझेदार” भन्ने नाराका साथ सम्पन्न भएको यस गैरआवासीय नेपाली विश्व सम्मेलनमा नेपाल सरकार र नीजि क्षेत्रको सहभागीताले पनि गैरआवासीय नेपालीहरुलाई नीति नियम निर्माण गर्न थप सहयोग पुगेको छ ।

आगामी मंसीर महिनामा हुने संविधानसभाको निर्वाचन सम्पन्न गर्न को लागि नेपाल सरकारले आवश्यक कार्यहरु प्राय सम्पन्न गरिसकेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । संविधानसभाको निर्वाचनमा सहभागीताका लागि जनता उत्साहित भईसकेका छन् । यस निर्वाचनलाई भयरहित र निस्पक्ष रुपमा सम्पन्न गर्नको लागि म यहाँहरु सबैलाइ सहयोग गर्न हार्दिक आग्रह गर्दछु । यसपालीको निर्वाचनमा विभिन्न प्राविधिक कारणले गर्दा गैरआवासीय नेपालीहरुलाई मतदानमा सहभागीता गर्न नसकिएता पनि तपाँईहरुको सहयोग र सदभाव हामीहरु प्रति सदैव भइरहने छ भन्ने विश्वास लिएको छु । अब भविष्यमा हुने निर्वाचनमा गैरआवासीय नेपलीहरुलाई विदेशमा आफूहरु बसैकै मुलुकबाट मतदान गर्ने व्यवस्था गर्न नेपाल सरकारले गृहकार्य गरिरहेको छ । संविधानसभाको निर्वाचन भएपछि मुलुकले नयाँ सविधान पाई मुलुक समुद्धि तर्फ लम्किने छ भन्ने मेरो विश्वास रहेको छ ।

नेपाल सरकारले अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने उद्योगी व्यवसायी/प्रतिष्ठानलाई महत्वपूर्ण व्यवसायी व्यक्तिको रुपमा सम्मान गर्ने प्रावधान रहेको हुँदा नेपाल सरकारको मापदण्ड अनुसार उत्कृष्ट गैरआवासीय नेपालीहरुलाई पनि पुरस्कृत गरिने छ जसबाट गैरआवासीय नेपालीहरुलाई थप उर्जा मिल्ने छ ।

अन्त्यमा, गैरआवासीय नेपाली अभियानको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै नवनिर्वाचित कार्य समितिका पदाधिकारीहरु बधाई दिंदै म यहाँ बाट विदा हुन्छु ।

धन्यवाद ।

## माननीय गृह तथा परराष्ट्र मन्त्री एवं छैटौं उच्चस्तरीय आयोजक समितिका संयोजक माधव प्रसाद घिमिरेको समापन मन्तव्यः

सर्वप्रथम त म यस छैटौं विश्व सम्मेलनको समापन सत्रमा हाम्रो निमन्त्रणा स्वीकार गरी यस सत्रको प्रमुख आतिथ्यता गरिदिनु भएकोमा म यस छैटौं गैरआवासीय नेपाली उच्चस्तरीय आयोजक समितिको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आभार प्रकट गर्दछु ।

सम्मेलन भव्यतापूर्वक सम्पन्न भएकोमा म सम्पूर्ण गैरआवासीय नेपालीहरुलाई बधाई दिन चाहन्छु र सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस सम्मेलनका विविध सत्रहरुमा भएका छलफलबाट निस्केका निचोडले नेपालको आर्थिक समृद्धिको लागि एउटा स्पष्ट मार्गदर्शन कोर्नमा सहयोग गरेको मलाई महशुस भएको छ । तपाँईहरु विश्वका जुनसुकै मुलकमा बसे पनि जुन सुकै पेशा गरे पनि तपाँईहरु पहिले नेपाली हुनुहुन्छ तपाँईहरुको मन सदैव आफ्नो मातुभूमी प्रति रहेको हुन्छ । नेपालको समृद्धि प्रति कटिबद्ध हुनुहुन्छ ।

गैरआवासीय नेपाली संघले भर्खरै आफ्नो १०औं वर्षगाँठ मनाउन सफल भएको छ । यस अवसरमा हिजो मात्र नेपाल सरकारले गैरआवासीय नेपाली संघलाई विधिवत रुपमा दर्ता गरेर यस अभियानलाई सहयोग गरेको छ । गैरआवासीय नेपाली संघ अब नयाँ सोचका साथ अधि बढ्दै नेपालको समृद्धिको मार्ग चित्र कोर्न सहयात्री बनेको छ ।

नेपाल सरकारले श्रम गन्तव्य मुलुकहरुमा श्रम सहचारी, नेपाली दूतावास र कुटनीतिक नियोग स्थापना गर्दै आएको छ र भविष्यमा पनि यसले निरन्तरता पाउने छ । हामीलाई यो पनि महशुस भएको छ कि

कतिपय नियोग र दूतावासहरुमा स्रोत साधन र कर्मचारीहरुको अभाव रहेको छ । भविष्यमा नेपाल सरकारले स्रोत साधन र कर्मचारीको अभाव रहेको ठाउँमा स्रोत साधानको पूर्ति र स्थानीय भाषा जानकार भएका कर्मचारीहरुको नियुक्ति गर्ने तयारी गरिरहेको छ ।

मैले हिजो नै भनिसके हस्तलिखित पासपोर्टलाई सन् २०१५ सम्ममा इपासपोर्ट लगिने जानकारी गराई सकें जसले गर्दा घण्टौं लाईनमा बसेर पासपोर्ट लिनुपर्ने झन्झट बाट मुक्त रहने छौं । यसै गरी श्रम गन्तव्य मुलुकमा रहेका नेपालीहरु जसले नेपाली जनसंख्याको १० प्रतिशतको प्रतिनिधित्व गर्दछन् संग जोडिएका र भोग्नु परेका समस्याहरुलाई न्युन गर्नको लागि वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित, सहज र सरलीकरण गर्न सरकार कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

यसरी नै मैले हिजौनै तपाँईहरुलाई जानकारी दिईसकेकी नेपालका मित्र राष्ट्रहरुमा By National Chamber of Commerce स्थापना गर्ने लक्ष्य सरकारको रहेको छ र यस कार्यमा सहयोग र सहकार्य गर्नका लागि म फेरी पनि तपाँईहरुलाई आग्रह गर्दछु । हिजो मैलेले एउट कुरा भन्न छुटेको रहेछ त्यो के भने प्रत्येक मुलुकको लागि Country Specific Economy Diplomacy Strategy बनाउने निर्णय परराष्ट्र मन्त्रालयले गरेको छ । यसका लागि विदेशमा रहेका नेपाली दूतावासंग समन्वय भईरहेको छ । स्वदैशमै रोजगारीको सृजना गर्ने तर्फ नेपाल सरकार कटिबद्ध रहेको छ । अब बन्ने संविधानसभाले नयां संविधानको निर्माण गरी मुलुकलाई स्थायीत्व प्रदान गरी मुलुक आर्थिक समृद्धि तिर चाडै नै लम्किने मेरो दृढ विश्वास रहेको छ ।

तपाँईहरुले समय समया उठाउँदै आउनु भएको दोहरो कर प्रणालीलाई उन्मुक्त बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको छ । सामूहिह लगानीलाई सहज र सरल बनाउन नेपाल सरकारले गृहकार्यहरु गरि रहेको छ । तपाँईहरुले घोषणपत्रमा वैदेशिक रोजागारबाट प्रभावित व्यक्तिहरुको लागि जुन राहत कोषको घोषणा गर्नु भएको छ यो कार्य निकै प्रशंसनिय छ । तपाँईहरु प्रति नेपाली जनताले ठूलो आशा राखेका छन् । मुलुकले स्थायीत्व नपाउँदा उनीहरु गरीवीको मारमा परेका छन्, जसले गर्दा उनीहरु कष्टकर जीवन धान्न बाध्य भएका छन् ।

तपाँईहरुले मुलुकको लागि थोरै लगानीमा दुई चारवटा कुरा गरेमात्र उनीहरु धन्य हुने थिए । जस्तो नेपालका विगट जिल्लाहरुमा स्वाथ्य शिविरहरु पुग्न सकेका छैन ती ठाउँहरुमा स्वास्थय शिविर संचालन गरेर धेरै गरिव जनताको स्वास्थ्यमा सुधार गर्न सक्नु हुने छ । त्यस्तै तपाँईहरुले विदेशमा रहेका आफ्ना छोराछोरीहरुलाई वर्षको एक चोटी भोलेन्टीयर युथको रुपमा नेपाल पठाएर यहाँका समुदायमा काम गर्नको लागि पठाउनु होस यसबाट उनीहरुले यहाँको रहनसहन, कला, संस्कृति थाहापाएर उनीहरुको मुलुक प्रतिको सामिप्यता अझ बढ्ने छ । यस्तै एक साथी घर पठाउ अभियान अन्तर्गत तपाँईहरुले आफुहरु बसेको मुलुकबाट मात्र १० जना पर्यटन नेपाल पठाउनु हुन्छ भने यसले नेपालको पर्यटन प्रवर्द्धनमा कायाँ पलट गरिदिन्छ । यसरी नै तपाँईहरुले आफु बसेको मुलुकमा नेपाल बुद्धको देश, सगरमाथाको देश र प्राकृतिक सौन्दर्यको देश भनेर प्रचार गरिरहनु भएको यसलाई अझ व्यापक रुपमा प्रचार गर्नु भयो भने नेपालको प्रवर्द्धन विश्वभरी फैलिने छ । तपाँईहरुले नेपालका सामानहरुका लागि बजार खाजेर नेपाल सरकारको सम्बन्धित निकायमा सूचना पठाएर सहयोग गर्न सक्नु हुने छ । यसमा तपाँईहरु आफैं विज्ञ हुनुहुन्छ मैले त्यति भनिरहनु पर्ने होइन ।

अन्त्यमा, म व्यक्तिगत रुपमा पदमा रहे पनि नरहे पनि तपाँईहरु प्रति मेरो सदभाव र सहयोग रहि रहने छ र नेपाल सरकार तपाँईहरु संग सदा सहकार्य र समन्वय गर्न तत्पर रहने छ भन्दै यो सम्मेलनको बसाई सुखद रहयो होला भन्दै म तपाँईहरुबाट विदा हुन्छु ।

अस्तु !

**निवर्तमान अध्यक्ष जीवा लामिछानेको समापन मन्तव्यः**

मन्त्रीपरिषदका अध्यक्ष सम्माननीय खिलराज रेग्मी ज्यू
विश्व सम्मेलन आयोजक समितिका संयोजक माननीय गृह तथा परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरे ज्यू
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्य ज्यू
गैरआवासीय नेपाली संघ(एनआरएनए)का संस्थापक अध्यक्ष उपेन्द्र महतो ज्यू
गैरआवासीय नेपाली संघ(एनआरएनए)का प्रमुख संरक्षक देवमान हिराचन ज्यू
गैरआवासीय नेपाली संघ(एनआरएनए)का संरक्षक ज्यूहरु
गैरआवासीय नेपाली संघ(एनआरएनए) अभियानका सहयात्री साथीहरु
र सञ्चारकर्मी मित्रहरु

एक दशक लामो गैरआवासीय नेपाली अभियानको अनवरत यात्रापछि गैरआवासीय नेपाली संघ ( एनआरएनए) को सक्रिय नेतृत्वबाट विदा लिन यो मञ्चमा उभिदा म निकै भावुक र गरुहुङ्गो महशुस गरिरहेको छु । गैरआवासीय नेपाली अभियानको सुरुवातदेखिनै म यस अभियानमा संलग्न भएर यहाँसम्म आइपुग्दा गर्व महसुश गरेको छु । चाहे मस्कोको चिसा साँझहरुमा हाम्रा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो र संस्थापक अन्तर्राष्ट्रिय संयोजक श्री भीम उदाससंग लामो छलफलमा होस्, चाहे विश्व सम्मेलनका बखत नेपालमा रातभरी हुने गरमागरम बहसमा होस् मैलै सधैजस्तो र सकेसम्म सबै कार्यक्रममा सहभागी हुने मौका पाएँ । यस अवधिमा मैले अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य र उपाध्यक्षको जिम्मा निभाए भने गत दुई वर्ष अध्यक्षको गरिमामय पदमा बसेर यस अभियानको नेतृत्व गर्ने अवसर तपाँईहरुले मलाई प्रदान गर्नुभयो । यो एक दशक कति छिटो वित्यो मलाई पत्तै भएन । यस अवधिमा मैले देश विदेशका साथीहरुसंग भेटेर अन्तरक्रिया गर्ने, नेपालीहरुसंग मित्रता गाँस्ने र विश्वमा छरिएर बसेका नेपालीका कथा व्यथा सुन्ने र बुझ्ने मौका पाएँ । यस्तो ऐतिहासिक मौका जीवनमा विरलै पाइन्छ यस अर्थमा म आफूलाई ज्यादै नै भाग्यशाली ठान्दछु ।

यी वर्षहरुमा मैलै जे जति काम गरे र गर्न सके त्यो संस्थापक अध्यक्ष, निवर्तमान अध्यक्ष, संरक्षकहरु, मेरा पदाधिकारी साथीहरु, नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, सञ्चारकर्मी मित्रहरुको सहयोग र सद्भावका कारण मात्र सम्भव भएको हो । यसमा हजारौं व्यक्तिहरु र सयौं संस्थाहरुको सहयोग छ । यहाँ मैले खास व्यक्तिको नाम लिन सकिन किनभने मलाई सहयोग गर्ने संस्था र व्यक्तिहरु धेरै हुनुहुन्छ ।

यी दश वर्षमा हाम्रो अभियान र हाम्रो संघले निकै ठूलो फड्को मारेको छ । सुरुमा हामीलाई दशैमा घर आएका विदेशिएका नेपालीहरुको भीड भनिन्थ्यो । दश वर्ष लामो यो यात्रामा हामीलाई पनि र नेपालमा बस्ने नेपालीलाई पनि यथार्थता अवगत भइसकेको छ । गैरआवासीय नेपालीका सीमितताका सम्वन्धमा आम नेपालीले बुझिसक्नु भएको छ भने गैरआवासीय नेपालीहरुमा पनि आफूले नेपालमा र नेपालका लागि केही गर्नुपर्छ भन्ने धारणा विकास भएको छ । हामी यथार्थको धरातलमा ओर्लिइसकेका छौ । अब

हामी थप जिम्मेवार भएका छौं र नेपाली समाजले हामीले धान्नै नसक्ने अपेक्षा पनि गर्नुहुने छैन भन्ने ठानेका छौ ।

अस्तिबाट गैरआवासीय नेपाली संघ नेपालमा विधिवत रुपमा दर्ता भएको छ । हिजै मात्र हामीले औपचारिक प्रमाणपत्र पनि पायौं । सायद मेरो कार्यकालको सबैभन्दा ठूलो उपलब्धी हो । गृहमन्त्री तथा परराष्ट्रमन्त्री माननीय माधवप्रसाद घिमिरेज्यूले भन्नुभएजस्तै हिजोको दिन गैरआवासीय नेपालीका लागि ऐतिहासिक दिन पनि हो जस्तो मलाई लागेको छ । तर, यसले गैरआवासीय नेपाली संघ माथि जिम्मेवारी पनि थपिएको छ । यस अर्थमा मैले नयाँ साथीहरुलाई अझ बढी भारी बोकाएर जाँदैछु ।

**एनआरएन साथीहरु,**

अघिल्ला पाँच कार्यकालमा हामीले सहमतिमा संघको नेतृत्व चयन गरेका थियौं । हुनत गत सम्मेलनहरुमा पनि संघका विभिन्न पदमा निर्वाचन नभएको होइन तर अन्त्यमा अध्यक्ष पद हामीले निर्विरोध छान्न सफल भएका थियौ । यो पटक हामीले प्रजातान्त्रिक तवरबाट निर्वाचन गरेरनै नयाँ नेतृत्वको चयन गर्‍यौं । चुनाव हुंदैमा गैरआवासीय नेपालीहरु आफ्नो पवित्र अभियानबाट पछि हट्दैनन् भन्ने सावित गर्‍यौं । हिजो र आजका सत्रहरुमा मैले चुनावपछिको तिक्तता पाइन । यसबाट संघको भविष्य उज्ज्वल छ भन्ने पुष्टी भएको छ । साथीहरुले प्रतिस्पर्धालाई निर्वाचनमा मात्र सीमित गर्नुभएको छ भन्ने प्रमाणित भएको मैले ठानेको छु । निर्वाचित साथीहरुलाई वधाई दिंदै प्रतिस्पर्धाबाट वाहिरिनुभएका साथीहरुलाई अझ सक्रिय भएर अभियानमा सरिक हुन अनुरोध गर्दछु । हाम्रो यात्रा अनवरत छ । विजय र पराजय फगत क्षणिक घट्ना हुन् । म फेरी मेरो कार्यसमितिका पदाधिकारीहरु रामेश्वर शाह, क्याप्टेन हितमान गुरुङ, तेन्जी शेर्पा, टि.वी कार्की, भवन भट्ट, डा. हेमराज शर्मा तथा क्षेत्रिय, महिला र युवा संयोजक र उपसंयोजकहरु सबैलाई धन्यवाद दिन चाहन्छु । उहाँहरुको सक्रिय सहयोग र सहभागीताले गैरआवासीय नेपाली अभियानलाई अझ अगाडी बढाउन सफल भएको ठानेको छु ।

संघको अध्यक्षमा मेरा मित्र श्री शेष घलेजी निर्वाचित हुनुभएको छ । उहाँ शालिन, शिष्ट, सभ्य र सुसंस्कृत हुनुहुन्छ । उहाँले आफुलाई नेपालमा र आफ्नो कर्मथलो अष्ट्रेलियामा एक सफल उद्यमीको रुपमा परिचित गराइसक्नु भएको छ । उहाँको उद्यमशीलता, व्यवसायिकता र नयाँ व्यवसाय सिर्जना गर्नसक्ने क्षमताबाट गैरआवासीय नेपाली संघले अवश्यक फाइदा उठाउनेछ भन्ने मैले विश्वास लिएको छु र आफुले सक्षम व्यक्तिहरुलाई यस संघरुपी तीस लाख गैरआवासीय नेपालीहरुको धरोहर सुम्पन पाएकोमा ज्यादै खुशी छु । नयाँ साथीहरुले नयाँ जोश र जांगरका साथ यस संघको गरिमालाई अझ उच्च धरातलमा पुर्‍याउनु हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

हाम्रो अभियान धेरै गैरआवासीय नेपाली अभियन्ताहरुको अथक परिश्रमको नतिजा हो । ती अभियन्ताहरुको सपना साकार पार्न अझै धेरै गर्न बांकी छ । म व्यक्तिगत रुपमा नेतृत्वमा नरहेपनि यस अभियानमा सधैं नजिक रहनेछु । मेरो अनुभव र सुझावहरु दिन सधैं तत्पर रहने प्रतिवद्धता गर्दछु । मैले सुरु गरेका कामहरुमा नेतृत्वमा रहंदा जस्तै नेपाल सरकार, नेपाली समाज, निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली साथीहरुको सहयोगले निरन्तरता पाउने आशा गरेको छु । यहाँहरुको सद्भाव र सहयोग सधैं आवश्यक रहनेछ । यहाँ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यजीको सहयोगको कदर गर्न चाहन्छु । उहाँले गैरआवासीय नेपाली संघको स्थापनामा

हौसला प्रदान गर्नेदेखि संघ दर्तासम्मको अभियानमा निरन्तर हामीलाई सहयोग र सद्भाव देखाउनुभयो । एउटा संयोगनै मान्नुपर्छ उहाँ र म पनि झन्डै संगसागैजसो नेतृत्वमा आयौं र संगसंगै जसो विदा हुंदैछौं । उहाँलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यस अभियानको नेतृत्व लिंदा मैले आफ्नो व्यवसाय र परिवारप्रति न्याय गर्न सकेको थिईन अब त्यसलाई परिपूर्ति गर्नेतर्फ लाग्नेछु । केही नयाँ काम गर्ने मेरो सोच छ र त्यसतर्फ मेरो ध्यान केन्द्रित गर्नेछु ।

**एनआरएन साथीहरु,**

यो वर्ष हाम्रो सम्मेलन र महाधिवेशन नयाँ तरिकाले गर्ने प्रयास हामीले गर्‍यौं । पहिलो दुई दिन हाम्रो अन्तर्राष्ट्रिय महाधिवेशनमा वित्यो भने अर्को दुई दिन विश्व सम्मेलन गर्‍यौं । पहिला दुई दिनमा रातभर हाम्रा साथीहरु जागै रहेपनि पछिल्ला दुई दिनमा कार्यक्रम हलमा उपस्थिती पातलिएको मैले अनुभव गरें । गहन विषयहरु माथि छलफल हुँदा उपस्थिती कम हुनु दुःखको कुरा भएपनि छलफलमा धेरै नयाँ कुराहरु उठेको र नयाँ उपक्रमहरु थालनी भएको अनुभुति गरेको छु । यी सत्रहरुमा सभापतित्व र सह-सभापतित्व गर्ने, छलफल समन्वयको जिम्मा लिने, कार्यपत्र प्रस्तुत गर्ने सबै जनामा मेरो र गैरआवासीय नेपाली संघको निवर्तमान हुन लागेको अन्तर्राष्ट्रिय समन्वय परिषद्का तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

त्यस्तै सम्मेलन सफल पार्न सहयोग गर्ने प्रायोजक, साझेदार, इभेन्ट पार्टनर र सहयोगीहरु लगायत अहोरात्र खटिने स्वयंसेवकहरु, संघ र महासंघका सचिवालयका साथीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै हाम्रो अहिलेसम्मको निरन्तरको साझेदार नेपाल सरकार, परराष्ट्र मन्त्रालय, विशेष गरी माननीय मन्त्रीज्यू एवं नेपाल उद्योग वाणिज्य महासंघ र विशेष गरी महासंघका अध्यक्षप्रति विशेष आभार व्यक्त गर्दछु ।

कुनैपनि सम्मेलन सफल पार्ने काम सबैभन्दा ठूलो भूमिका सम्मेलनका सहभागीहरुको हुन्छ । हाम्रो सम्मेलनमा ५० मुलुकका करिब एकहजार भन्दा बढी साथीहरुको सहभागीता रह्यो । हजारौं डलर खर्चिएर यहाँ आउनुभएका सबै सहभागीहरुमा मेरो र संघको तर्फबाट आभार व्यक्त गर्दछु । अस्सी वर्षका वृद्धवृद्धादेखि १८ वर्षका दोस्रो पुस्ताका तन्नेरीहरुसम्म, नेपाली र नेपालका विदेशी मित्रहरुको सहभागीताले हामीलाई अझ हौस्याएको छ । यो सहभागितालाई यस अभियान र संघ प्रति यहाँहरुको चासो र विश्वासको रुपमा लिएको छु । यो सहभागीताले अभियानको उज्ज्वल भविष्य सुनिश्चित गरेको मैले ठानेको छु ।

मेरो कार्यकालमा मैले माननीय परराष्ट्रमन्त्रीज्यू र उहाँहरुको सहयोग नभएको भए गएको १० वर्षमा संघको रुपमा नेपालमा काम गर्न सक्दैन थियौं । परराष्ट्र मन्त्रालयका उच्चपदस्थ अधिकारीहरुबाट अविस्मरणीय सद्भाव र सहयोग पाएँ । यस अवसरमा उहाँहरुलाई मुरी मुरी धन्यवाद टक्र्याउँदछु र आशा गर्दछु, नयाँ साथीहरुले पनि मैले जस्तै सहयोग निरन्तर पाइरहनुहुनेछ । यो अभियानको सुरुवातदेखिनै हामीलाई सहयोग गर्ने नेपाल आर्थिक पत्रकार समाज (सेजन) लाई पनि धन्यवाद दिन चाहन्छु । हाम्रा सबल र दुर्वल पक्षलाई औंल्याएर सही बाटोमा डोर्‍याउन सञ्चारकर्मी साथीहरुको निरन्तर सहयोगले हाम्रो अभियान अझै सशक्त हुने ठानेको छु । १० वर्ष राष्ट्र र समाजका लागि ठूलो

समय होइन । नेपाली समाजको समृद्ध बन्ने सपना साकार पार्ने अभियानको रुपमा आएको यस संघ र अभियानले नयाँ उचाई लिने विश्वास लिंदै औपचारिक रुपमा संघको अध्यक्षको भूमिकाबाट यहाँहरुसंग विदा माग्दछु । जय मातृभूमी, जय गैरआवासीय नेपाली संघ ।

धन्यवाद ।

**निर्वाचित अध्यक्ष शेष घलेको समापन मन्तव्यः**

सम्माननीय मन्त्रिपरिषद्का अध्यक्षज्यू, माननीय परराष्ट्रमन्त्रीज्यू, मन्त्रीज्यूहरु, अतिथिज्यूहरु, गैरआवासीय नेपाली अभियानका मेरा अग्रजहरु तथा बिश्वभरबाट यहाँ उपस्थीत हुनुभएका गैरआवासीय नेपाली साथीहरु,

सर्वप्रथम गैरआवासीय नेपाली संघको छैटौं अधिवेशनबाट मेरो नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गराउनुभएको सम्पूर्ण एनआरएन साथीहरुप्रति हार्दिक धन्यबाद तथा कृतज्ञता ज्ञापन गर्दछु । यहाँहरुकै उत्साह र पूर्ण समर्थनका कारण म यो संस्थालाई नेतृत्व गर्ने योजना लागेको थिए, अब त्यसलाई पूर्णता दिन र मैले बाचा गरेका कामहरु सफलतापूर्वक सम्पन्न गर्न पनि यहाँहरुको उत्तिकै उत्साह, साथ र समर्थनको आशा गरेको छु ।

एनआरएनको नेतृत्व चुन्न पहिलोपटक चुनावी प्रकृयामा जानुपर्ने अवस्था आयो । यो रहर नभई बाध्यता थियो । हामीले निकै मित्रवत र पूर्ण प्रजातान्त्रिक बिधिबाट नेतृत्व चयन गऱ्यौं । नेतृत्व चयनका लागि आफ्नो उम्मेदवारी फिर्ता लिएर मलाई समर्थन गर्नुहुने अध्यक्ष पदका अन्य प्रत्यासी साथीहरुप्रति म हार्दिक आभार प्रकट गर्न चाहान्छु । हार र जीत जे भएपनि यो प्रकृयालाई आजैदेखि बिर्सिएर एनआरएनलाई पूर्णरुपमा एकताबद्ध, संस्थागत र दिगो बनाइ लैजान सवैसंग मिलेर काम गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

एकता र समावेशी एनआरएनका लागि मैले झण्डै ५ महिनाअघि थालेको अभियानको औपचारिक सुरुवात आजदेखि भएको ठानेको छु । उम्मेदवारीका दौरान मैले जे जति बाचा गरेको थिएँ, ती काम पुरा गर्न म पूर्णरुपमा प्रतिबद्ध रहनेछु र यहाँहरुले मेरो काँधमा राखिदिनुभएको जिम्मेवारीलाई म कुशलतापूर्वक बहन गर्ने छु ।

एनआरएन अभियानको १० बर्ष पुरा हुँदै गर्दा हामीले अब काम गरेरै देखाउनुपर्ने चुनौती हाम्रा सामु छ । त्यो चुनौतीलाई सामना गर्न गैरआवासीय नेपाली संघलाई बिश्वसनीय संस्थाका रुपमा स्थापित गर्न यहाँहरु सवैबाट मैले पूर्ण सहयोगको अपेक्षा गरेको छु ।

यसै अधिवेशनदेखि गैरआवासीय नेपाली संघ दर्ता भई प्रमाणपत्रसमेत पाउन सफल भएका छौं । यसका लागि म नेपाल सरकार, परराष्ट्र मन्त्रालय, दर्ता प्रकृयामा निरन्तर खटिनुहुने अघिल्ला कार्यसमितिहरु र विधान संसोधनका लागि म्याण्डेट दिनुहुने गैरआवासीय नेपाली प्रतिनिधिहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु । आगामी दिनमा पनि नेपाल सरकारसंग निरन्तर समन्वय र सहकार्य गरी गैरआवासीय नेपालीहरुले बिदेशमा आर्जन गरेको पूँजी र सीप नेपाल भित्राउन क्रियाशिल हुने प्रतिबद्धता ब्यक्त गर्दछु ।

**नेपालीका लागि लागि नेपाली** भन्ने नाराका साथ सुरु गैरआवासीय नेपाली अभियानले अघि सारेका एजेण्डालाई अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गर्दछु । बिदेशमा आर्जित सीप र पूँजी नेपाल भित्राउने गैरआवासीय नेपालीको मूलमन्त्रलाई कार्यन्वयन गर्न मेरो सम्पूर्ण समय र शक्ति लगाउने बाचा गर्दछु ।

अन्त्यमा,

छैटौं विश्व सम्मेलन सम्पन्न गर्न निरन्तर खटिनुभएका उच्चस्तरीय आयोजक समितिका संयोजक माननीय परराष्ट्रमन्त्रीज्यू लगायत समितिका सदस्यहरु, संस्थाका निर्वतमान अध्यक्ष जीवा लामिछानेज्यू र उहाँको नेतृत्वको कार्यसमिति, संस्थापक अध्यक्षज्यू, संरक्षकज्यूहरु, निर्वाचन समिति, सचिवालयका कर्मचारीहरु, स्वयंसेवक, स्पोन्सर, सहयोगी संस्थाहरु, संचारमाध्यम, र बिशेषगरी बिश्वका ५० भन्दा बढि मुलुकबाट सम्मेलनमा सहभागी हुन आउनुभएका गैरआवासीय नेपाली प्रतिनिधिहरु सवैमा हार्दिक आभार प्रकट गर्दछु ।

जननी जन्मभूमी स्वर्गादपी गरीयसी,
जय एनआरएन,
जय मातृभूमी,

धन्यवाद ।

Closing Remarks by Mr. Suraj Vaidya – FNCCI President
















LIKE A BOSS
Just cooling off








ELECTION










SUPERGIRL


Before and after the Conference




I am getting too old for this




Now I can relax



*अनुसूची - ८*

**विश्वसम्मेलनको आय व्यय विवरण :**

## 6TH NRNA INTERNATIONAL CONVENTION & GLOBAL CONFERENCE 2013

**Income Summary**

| SN | Heads | Amount (Rs.) |
|---|---|---|
| 1 | Registration | 8,974,906.58 |
| 2 | Sponsorship | 7,585,171.25 |
| 3 | Election Nomination | 2,723,800.00 |
| 4 | Misc Income | 12,500.00 |
| | **Total Income** | **19,296,377.83** |

**Expenses Summary**

| SN | Heads | Amount (Rs.) |
|---|---|---|
| 1 | Conference Materials Expenses | 3,027,414.00 |
| 2 | Food & Refreshments Expenses | 4,753,319.20 |
| 3 | Stage Décor & Audio-Visual Expenses | 632,949.00 |
| 4 | Rental & Other Services Expenses | 893,018.00 |
| 5 | Preparatory Expenses | 640,685.00 |
| 6 | Host, Media & Reports Expenses | 88,236.00 |
| 7 | Miscellaneious Expenses | 1,182,817.21 |
| | **Total Expenses** | **11,218,438.41** |

**Total Savings(Rs.)** **8,077,939.42**